# उद्योग वाणिज्य सन्देश

## विशेष बुलेटिन २०८०

(वार्षिक प्रगति प्रतिवेदन)



५७ औं

**वार्षिक साधारण सभा एवं अधिवेशन**

२०८० पौष २१ र २३ गते


**उद्योग वाणिज्य संघ-चितवन**

नारायणीमार्ग, नारायणगढ, चितवन



ISO 9001:2015 quality austria central asia Succeed with Quality

# Chamber Guest House

**Bharatpur-1, Narayangarh, Chitwan, Nepal**

Under the Management of

**Chamber of Commerce & Industry-Chitwan**

ISO 9001:2015 Certified Organisation



## ACCOMMODATION & FACILITIES :

1/2 Km. away from Pulchowk, Narayangarh on the river side.

## AMENITIES


- 6 well furnished rooms
- Ac/ Attached / Common bathrooms
- Excellent River View from all the rooms
- Special room with private terraces
- Car parking facility
- Intercome Phone Service, Hot water Facilities
- STD/ISD services
- Training Hall, Conference Hall and Kitchen
- A beautiful lawn suitable for programmes & parties

**For further details contact:**

**Chamber of Commerce & Industry-Chitwan**
Narayani Marga, Narayangarh, Chitwan, Nepal
Tel: -056-596108 / 596208 / 596308
E-mail: info@ccicchitwan.org.np
URL: www.ccichitwan.org.np

## GETTING THERE :

- Nearest Airport : Bharatpur ( 2.5 Km. ), Meghauli ( 25 Km. )
- By Air : Connected by daily flights from Kathmandu, 10 minutes drive from Bharatpur airport.
- By Road : Kathmandu ( 146 Kms.), Pokhara ( 125 Kms. )
  Butwal ( 114 Kms. ), Hetauda ( 78 Kms. ), Birganj ( 130 Kms. )




**प्रकाशकः**

# उद्योग वाणिज्य संघ-चितवन

भ.म.न.पा.-१, नारायणीमार्ग, नारायणगढ, चितवन

फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

E-mail: info@ccichitwan.org.np, ccicchitwan@gmail.com

Website: www.ccichitwan.org.np

---

**मुद्रणः**

**कालिका प्रिन्टिङ्ग एण्ड प्याकेजिङ्ग प्रा.लि.**

लाङ्घाली चोक, रामघाट, चितवन, फोनः ०५६-५७१५४२,४१२२७८


अब सोच्दै नसोचेको
SPEED मा !
1000 Mbps
XGPON प्रविधिमा आधारित नेपाल टेलिकमको NT FIBER
HIGH SPEED INTERNET को मज्जा लिनुहोस् ।
1 Gbps SPEED
1-IPTV | Unlimited Voice
वार्षिक प्याकेज मात्र रू.१,१०,०००/-
जडान तथा मर्मतको लागि
सम्पर्क नम्बर
198
नेपाल टेलिकम
XGPON प्रविधिमा आधारित नेपाल टेलिकमको
NT FIBER HIGH SPEED INTERNET को मज्जा लिनुहोस्।
500 Mbps SPEED
1-IPTV | Unlimited Voice
वार्षिक प्याकेज मात्र रू.८०,०००/-
जडान तथा मर्मतको लागि
सम्पर्क नम्बर
198
नेपाल टेलिकम
www.ntc.net.np
instagram.com/nepaltelecomofficial
facebook.com/NepalTelecom.NT
twitter.com/ndcl_nt


स्याण्डविच होम सोलुसन प्रा.लि.
SANDWICH HOME SOLUTION PVT. LTD.
IAF
"An ISO Certified Company"
भरतपुर-५, चितवन फोन नं. ०५६-४१८१७५, अफिस काठमाडौं, थापागाउँ फोनः ०१-५२४४२६१
Website: www.sandwichhome.np
PUF ROOFING PANEL
PUF WALL PANEL
POLYCARBONATE SHEET
POLYCARBONATE SHEET
C & Z PURLIN
TILE SHAPED ROOFING SHEET
स्याण्डविच पफ प्यानलको प्रयोग गरि स्कुल, कलेज, हस्पिटल, कलकारखाना, प्रोजेक्ट अफिस, आर्मी क्याम्प, मसरुम फार्म, कोल्ड स्टोर आवसीय/कार्यालय भवन, पोल्ट्री फार्म लगायतका संरचना निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
स्वदेशमै उत्पादित

मा.डा.प्रकाश शरण महत
अर्थमन्त्री

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल



२०८० पुष ११

## शुभकामना

उद्योग वाणिज्य संघ चितवनले यहि मिति २०८० पौष २१ र २३ गते आफ्नो ५७ औं बार्षिक साधारण सभा एवं अधिवेशन सम्पन्न गर्न लागेको अवसरमा सम्बन्धित सबैमा हार्दिक बधाई तथा उक्त कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्दछु। यस अवसरमा संघले आफ्ना गतिविधि एवं लेख रचना समेटी "विशेष बुलेटिन-२०८०" प्रकाशन गर्न लागेको अवसरमा सो प्रकाशनको पूर्ण सफलताको कामना व्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरे अनुसार तिव्र र दिगो आर्थिक विकासका लागि उद्योग तथा वाणिज्यको क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ। उद्योग तथा बाणिज्य क्षेत्रले समग्र विकासमा सरकारको सहयात्रीको रुपमा हातेमालो गर्दै अघि बढ्नेछ भन्ने आशा व्यक्त गर्दै बाणिज्य क्षेत्रको व्यापार विस्तार, रोजगारी सिर्जना, आर्थिक बृद्धि तथा उद्यमशिलता अभिबृद्धि हुने गरी समन्वयात्मक तवरले थप कार्य गर्नु हुनेछ भन्नेमा विश्वस्त छु।

अन्त्यमा, विगतको अनुभवलाई आत्मसाथ गर्दै अझ उज्वल भविष्यको यात्रा तय गर्न उद्योग वाणिज्य संघ, चितवन परिवार, सेवाग्राही तथा सरोकारवालाहरु सबैलाई अनुरोध गर्दै आफ्नो भुमिका, जिम्मेवारी र लक्ष्यमा यस उद्योग वाणिज्य संघ सदैव अघि बढिरहोस भन्ने शुभकामना व्यक्त गर्दछु।

डा. प्रकाश शरण महत
अर्थमन्त्री

टेलिफोन नं: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेबसाईट: www.mof.gov.np

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

P.O. Box : 269
Sahid Sukra
FNCCI Milan Marg, Pachali
Teku, Kathmandu, Nepal
Tel. : 4262061, 4262218, 4266889
Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np
http://www.fncci.org



## शुभ-कामना

व्यावसायिक एकता, सामाजिक सद्भाव र स्थानीय आर्थिक एवं औद्योगिक विकासमा निरन्तर ६ दशकदेखि क्रियाशिल एउटा इतिहास स्थापित गर्न सफल उद्योग वाणिज्य संघ, चितवनले, आफ्नो ५७ औं वार्षिक साधारण सभा एवं अधिवेशन यही पौष २१ देखि २३ गतेसम्म विविध कार्यक्रमका साथ आयोजना गर्न लागेको जानकारी पाउंदा मलाई अत्यन्त खुशी लागेको छ ।

यस अवसरमा संघका संस्थापक, वर्तमान तथा पूर्व पदाधिकारीहरू, कार्य समिति सदस्यहरू लगायत संघमा जोडिनु भएका सम्पूर्ण उद्यमी व्यवसायी साथीहरूमा हार्दिक बधाई एवं शुभ-कामना दिन चाहान्छु । संघलाई आजको उचाईमा पुरयाउन यहांहरूले निर्वाह गर्नुभएको भूमिकाको उच्च प्रशंसा गर्दछु ।

प्रारम्भमा आफ्ना क्षेत्रका उद्यमी व्यवसायीहरूको हक हित संरक्षणको उद्देश्यले मात्र स्थापना भएका उद्योग वाणिज्य संघहरूको भूमिका पछिल्लो पटक अझ गहन हुदै गएको छ । विशेषगरी पछिल्लो पटक उद्योग वाणिज्य संघहरूको भूमिका स्थानीयतहमा उद्योग व्यवसायको प्रवर्द्धन, उद्यमी व्यवसायीका समस्या समाधान, स्थानीय जनतालाई अर्थतन्त्रको मूल प्रवाहमा समाहित गराउने र सामाजिक कार्य आदिमा समेत विस्तार भएको छ । स्थानीय तहमा उद्यमी व्यवसायीलाई परेका समस्याका सम्बन्धमा सम्बन्धित ठाउँमा सशक्तरूपमा कुरा पुऱ्याई त्यसको समाधानमा समेत संघहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । उद्योग वाणिज्य संघहरूको यो सबैभन्दा सशक्त पक्ष हो र जसका कारण संघहरूको लोकप्रियता पनि दिनानुदिन बढ्दै गएको छ ।

वार्षिक साधारण सभा एवं अधिवेशन संघको विगतलाई समीक्षा गर्दै भावी कार्यदिशा तय गर्ने विशेष दिन पनि हो । साधारण सभाका अवसरमा संघको हालसम्मका प्रगति, आरोह अवरोहका वारेमा छलफल गर्नुहोस, संघका भावी कार्यक्रमहरू ल्याउनुहोस, स्थानीय तहमा संघको उपस्थितिलाई अझ मजवुद बनाउन यहाँहरूलाई सफलता मिल्दै जाओस मेरो शुभकामना । यस अवसरमा प्रकाशन हुने **विशेष बुलेटिनमा** संघबाट सम्पन्न भएका महत्वपूर्ण गतिविधिहरूका साथै संघको अनवरत यात्राका आरोह अवरोहरूलाई झल्काउने सामग्रीहरू समेत समेटिने मेरो विश्वास छ ।

**अन्त्यमा, ५७ औं वार्षिक साधारण सभा विशेष बुलेटिन प्रकाशन कार्यको पूर्ण सफलताको लागि हार्दिक शुभकामन गर्दछु ।**



(चन्द्र प्रसाद ढकाल)
अध्यक्ष

**मिति २०८०/०९/०८ आइतवार**

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal



## शुभकामना !!

व्यवसायीक एकता, सामाजिक सद्भाव तथा आर्थिक एवं औद्योगिक विकासका ६ दशक भन्दा लामो इतिहास बोकेको उद्योग वाणिज्य संघ–चितवनको ५७ औं वार्षिक साधारण सभा मनाउन सफल भएकोमा खुशी व्यक्त गर्दै साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्दछु। वार्षिक साधारण सभाको शुभ–अवसरमा संघले गरेका बिभिन्न गतिविधिहरु लगायत व्यवसायीक लेख तथा रचनाहरु समेट्दै विशेष बुलेटिन–२०८० पुस्तिका प्रकाशन गर्न लागेकोमा उक्त प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु। ।

निजि क्षेत्रको अग्रणी संस्था उद्योग वाणिज्य संघ–चितवनले जिल्लाका उद्यमी व्यवसायीहरुको हक, हितको संरक्षण, संवर्द्धन तथा प्रर्वद्धन गर्दै जिल्लाको समग्र विकास लगायत राष्ट्रको आर्थिक उन्नतिमा संघले महत्वपूर्ण भूमिका खेलेकोमा खुसि व्यक्त गर्दछु। यस क्षेत्रका उद्यमी व्यवसायीहरुको आवाजलाई बुलन्द बनाउंदै जिल्लाको आर्थिक सामाजिक एवं शैक्षिक विकासका लागि संघले आफ्नो क्षमताले भ्याएसम्म तथा सम्बन्धित निकायहरु संगको पहल कदमी एवं पैरवी गर्दै आफ्ना गतिविधिहरुलाई निरन्तरता दिने विश्वास लिएको छु।

यस ५७ औं वार्षिक साधारण सभाको अवसर पारेर प्रकाशन हुन लागेको प्रगति प्रतिवेदन पुस्तिका भविष्यमा अध्ययन र अनुसन्धानको क्षेत्रमा लाग्नेहरुको लागी एक दस्ताबेजको रूपमा समेत रहने विश्वास लिएको छु। यस संस्थाका गतिविधिहरू जानकारी राख्न चाहनेहरूका लागि समेत उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद।

मितिः २०८०/०८/१८

..................
(रेनु दाहाल)
नगर प्रमुख

056-515771, 511013, 511467, 511083

# जिल्ला समन्वय समितिको कार्यालय चितवन

भरतपुर,
बागमती प्रदेश, नेपाल ।

प.सं.
च.नं.:

मिति: २०८०/०८/२८



**!!! शुभकामना !!!**

व्यवसायीक एकता, सामाजिक सद्भाव तथा आर्थिक एवं औद्योगिक विकासका ६ दशक भन्दा लामो इतिहास बोकेको यस उद्योग वाणिज्य संघ चितवनको ५७ औ वार्षिक साधारण सभा एवं अधिवेशनको हार्दिक मंगलमय शुभकामना व्यक्त्त गर्दछु ।

संघले उद्यमी व्यवसायीहरुको हक हितको संरक्षण संगै चितवन जिल्लाको मात्रै नभई मुलुककै आर्थिक गतिविधि र उन्नतिमा महत्वपुर्ण योगदान पुर्याउदै आएको छ । उपभोत्ताको अधिकार तथा नागरिक सरोकारमा सचेत रहेको संघको तर्फबाट प्रकाशित हुने विशेष बुलेटिन-२०८० समग्र जिल्लाको आर्थिक गतिविधिको दर्पण तथा गर्विलो ईतिहास बोकेको दस्तावेज बन्ने छ । यस उद्योग वाणिज्य संघको ५७ औ वार्षिक साधारण सभा एवं अधिवेशनको अवसरमा संघका अध्यक्ष, पदाधिकारी, पुर्व अध्यक्षज्यूहरु, सदस्यज्यूहरु एवं कर्मचारीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै साधरण सभाको पुर्ण सफलताको कामना गर्दछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख
जिल्ला समन्वय समिति चितवन

फोन नं.: ०५६-५२०१४७,५२०३३२
Email: chitwandcc@gmail.com
Webside: www.dccchitwan.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चितवन

फोन: ०५६- ४९०८४४
०५६- ४९०४९८
०५६- ४९०१४५
०५६- ४९०२४५

पत्र संख्याः-

चलानी नं.:-

मिति २०८० पौष २



## शुभकामना

उद्योग वाणिज्य संघ चितवनले मिति २०८० पौष २१ र २३ गते आफ्नो ५७ औँ बार्षिक साधारण सभा एवं अधिवेशन सम्पन्न गर्न गइरहेको खबर थाहा पाँउदा ज्यादै खुसी लागेको छ। ६ दशकभन्दा लामो ईतिहास बोकेको संघले यस क्षेत्रका उद्यमी व्यवसायीहरुको आवाजलाई बुलन्द बनाउँदै उद्योग, व्यापार र श्रम क्षेत्रका व्यवसायीहरुको हित संरक्षण तथा प्रवर्द्धन गर्ने, निजी क्षेत्रलाई सामाजिक कार्यमा उत्तरदायित्व निर्बाह गर्ने एवं आफ्ना सदस्यहरूमा समेत चेतना अभिवृद्धि गर्ने लगायतका प्रयासहरु ज्यादै सह्रानीय छ। सरकारी तथा गैरसरकारी संस्थाहरूलाई समन्वय गर्ने; आफ्ना सदस्यहरूलाई आवश्यकतामा आधारित सेवाहरू प्रदान गर्ने; उद्योग, व्यापार र श्रमका क्षेत्रमा मध्यस्थता सेवा प्रदान गर्ने; जिल्लाको आर्थिक सामाजिक एवं शैक्षिक विकासका लागि सम्बन्धित निकायहरुसँग पहल कदमी एवं पैरवी गर्ने कार्यहरुमा संघले अग्रणी भूमिका खेल्नेछ भन्ने अपेक्षा लिएको छु।

५७औँ बार्षिक साधारण सभा एवं अधिवेशनकै अवसर पारेर संघले आफ्ना गतिविधि एवं लेख रचना समेटी **"विशेष बुलेटिन -२०८०"** प्रकाशन गर्न लागेको अवसरमा सो प्रकाशनको पूर्ण सफलताको कामना गर्दै उद्योग, व्यापार र श्रम क्षेत्रका व्यवसायीहरुको हित संरक्षण तथा प्रवर्द्धन गर्दै संघले राष्ट्रको समग्र उन्नतीमा अझ बढी योगदान दिन सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी

**भूपेन्द्र थापा**
प्रमुख जिल्ला अधिकारी


NEPO
फर्निचर
निरन्तर अगाडि यात्रा
तपाईंको साथमा......
CHANGE YOUR LIFESTYLE!
OFFICE FURNITURE
HOUSEHOLD FURNITURE
LIVINGROOM FURNITURE
IMPORT FURNITURE
Free Delivery
High Quality Satisfaction
An iso 9001:2015 Certified Company
BIFMA
Mainroad-1,Narayangarh,Chitwan,Nepal / PH: 056-598888,598999, Email: nepofurniture@gmail.com
Customer Care: 056-598000 / web: www.nepofurniture.com / Facebook:@nepofinishingindustry



स्वास्थ्य सम्बन्धी सम्पूर्ण विशेषज्ञ सेवाहरू
अब एउटै भवनबाट
NATIONAL CITY HOSPITAL
नेशनल सिटी हस्पिटल लिमिटेड
National City Hospital Ltd.
भरतपुर-१०, चौबिसकोठी, चितवन
फोन : ०५६-४९३५११, ४९३६११, ४९३७११

# उद्योग वाणिज्य संघ-चितवन

## कार्यसमिति २०७८/०८०



**श्री चुननारायण श्रेष्ठ**
अध्यक्ष
संयोजक,
जिल्ला/नगर/प्रदेश चेम्बर/महासंघ तथा संघीय, प्रान्तिय एवं स्थानीय निकाय समन्वय समिति



**श्री राजु श्रेष्ठ**
निवर्तमान अध्यक्ष
संयोजक
नारायणी नदी किनार एवं सहरी विकास तथा वैदशिक लगानी प्रबर्द्धन समिति



**श्री सुमनकुमार श्रेष्ठ**
वरिष्ठ उपाध्यक्ष
संयोजक
कर तथा राजश्व



**श्री चिरञ्जीवी सुवेदी**
प्रथम उपाध्यक्ष
संयोजक
लेखा/वित्तीय योजना समिति



**श्री राजेन्द्र ओली**
द्वितीय उपाध्यक्ष
संयोजक
सचिवालय व्यवस्थापन तथा परियोजना समन्वय समिति



**श्री सिरिष पन्त**
तृतीय उपाध्यक्ष
संयोजक
वस्तुगत संघ/उपसमिति/ कर्पोरेट समन्वय समिति




**श्री अशोक अधिकारी**
का.स.स.
संयोजक
पर्यटन प्रवर्द्धन समिति



**श्री इमान्दु बराल**
का.स.स.
संयोजक
अतिथि गृह, बहुउद्देश्यीय भवन व्य. समिति



**ई. कृष्णप्रसाद रिजाल**
का.स.स.
संयोजक
भौतिक निर्माण समिति



**श्री योगिता पिया**
का.स.स.
संयोजक
तालिम तथा गोष्ठी व्यवस्थापन समिति



**श्री रुद्र सुवेदी**
का.स.स.
संयोजक
उद्योग तथा निर्यात प्रवर्द्धन समिति



**श्री लिलबहादुर क्षेत्री**
का.स.स.
संयोजक
खेलकुद तथा युवा स्वरोजगार समिति



**श्री राजन पिया**
का.स.स.
संयोजक
अध्ययन भ्रमण,स्थानीय आर्थिक विकास समिति



**श्री दिपा शाही**
का.स.स.
संयोजक
घरवहाल कर तथा मेलमिलाप समिति



**श्री ज्ञानुप्रसाद न्यौपाने**
का.स.स.
संयोजक
ट्राफिक एवं अटोल्याण्ड समिति



**श्री नारायण प्रधान**
का.स.स.
संयोजक
सदस्यता अभिवृद्धि समिति



**श्री थिरप्रसाद घिताल**
का.स.स.
संयोजक
कृषि प्रवर्द्धन तथा कृषि उद्यम समिति

# उद्योग वाणिज्य संघ-चितवन


## कार्यसमिति २०७८/०८०


श्री धनप्रसाद पोखरेल
का.स.स.
संयोजक
स्वास्थ्य तथा वातावरण व्यवस्थापन समिति


डा. जीवनकुमार श्रेष्ठ
का.स.स.
संयोजक
बैंक,वित्तीय, वीमा तथा सहकारी संस्था स. समिति


श्री रजनी मास्के
का.स.स.
संयोजक
महिला सरोकार एवं सशक्तीकरण समिति


श्री गुणराज पौडेल
का.स.स.
संयोजक
बजार अनुगमन व्यवस्थापन समिति


श्री जनक पौडेल
का.स.स.
संयोजक
लगानी प्रवर्द्धन समिति



श्री सन्तोष जनक भुषाल
का.स.स.
संयोजक
सूचना, सञ्चार तथा प्रविधि समिति


श्री रविन्दकुमार श्रेष्ठ
का.स.स.
संयोजक
बजार व्यवस्थापन तथा व्यापार प्रवर्द्धन समिति


श्री पूर्णिमा श्रेष्ठ
का.स.स.
संयोजक
महिला उद्यमी विकास समिति


श्री रेशमलाल आचार्य
का.स.स.
संयोजक
क्षेत्रीय संघ समन्वय समिति


श्री विज्ञानलाल श्रेष्ठ
का.स.स.
संयोजक
प्रकाशन समिति


श्री राजकुमार कानु
का.स.स.
संयोजक
प्राकृतिक प्रकोप तथा राहत समिति


श्री सुनिता कर्माचार्य
का.स.स.
संयोजक
सामाजिक उत्तर दायित्व समिति



डा. रेवन्त भट्टराई
विशिष्ट सदस्य


डा. विश्व सुवेदी
विशिष्ट सदस्य


श्री निर्मल शर्मा
विशिष्ट सदस्य


डा. मनोहर प्रधान
विशिष्ट सदस्य


अधिवक्ता श्री राजकुमार श्रेष्ठ
कानुनी सल्लाहकार



श्री रामजीप्रसाद अधिकारी
राजस्व सल्लाहकार

# उद्योग वाणिज्य संघ-चितवन

## पूर्व अध्यक्षहरू


स्व. सूर्यनारायण पिया
अध्यक्ष (२०१६-२०१९, २०२०-२०२२)


स्व. हिरालाल प्रधान
अध्यक्ष (२०१९-२०२०)


स्व. कृष्णबन्धु पिया
अध्यक्ष
(२०२२-२०२६, २०२८-२०३६, २०४१-२०४४)


श्री के. एल. भूषण
अध्यक्ष (२०२६-२०२८)


स्व. चन्द्रलाल श्रेष्ठ
अध्यक्ष (२०३६-२०४१)


श्री महेन्द्रलाल प्रधान
अध्यक्ष (२०४४-२०४७, २०४९-२०५२)


स्व. श्रीनारायण पिया
अध्यक्ष (२०४७-२०४९)


श्री देशीराम प्रधान
अध्यक्ष (२०५२-२०५४)


श्री रामप्रसाद श्रेष्ठ
अध्यक्ष (२०५४-२०५६)


श्री प्रचण्डलाल प्रधान
अध्यक्ष (२०५६-२०५८)



श्री रमेशकुमार पिया
अध्यक्ष (२०५८-२०६०)


श्री मदनलाल जोशी
अध्यक्ष (२०६०-२०६२)


श्री उदयकुमार श्रेष्ठ
अध्यक्ष (२०६२-२०६४)


श्री मित्रराज दवाडी
अध्यक्ष (२०६४-२०६६)


श्री उत्तमलाल चुके
अध्यक्ष (२०६६-२०६८)


डा. तिलचन्द्र भट्टराई
अध्यक्ष (२०६८-२०७०)



श्री कल्याण जोशी
अध्यक्ष (२०७०-२०७२)



श्री राजन गौतम
अध्यक्ष (२०७२-२०७४)



श्री सहनलाल प्रधान
अध्यक्ष (२०७४-२०७६)

# उद्योग वाणिज्य संघ-चितवन


## संस्थापक कार्यसमिति



**स्व. सूर्यनारायण पिया**
सभापति



**स्व. कृष्णबन्धु पिया**
सचिव


**स्व. श्यामकृष्ण प्रधान**
कोषाध्यक्ष



**स्व. बटुकलाल प्रधान**
सदस्य


**स्व. चिमकाजी प्रधान**
सदस्य


**स्व. मथुराप्रसाद गुप्ता**
सदस्य


**स्व. बुद्धिमान श्रेष्ठ**
सदस्य


**श्री दानबहादुर श्रेष्ठ**
सदस्य


**स्व. आशारत्न बज्राचार्य**
सदस्य



**श्री वसन्तलाल चुके**
सदस्य


**स्व. श्यामकुमार प्रधान**
सदस्य

# उद्योग वाणिज्य संघ-चितवन

## ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशन

### मूल समिति



संरक्षक
**श्री चुननारायण श्रेष्ठ**
अध्यक्ष



मूल संयोजक
**श्री विज्ञानलाल श्रेष्ठ**
मूल समिति
संयोजक प्रकाशन समिति



सदस्य
**श्री सहनलाल प्रधान**
संयोजक
उत्कृष्ट युवा उद्यमी छनोट समिति



सदस्य
**श्री सुमनकुमार श्रेष्ठ**
संयोजक
प्रस्ताव समिति



सदस्य
**श्री चिरञ्जीवी सुवेदी**
संयोजक,आर्थिक/उत्कृष्ट
पत्रकार छनोट समिति




सदस्य
**श्री राजेन्द्र ओली**
संयोजक, सचिवालय व्य. र
उत्कृष्ट कर्मचारी छनौट समिति



सदस्य
**श्री नारायण प्रधान**
संयोजक
रजिष्ट्रेशन समिति



सदस्य
**श्री जनक पौडेल**
संयोजक
खाना व्यवस्थापन समिति



सदस्य
**श्री योगिता पिया**
संयोजक
स्वागत सत्कार समिति



सदस्य
**श्री राजन पिया**
संयोजक
किट व्याग/विज्ञापन समिति



सदस्य
**श्री पूर्णिमा श्रेष्ठ**
संयोजक
मञ्च व्यवस्थापन समिति



सदस्य
**अधिवक्ता श्री राजकुमार श्रेष्ठ**
संयोजक
निर्वाचन समिति



सदस्य-सचिव
**श्री निलबहादुर केसी**
कार्यकारी निर्देशक



सल्लाहकार
**श्री राजु श्रेष्ठ**
निवर्तमान अध्यक्ष



सल्लाहकार
**श्री सहनलाल प्रधान**
पूर्व अध्यक्ष



सल्लाहकार
**श्री उत्तमलाल चुके**
पूर्व अध्यक्ष



सल्लाहकार
**श्री कल्याण जोशी**
पूर्व अध्यक्ष

# उद्योग वाणिज्य संघ-चितवन

## ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशन



### प्रकाशन समिति



संरक्षक
श्री चुननारायण श्रेष्ठ
अध्यक्ष



संयोजक
श्री विज्ञानलाल श्रेष्ठ
कार्यसमिति सदस्य



सदस्य
श्री शिवप्रसाद ओझा



सदस्य
श्री दुर्गा प्रसाद गौतम



सदस्य
श्री रोहित कुमार श्रेष्ठ



सदस्य
श्री यमप्रसाद घिमिरे



सदस्य
श्री उद्धव जोशी



सदस्य
श्री महादीप श्रेष्ठ



सल्लाहकार
श्री राजेन्द्र ओली



सल्लाहकार
श्री सिद्धार्थलाल चुके



सल्लाहकार
श्री रामशरण सिलवाल



सदस्य–सचिव
श्री गणेश सुवेदी

# उद्योग वाणिज्य संघ-चितवन

## वर्तमान कर्मचारीहरूको विवरण


**श्री निलबहादुर के.सी.**
कार्यकारी निर्देशक


**श्री गणेश सुवेदी**
कार्यक्रम/सदस्यता व्यवस्थापन अधिकृत


**श्री डम्मरराज गौतम**
लेखा अधिकृत


**श्री सन्देश पौडेल**
सूचना प्रविधि अधिकृत



**श्री हरिप्रसाद सुवेदी**
प्रशासन सहायक


**श्री शर्मिला विष्ट**
स्टोर किपर


**श्री कृष्णप्रसाद आचार्य**
मुख्य रिसेप्सनिस्ट


**श्री लोकबहादुर क्षेत्री**
रिसेप्सनिस्ट


**श्री सावित्री कुमाल**
सहयोगी


**श्री रामजी आचार्य**
सहयोगी


**श्री रामप्रसाद गौतम**
सहयोगी


**श्री राजन गुरूङ**
सहयोगी


**श्री वासुदेव नेपाल**
प्रमुख रूम ब्वाई


**श्री आईतबहादुर तामाङ**
रूम ब्वाई


**श्री देविका भट्ट**
सहयोगी


**श्री रनबहादुर गुरूङ**
सुरक्षा गार्ड


**श्री राजकुमार पाण्डे**
सुरक्षा गार्ड


**श्री रमेश कोइराला**
सुरक्षा गार्ड


**श्री डिल्लीराम सुवेदी**
प्लम्बर


**श्री दिनानाथ अधिकारी**
इलेक्ट्रिसियन

# उद्योग वाणिज्य संघ-चितवन

## वस्तुगत संघ नामावली



**श्री हरिप्रसाद गैरे**
अध्यक्ष
**निर्माण सामग्री (हार्डवेयर) संघ**
भरतपुर म.न.पा.-११, गणेशस्थान
स्थापना मितिः २०३६
सदस्य संख्याः ३२५
पछिल्लो साधारण सभाः २०७९ फागुन
मोबाईल नं.: ९८५५०६०३३२



**श्री गुणराज पौडेल**
अध्यक्ष
**कपडा व्यवसायी संघ**
भरतपुर म.न.पा.-१, शहीदचोक, नारायणगढ
स्थापना मितिः २०५४
सदस्य संख्याः ८६
पछिल्लो साधारण सभाः २०७८
मोबाईल नं.: ९८५५०६३९५५



**श्री नवराज सुवेदी**
अध्यक्ष
**विद्युत व्यवसायी संघ चितवन**
भरतपुर म.न.पा.-२, चितवन
स्थापना मितिः २०६६
सदस्य संख्याः ३००
पछिल्लो साधारण सभाः २०७९ चैत
मोबाईल नं.: ९८४५०३०७२५



**श्री रघुनाथ भट्ट**
अध्यक्ष
**नेपाल कुखुरा व्यवसायी मञ्च**
भरतपुर म.न.पा.-१, न्यूरोड, नारायणगढ
स्थापना मितिः २०५९
सदस्य संख्याः ५००
पछिल्लो साधारण सभाः २०८० कार्तिक
मोबाईल नं.: ९८५५०५५२६७



**श्री कुलबहादुर क्षेत्री 'राजु'**
अध्यक्ष
**चितवन अटोमोबाइल्स एशोसियसन**
भरतपुर म.न.पा.-३, नारायणगढ
स्थापना मितिः २०४९/११/११
सदस्य संख्याः ३४२
पछिल्लो साधारण सभाः २०८० असोज
मोबाईल नं.: ९८५५०५०७९१



**श्री दिपक काफ्ले**
अध्यक्ष
**प्लाष्टिक व्यवसायी संघ चितवन**
भरतपुर म.न.पा.-१, नारायणी नदी किनार
स्थापना मितिः २०५९/०६/०६
सदस्य संख्याः १२०
पछिल्लो साधारण सभाः २०७९ फागुन
मोबाईल नं.: ९८५५०८८३८२



**श्री हरिराज पौडेल**
अध्यक्ष
**किराना व्यवसायी संघ**
भरतपुर म.न.पा.-१, चितवन
स्थापना मितिः २०६०
सदस्य संख्याः १७५
पछिल्लो साधारण सभाः २०७९ चैत
मोबाईल नं.: ९८४१८७३६७१



**श्री शंकर प्रसाद घिमिरे**
अध्यक्ष
**फेन्सी व्यवसायी संघ, नारायणगढ**
भरतपुर म.न.पा.-१, पुतलीबजार
स्थापना मितिः २०४५
सदस्य संख्याः ९००
पछिल्लो साधारण सभाः २०७९ पौष १०
मोबाईल नं.: ९८४५३६६४०७



**श्री नारायणप्रसाद गौतम**
अध्यक्ष
**गल्ला व्यवसायी संघ**
भरतपुर म.न.पा.-३, बेलचोक
स्थापना मितिः
सदस्य संख्याः २५०
पछिल्लो साधारण सभाः २०७६
मोबाईल नं.: ९८५५०५८६५५

# उद्योग वाणिज्य संघ-चितवन

## वस्तुगत संघ नामावली



**श्री नारायण प्रधान**
अध्यक्ष
अधिकृत व्यवसायी संघ
भरतपुर म.न.पा.-३, नारायणगढ
स्थापना मिति: २०६१
सदस्य संख्या: १००
पछिल्लो साधारण सभा: २०७९ पौष
मोबाईल नं.: ९८५५०५५७००



**श्री माधव पौडेल**
अध्यक्ष
चितवन नवलपुर राईस मिल समिति
भरतपुर म.न.पा.-४, चितवन
स्थापना मिति: २०५७/९/०७
सदस्य संख्या: २५०
पछिल्लो साधारण सभा: २०८० भदौ
मोबाईल नं.: ९८५५०६६३५५



**श्री कृष्णप्रसाद अधिकारी**
अध्यक्ष
फर्निचर उद्योग तथा फर्निसिङ्ग व्य. संघ
भरतपुर म.न.पा.-२, चितवन
स्थापना मिति: २०६९
सदस्य संख्या: ५००
पछिल्लो साधारण सभा: २०८० भाद्र २६
मोबाईल नं.: ९८५५०६०६९५



**श्री रामबहादुर तिमिल्सिना**
अध्यक्ष
चितवन अटो मेकानिकल व्यवसायी संघ
भरतपुर म.न.पा.-३, चितवन
स्थापना मिति: २०५४/५/२३
सदस्य संख्या: ४००
पछिल्लो साधारण सभा: २०८० भाद्र
मोबाईल नं.: ९८४५०५२०१५



**श्री लोकनाथ भट्ट 'कृष्ण'**
अध्यक्ष
होटल व्यवसायी संघ, चितवन
भरतपुर म.न.पा.-२, आँपटारी
स्थापना मिति: २०५३
सदस्य संख्या: ६३०
पछिल्लो साधारण सभा: २०८०/०४/२७
मोबाईल नं.: ९८५५०५४९६३



**श्री बलराम अधिकारी**
अध्यक्ष
साईकल व्यवसायी संघ चितवन-नवलपुर
भरतपुर म.न.पा.-१, वेलचोक, चितवन
स्थापना मिति: २०६१
सदस्य संख्या: २००
पछिल्लो साधारण सभा: २०७९ चैत
मोबाईल नं.: ९८५५०६६०८३



**श्री बाबुराम छिनाल**
अध्यक्ष
नेपाल कपडा सिलाई व्यवसायी संघ
भरतपुर म.न.पा.-१, भृकुटीपथ, नारायणगढ
स्थापना मिति: २०६०
सदस्य संख्या: ३५०
पछिल्लो साधारण सभा: २०७९ चैत
मोबाईल नं.: ९८५५०२६९०३



**श्री लालबाबु कानु**
अध्यक्ष
इलेक्ट्रोनिक्स व्यवसायी संघ
भरतपुर म.न.पा.-३, चितवन
स्थापना मिति: २०३५
सदस्य संख्या: ८५
पछिल्लो साधारण सभा: २०७९/०७/२८
मोबाईल नं.: ९८४५०५०८२७

# उद्योग वाणिज्य संघ-चितवन

## वस्तुगत संघ नामावली



**श्री कृष्णप्रसाद पौडेल**
अध्यक्ष
**चितवन कम्यूनिकेशन व्यवसायी संघ**
भरतपुर म.न.पा.-१, चितवन
स्थापना मितिः २०६५
सदस्य संख्याः ५०
पछिल्लो साधारण सभाः २०७७ भदौं
मोबाईल नं.: ९८४५०८०१७५



**श्री विनोदप्रसाद तिमल्सेना**
अध्यक्ष
**नेपाल औषधि व्यवसायी संघ, चितवन**
भरतपुर म.न.पा.-३, नारायणगढ
स्थापना मितिः
सदस्य संख्याः ३५०
पछिल्लो साधारण सभाः २०७९ मंसिर
मोबाईल नं.: ९८५५०५७९५५



**श्री खिलप्रसाद घिमिरे**
अध्यक्ष
**नेपाल वन पैदावर उद्योग व्यवसायी संघ**
भरतपुर म.न.पा.-११, चितवन
स्थापना मितिः २०५९
सदस्य संख्याः ५५
पछिल्लो साधारण सभाः २०८०/०५/१५
मोबाईल नं.: ९८५५०६२०१३



**डा. यमबहादुर विश्वकर्मा**
अध्यक्ष
**नेपाल सुनचाँदी व्यवसायी संघ, चितवन**
भरतपुर म.न.पा.-१, दियालोरोड
स्थापना मितिः २०६९
सदस्य संख्याः ३००
पछिल्लो साधारण सभाः २०७९/१२/२५
मोबाईल नं.: ९८५५०५९२०३



**श्री मुकुन्द गौतम**
अध्यक्ष
**फलफूल तथा तरकारी थोक व्यवसायी संघ**
भरतपुर म.न.पा.-२, क्षेत्रपुर
स्थापना मितिः २०५२
सदस्य संख्याः १५०
पछिल्लो साधारण सभाः २०७८/०९/१६
मोबाईल नं.: ९८५५०५९७७५



**श्री परमेश आचार्य**
अध्यक्ष
**नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ चितवन**
भरतपुर म.न.पा.-१, चितवन
स्थापना मितिः २०४२
सदस्य संख्याः ४५०
पछिल्लो साधारण सभाः २०७९ पौष १३ गते
मोबाईल नं.: ९८४५०५०३३३



**श्री सन्तोष राज विष्ट**
अध्यक्ष
**भाडावर्तन तथा गिफ्ट व्यवसायी संघ**
भरतपुर म.न.पा.-१, चितवन
स्थापना मितिः
सदस्य संख्याः ६५
पछिल्लो साधारण सभाः २०७९/९/०४
मोबाईल नं.: ९८५५०६३७२४



**श्री दिपकचन्द्र भट्टराई**
अध्यक्ष
**नेपाल शैक्षिक परामर्श संघ चितवन**
भरतपुर म.न.पा.-१०, रोयल सेन्चुरीसँगै
स्थापना मितिः २०५४
सदस्य संख्याः ५६
पछिल्लो साधारण सभाः २०८० मंसिर
मोबाईल नं.: ९८४५३५७८८६



**श्री राजन पिया**
अध्यक्ष
**चितवन अटोमोबाइल्स डिलर्स एशोसियसन**
भरतपुर म.न.पा.-१०, चितवन
स्थापना मितिः २०५४
सदस्य संख्याः ४५
पछिल्लो साधारण सभाः २०८० मंसिर
मोबाईल नं.: ९८५५०५५४४९

# उद्योग वाणिज्य संघ-चितवन

## वस्तुगत संघ नामावली



**श्री सुजन तिमिल्सिना**
अध्यक्ष
ट्रान्सपोर्ट एशोसियसन चितवन
भरतपुर म.न.पा.-३, चितवन
स्थापना मितिः २०६४
सदस्य संख्याः ६०
पछिल्लो साधारण सभाः २०७९
मोबाईल नं.: ९८५१०२४७१२



**श्री नारायण सिंह गुरुङ**
अध्यक्ष
चितवन कवाडी व्यवसायी संघ
भरतपुर म.न.पा.-३, बेलचोक
स्थापना मितिः २०६४
सदस्य संख्याः ७०
पछिल्लो साधारण सभाः २०७८/१२/२८
मोबाईल नं.: ९८४५१५६१६४



**श्री गोविन्द पाण्डे**
अध्यक्ष
चितवन मदिरा तथा प्रोभिजनल व्य.संघ
भरतपुर म.न.पा.-३, न्यूरोड
स्थापना मितिः २०६६/११/२५
सदस्य संख्याः २५०
पछिल्लो साधारण सभाः २०७९ पौष
मोबाईल नं.: ९८४५२१९७५५



**श्री श्रीकृष्ण भण्डारी**
अध्यक्ष
रसायन तथा मेडिकल आपूर्ति संघ नेपाल चितवन शाखा
भरतपुर म.न.पा.-३, कमलनगर
स्थापना मितिः २०७१/७/२०
सदस्य संख्याः ९६
पछिल्लो साधारण सभाः २०८० भदौ
मोबाईल नं.: ९८५१०५२८१२



**श्री टेकलाल भुषाल**
अध्यक्ष
कम्प्युटर एशोसियसन नेपाल महासंघ चितवन
भरतपुर म.न.पा.-३, चितवन
स्थापना मितिः २०४८
सदस्य संख्याः १५३
पछिल्लो साधारण सभाः २०७९/०८/१७
मोबाईल नं.: ९८५७०४००००



**श्री लक्ष्मीलाल घिमिरे**
अध्यक्ष
नेपाल पशुपंक्षी औषधि व्यवसायी संघ
भरतपुर म.न.पा.-३, संगमरोड
स्थापना मितिः २०५९
सदस्य संख्याः १३३
पछिल्लो साधारण सभाः २०७९ फागुन
मोबाईल नं.: ९८५५०५२०८४



**श्री सन्दिप सुवेदी**
अध्यक्ष
मुद्रण संघ चितवन
भरतपुर म.न.पा.-३, नारायणगढ
स्थापना मितिः २०५४
सदस्य संख्याः १०६
पछिल्लो साधारण सभाः २०८० मंसिर ३०
मोबाईल नं.: ९८५५०५००४०



**श्री सावित्री रेग्मी**
अध्यक्ष
चितवन ब्युट्रीपार्लर एकता
भरतपुर म.न.पा.-३, वेलचोक
स्थापना मितिः २०६२
सदस्य संख्याः ५००
पछिल्लो साधारण सभाः २०८० भदौ
मोबाईल नं.: ९८४५१९९१५६



**श्री माधवप्रसाद घिमिरे**
अध्यक्ष
चितवन केरा उत्पादन संघ
स्थापना मितिः
सदस्य संख्याः ७००
पछिल्लो साधारण सभाः २०७७/१०/१६
मोबाईल नं.: ९८५५०१२०९९



**श्री आरती गोपाल मूर्ति शाह**
अध्यक्ष
नेपाल होस्टेल एशोसियसन चितवन
स्थापना मितिः
सदस्य संख्याः ५०
पछिल्लो साधारण सभाः २०७९/०६/०५
मोबाईल नं.: ९८४५३९८२२२

## क्षेत्रीय संघ नामावली



**श्री रेशमलाल आचार्य**
अध्यक्ष
माडी उद्योग वाणिज्य संघ
मोबाईल नं.: ९८५५०६१९६५



**श्री कल्याण गुभाजु**
अध्यक्ष
इच्छाकामना उद्योग वाणिज्य संघ
मोबाईल नं.: ९८५५०५६६१६

# उद्योग वाणिज्य संघ-चितवनका गतिविधिहरू






५६ औं वार्षिक साधारण सभा समुद्घाटन समारोह



मायाको चिनो प्रदान गर्दै संघका अध्यक्ष श्रेष्ठ



५६ औं वार्षिक साधारण सभा



समसामयिक विषयमा प्रधानमन्त्रिको ध्यानाकर्षण



चितवन महोत्सव २०७९ समुद्घाटन समारोह







चितवन महोत्सव २०७९ समुद्घाटन समारोह



चितवन महोत्वस-२०७९ सांस्कृतिक कार्यक्रम समापन समारोह




चितवन महोत्वसव-२०७९ मा आयोजित पर्यटन गोष्ठी




चितवन महोत्वसव-२०७९ मा आयोजित साहित्यिक गोष्ठी




उद्योग वाणिज्य संघ-चितवनको ६३ औं स्थापना दिवस




महिला उद्यमी मेला- २०८०



सफ्टटेक मेला- २०८०



भक्तपुर उद्योग वाणिज्य संघसँग भातृत्व सम्बन्ध कायम



काभ्रे उद्योग वाणिज्य संघसँग भेटघाट



मकवानपुर उद्योग वाणिज्य संघसँग भेटघाट



धुलिखेल नगर प्रमुखसँग भेटघाट




धुलिखेल उद्योग वाणिज्य संघसँग भेटघाट



प्रमुख जिल्ला अधिकारीलाई स्वागत गर्दै




ब्यूटीसियन सेमिनार




बैंकिङ समस्या समाधनार्थ आयोजित विरोध कार्यक्रम




जिल्ला स्थित सरकारी कार्यालयका प्रमुखहरूलाई स्वागत एवम् छलफल कार्यक्रम




स्वास्थ्य सचेतना कार्यक्रम



व्यसायीलाई मिसम्याच सम्बन्धी अभिमुखीकरण कार्यक्रम



सुर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम



महिला उद्यमी भ्रमण कार्यक्रम



स्व. सीता दाहालप्रति श्रद्धान्जली अर्पण गर्दै संघका अध्यक्ष




विक्रयकला तालिम



२०८०/०८१ को बजेट सम्बन्धी समिक्षात्मक छलफल एवम् अन्तरक्रिया



धुप बाट्ने तालिम



चितवनका राजनैतिक दलका प्रमुखहरूसँग छलफल


उद्योग वाणिज्य संघ-चितवनको
५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको
उपलक्ष्यमा संघको उत्तरोत्तर
प्रगतिको लागि
हार्दिक मङ्गलमय
शुभकामना
दिपकचन्द्र भट्टराई (अध्यक्ष एवं)
नेपाल शैक्षिक परामर्श संघ
चितवन परिवार


Proprietor
Santosh Bhusal
DOS
056-595539
9855059350
DIGITAL OFFICE SYSTEM
Sangam Market, Shaheed Chowk, Narayangarh
Sales & Repair For
Computer(Branded & Assembled), Laptop, Printers, Online/Offline UPS, PABX, Multimedia Projector, CC Camera, Smart Board Office Equipment & All Accessories.
doschitwan123@gmail.com, santoshbhusal1975@gmail.com

# उद्योग वाणिज्य संघ-चितवन

## Chamber of Commerce and Industry-Chitwan

Quality Management System ISO 9001:2015 Certified Organisation



## शुभ-कामना

उद्योग वाणिज्य संघ-चितवनले विगत लामो समयदेखि प्रत्येक वार्षिक साधारण सभाको अवसरमा आफ्ना वार्षिक क्रियाकलापहरू समेटी विशेष बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । प्रत्येक २ वर्षमा हुने संघको अधिवेशनबाट निर्वाचित कार्यसमितिले २ वर्षको कार्यकालको लागि योजना तर्जुमा गोष्ठीको आयोजना गरी गोष्ठीबाट छनौट भएका कार्यक्रमहरूलाई संघले सम्पन्न गर्दै आइरहेको छ । तदअनुरुप संघले आफ्ना क्रियाकलापहरुलाई समयानुकूल परिमार्जन गर्दै व्यावसायिक हक, हित र आर्थिक उन्नतिका सवालमा संघ सदैव क्रियाशिल रहँदै आएको छ । यस वर्ष संघको गरिमामय ५७ औं वार्षिक साधारण सभाको सुखद् अवसरमा विशेष बुलेटिन–२०८० प्रकाशन गर्न लागिरहेकोमा म अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा प्रकाशोन्मुख बुलेटिनको सफल प्रकाशनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

उद्यमी व्यवसायीहरूको हक, हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै यस क्षेत्रको समग्र विकासको संवाहकको रूपमा रहेको उद्योग वाणिज्य संघ-चितवनको क्षेत्र दिनानुदिन फराकिलो बन्दै गैरहेको मैले महसुस गरेको छु । संघका अग्रजज्यूहरूले तय गरेका समृद्धिका चार आधारहरू कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलाई पहिचान गरी यस अन्तर्गत रहेर आफ्ना कार्यक्रमहरू केन्द्रिकृत गर्दै आएको छ । संघमा आवद्ध सदस्यहरूको माग, आवश्यकता र समय समयमा आईपर्ने व्यावसायिक समस्यालाई सम्बोधन गर्न संघ सदैव क्रियासिल रहँदै आएको सवैमा विदितै छ । बदलिंदो विश्व परिवेश र देशको समकालीन आर्थिक अवस्थालाई मध्येनजर राख्दै संघले आयोजना गर्ने कार्यक्रमहरूलाई परिमार्जित गरिदै लगिएको छ । संघको गुण, नीति, कार्यसम्पादन शैली र समसामयिक परिस्थितिमा संघले अगाडि सार्ने मुद्दाका कारण संघको लोकप्रियता र ख्याति राष्ट्रिय एवम् अन्तराष्ट्रियस्तरसम्म पुगेको मैले महसुस गरेको छु । संघलाई आज यो स्थानसम्म ल्याईपुऱ्याउनका लागि सहयोग गर्नुहुने पूर्वअध्यक्षज्यूहरू, पूर्वपदाधिकारी, कार्यसमिति सदस्यहरू र संघका सदस्यज्यूहरूप्रति म हार्दिक आभार व्यक्त चाहन्छु ।

नेपाल सरकार र सम्बन्धित निकायबाट लागु गर्ने विभिन्न नीति, नियमका कारण उद्यमी व्यवसायीमा पर्न जाने असरका सम्बन्धमा संघले समयसमयमा पहल कदमीका कार्यहरू गर्दै आइरहेको छ । संघमा चेम्बर लर्निङ सेन्टर स्थापनार्थ तयारी भइसकेको छ । समग्र जिल्लाको सामाजिक एवम् आर्थिक रूपान्तरणका लागि कार्यकाल २०७८–२०८० मा विभिन्न कार्यक्रमहरू सम्पन्न गऱ्यौं । यही कार्यकालमा संघको महत्त्वपूर्ण कार्यक्रम चितवनको गौरव र गरिमामय प्रस्तुति चितवन महोत्सवको १४ औं संस्करण चितवन महोत्सव–२०७९ को रूपमा सफलताकासाथ सम्पन्न गरियो । कार्यकाललाई सफल पार्नमा सबै तह, तप्का र क्षेत्रबाट सहयोग रह्यो । कार्यकाललाई सफलताका साथ पुरा गर्न सहयोग गर्नुहुने नेउवामहासंघ, नेपाल सरकारका निकायहरू, प्रदेश सरकार र निकायहरू, स्थानीय सरकारी एवम् गैहसरकारी संस्था, स्थानीय प्रशासन, स्थानीय निकाय, सुरक्षा निकाय, राजनैतिक दल, पत्रकारज्यूहरू, कार्यसमिति, पूर्वअध्यक्षज्यूहरू, वस्तुगत संघका अध्यक्षज्यू, कर्पोरेट सदस्य, साधारण सदस्यलगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, संघको ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको पावन अवसरमा प्रकाशन हुन लागेको विशेष बुलेटिनलाई यहाँहरूको हातहातमा पुऱ्याउन सहयोग गर्नुहुने प्रकाशन समितिका संयोजक एवम् मूल समिति संयोजक विज्ञानलाल श्रेष्ठ, समितिका सदस्यहरू, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, चितवनका सम्पूर्ण उद्यमी व्यवसायी, विज्ञापनदाता, संघका कार्यकारी निर्देशक निलबहादुर केसीलगायत सचिवालयका कर्मचारीहरूप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु । साथै संघको ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको अवसरमा निर्वाचन कार्यक्रमसमेत हुने भएकोले संघको इतिहास एवम् छवि कायम गर्न सक्षम अनुभवी र योग्य नेतृत्व, पदाधिकारी एवम् कार्यसमिति सदस्य निर्वाचित हुने अपेक्षासहित संघमा आवद्ध सम्पूर्ण सदस्यज्यूहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

२०८० पौष २१ गते, शनिवार ।

चुननारायण श्रेष्ठ
अध्यक्ष

Narayani Marg, Narayangarh, Chitwan, Nepal. Tel.: 00977-56-596108, 598208, 596308 E-mail: ccic@wlink.com.np URL: www.ccichitwan.org.np



# प्रकाशन समितिको तर्फबाट

यही २०८० पौष २१ र २३ गते सम्पन्न हुन लागेको उद्योग वाणिज्य संघ-चितवनको गौरवमय ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको शुभ-अवसरमा संघले एक वर्षको कार्यअवधिमा गरेका क्रियाकलापहरू समेटेर तयार पारेको विशेष बुलेटिन यहाँहरूको साम्ु प्रस्तुत गर्न पाउंदा गौरवान्वित भएको छ ।

जिल्लाका उद्यमी व्यवसायीहरूको हक, हितको संरक्षण, सम्बर्द्धन र व्यावसायिक प्रवर्द्धन गर्दै, जिल्लाका उद्योगी व्यवसायीहरूलाई सामूहिक नेतृत्व प्रदान गर्दै जिल्लाको मात्र नभई राष्ट्रकै आर्थिक, सामाजिकलगायत समग्र विकासमा महत्त्वपूर्ण योगदान दिंदै आइरहेको यस संघले आफ्नो स्थापनाका गरिमामय ६ दशक भन्दा लामो यात्रा तय गर्न सफल भएको छ । स्थापनाकालदेखि संघलाई आजको दिनसम्म ल्याई पुऱ्याउन संघका संस्थापक एवम् पूर्वअध्यक्षज्यूहरू, पूर्वपदाधिकारीज्यूहरू, कार्यसमितिका सदस्यज्यूहरू र शुभचिन्तक महानुभावहरूले पुऱ्याउनुभएको योगदान अनन्तसम्म स्मरणीय र प्रशंसनीय रहिरहने छ । संघले विगत लामो समयदेखि आफ्ना निर्दिष्ट उद्देश्यहरूमा अडिग रहँदै संघको संस्थागत सामाजिक उत्तरदायित्वलाई समेत मनन गर्दै समय र परिस्थितिको आवश्यकता र सदस्यहरूको मागमा आधारित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विकासका मेरुदण्डका रूपमा रहेको संघद्वारा स्थापित कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन जस्ता महत्त्वपूर्ण विषयमा योजना तर्जुमा गोष्ठीको आयोजना गरी सोही अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।


विविध घटनाका कारण विश्व अर्थतन्त्रमा देखिएका नकारात्मम प्रभाव र देशमा व्याप्त आर्थिक मन्दीका कारण उद्यमी व्यवसायीहरू ठुलो संकटबाट गुज्रिरहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाद्वारा मनोमानी रूपमा बृद्धि गरिएको ब्याजदरले गर्दा थिलोथिलो परेको अवस्थामा रहेका छन् । राज्यले अङ्गीकार गरेका कर, राजश्व तथा भन्सार नीतिहरू व्यवसायीमैत्री हुन सकेका छैनन् । श्रमपलायनले भयावह स्थिति लिएको छ । यस्तो विषम परिस्थितिमा उद्योग वाणिज्य संघ-चितवनले आफ्ना नियमित गतिविधिबाहेक सम्बन्धित निकायमा पहल कदमी गर्ने, वकालत गर्ने, ध्यानाकर्षण गर्नुका साथसाथै विविध आन्दोलनका कार्यक्रमहरू समेत आयोजना गरेको छ । जिल्लाको आर्थिक उन्नतिको सवालमा आफूलाई सदैव गतिशील र क्रियाशील बनाउँदै आएको छ । आज संघको गरिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उच्च स्थानमा रहेको छ, यद्यपि संघले आफ्ना गतिविधिलाई थप परिस्कृत गर्दै व्यावसायिक हित र आर्थिक विकासको सवालमा थप मजबुत बनाउँदै लैजानुपर्ने देखिन्छ ।

एक वर्षभरि संघले सम्पन्न गरेका गतिविधि लगायत विभिन्न लेखहरू समेटेर प्रकाशन गर्न लागिएको विशेष बुलेटिनलाई यो रूपमा प्रकाशन गर्न सहयोग गर्नुहुने अग्रजहरू, पदाधिकारिज्यूहरू तथा कार्यसमिति सदस्यज्यूहरू, संघका अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू एवम् ५७ औं वार्षिक साधारण सभा तयारी समितिका संरक्षकज्यू, संघका पदाधिकारीज्यूहरू, प्रकाशन समितिका साथीहरू, क्षेत्रिय संघ, वस्तुगत संघ, विभिन्न उपसमितिका संयोजक एवम् सदस्यज्यूहरू, उद्यमी व्यवसायी, विज्ञापनदाता तथा लेख, रचना एवम् शुभकामना उपलब्ध गराइदिनुहुने महानुभावहरू, गुणस्तरीय छपाइमा सहयोग गर्ने कालिका प्रिन्टिङ एण्ड प्याकेजिङ प्रा.लि.परिवार, संघका सम्पूर्ण कर्मचारी परिवाररूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, विशेष बुलेटिन प्रकाशन गर्ने सन्दर्भमा कुनै त्रुटि भएमा सच्चाई पढिदिनुहुन अनुरोध गर्दै संघबाट आगामी दिनहरूमा प्रकाशन हुने विभिन्न प्रकाशनहरू, कार्यक्रमहरूलाई अझ बढी परिस्कृत र परिमार्जन गर्न यहाँहरूको सुझाव र सल्लाहको समेत अपेक्षा राख्दै संघको ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु । धन्यवाद ।

मितिः २०८० पौष २१ गते, शनिवार ।

**विज्ञानलाल श्रेष्ठ**
संयोजक
प्रकाशन समिति




## यस भित्र


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १. | अध्यक्षको स्वागत मन्तव्य | १–७ |
| २. | उद्योग वाणिज्य संघ–चितवनको सङ्क्षिप्त परिचय | ८–९ |
| ३. | उद्योग वाणिज्य संघ–चितवनको वार्षिक प्रगति प्रतिवेदन | १०–५५ |
| ४. | कार्यगत समितिको नामावली | ५६–६० |
| ५. | ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशन मूल तयारी समिति | ६१–६२ |
| ६. | गन्तव्य: भरतपुर र भरतपुर भ्रमण वर्ष | ६३–६५ |
| ७. | घरेलु तथा साना उद्योग कार्यालयबाट प्रदान गरिने सेवा र प्राप्त गर्ने प्रक्रिया सम्बन्धी जानकारी | ६६–६९ |
| ८. | के तपाईले उद्योग वाणिज्य संघ–चितवनको सदस्यता लिनु भयो ? | ७० |
| ९. | पत्रपत्रिकामा उद्योग वाणिज्य संघ–चितवन | ८१–८३ |







NAVIN AUTO CENTER, NARAYANGHAT, 056-596405, 9855060878, 9845449529

# उद्योग वाणिज्य संघ-चितवन

## ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको समुद्घाटन समारोहमा अध्यक्ष श्री चुननारायण श्रेष्ठद्वारा प्रस्तुत स्वागत मन्तव्य



❑ चुननारायण श्रेष्ठ
अध्यक्ष
उद्योग वाणिज्य संघ-चितवन

*उद्योग वाणिज्य संघ-चितवनको ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनको समुद्घाटन समारोहका*
*प्रमुख अतिथिज्यू,*
*विशिष्ट अतिथिज्यू,*
*अतिथिज्यूहरू,*
*जिल्ला स्थित राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू*
*नेउवामहासंघका पदाधिकारीज्यूहरू,*
*उद्योग वाणिज्य संघ चिनवनका निवर्तमान अध्यक्ष श्री राजु श्रेष्ठज्यू,*
*प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्षज्यूहरू,*
*विभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू,*
*उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष श्री सुमनकुमार श्रेष्ठज्यू,*
*५७ औं वार्षिक साधारण सभा तयारी समितिका मूल संयोजक एवम् उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य श्री विज्ञानलाल श्रेष्ठज्यू,*

उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारीज्यूहरू एवम् कार्यसमिति सदस्य साथीहरू, कर्पोरेट सदस्यज्यूहरू, क्षेत्रीय सङ्गठित सदस्य तथा वस्तुगत संघका अध्यक्षज्यूहरू एवम् सदस्य साथीहरू, सम्पूर्ण साधारण सदस्यज्यूहरू, पत्रकार साथीहरू एवम् उपस्थित भद्र महिला तथा सज्जनबृन्दहरूमा मेरो व्यक्तिगत साथै सम्पूर्ण उद्योग वाणिज्य संघ-चितवन परिवारको तर्फबाट हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

वि.सं. २०१६ माघ १९ गते श्रीपञ्चमीको दिनमा स्थानिय बुद्धीजीवी, समाजसेवी, अग्रज व्यवसायीहरूको पहलमा स्थापित यस उद्योग वाणिज्य संघ-चितवनले आज झण्डै सात दशक लामो यात्रा तय गरिरहेको छ । यस क्षेत्रको सामाजिक एवम् आर्थिक रुपान्तरणको संवाहकको रुपमा यस संघ उभिँदै आइरहेको छ ।  संघलाई आजको यो स्थानसम्म ल्याइपुऱ्याउन विशेष योगदान दिनुहुने संस्थापक अध्यक्ष स्व. सूर्यनारायण पिया, पूर्व अध्यक्ष स्व. हिरालाल प्रधान, संस्थापक सचिव तथा पूर्व अध्यक्ष स्व. श्री कृष्णवन्धु पिया, पूर्व अध्यक्षज्यूहरू श्री के. एल. भूषण, स्व. चन्द्रलाल श्रेष्ठ, श्री महेन्द्रलाल प्रधान, स्व. श्रीनारायण पिया, श्री देशीराम प्रधान, श्री रामप्रसाद श्रेष्ठ, श्री प्रचण्डलाल प्रधान, श्री रमेशकुमार पिया, श्री मदनलाल जोशी, श्री उदयकुमार श्रेष्ठ, श्री मित्रराज दवाडी, श्री उत्तमलाल चुके, डा. तिलचन्द्र भट्टराई, श्री कल्याण जोशी, श्री राजन गौतम, श्री सहनलाल प्रधान, निवर्तमान अध्यक्ष श्री राजु श्रेष्ठलगायत संस्थामा आवद्ध सदस्यहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

*आदरणीय महानुभावहरू,*

जिल्लाको आर्थिक, सामाजिक, शैक्षिक एवम् सांस्कृतिक प्रवर्द्धनमा संघले अनवरतरूपमा आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ र समयको विभिन्न कालखण्डमा देशको तत्कालिक राजनितिक परिवेसहरूसंग आफूलाई समयानुकूल बनाउँदै राष्ट्रिय महत्त्वका विभिन्न आर्थिक विकास, औद्योगिक विकास एवम् पूर्वाधार विकासको एक हिस्सेदार संस्थाको

रुपमा समेत स्थापित गर्न संघ सफल भएको छ । विश्व अर्थतन्त्रमा आएको परिवर्तन र त्यसबाट सिर्जित विषम आर्थिक परिवेशलाई सम्बोधन गर्नको लागि संघले आफ्नो छाता संगठन र नेपाल सरकारका विभिन्न सञ्जाल मार्फत वहस र पैरवी गर्ने कार्यलाई निरन्तरता दिंदै आएको छ भने स्थानीयस्तरमा सम्बन्धित निकायहरूसंगको समन्वय एवम् सहकार्य गर्दै व्यावसायिक हक, हित र सामाजिक उत्तरदायित्व संवद्ध कार्यहरू सञ्चालन गरिरहेको छ ।

*आदरणीय महानुभावहरू,*

मेरो नेतृत्वमा निर्वाचित कार्यसमितिले २०७८-२०८० कार्यकालका लागि वृहत कार्ययोजना गोष्ठीको आयोजना गरी वर्तमान कार्यकालको लागि विभिन्न कार्यक्रमहरू छनौट गरेको थियो । छनौट गरिएका कतिपय कार्यक्रम सम्पन्न गरेका छौं भने कतिपय कार्यक्रमहरू समय, परिस्थिति र सदस्यको माग बमोजिम सम्पन्न गरेका छौं । संघले विगत केही बर्षहरूदेखि आत्मसात् गरेको कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र देशको वर्तमान अवस्था र सदस्यहरूको माग बमोजिमका कार्यहरू गर्नको लागि संघ अनवरत रुपमा लागिरहेको छ । संघले आफ्नो वर्गीय हितको साथसाथै वर्तमान आर्थिक परिस्थितिजन्य क्रियाकलापहरू पनि आयोजना गर्दै आइरहेको छ । बैंक ब्याजमा छुट, घरवहाल करमा छुट, कर्जाको ब्याजदर घटाउने, पूर्नकर्जाको व्यवस्था, वर्हिगमनमा ब्याज छुट गर्नुपर्ने, कर दाखिला गर्ने समय थप गर्नुपर्ने, बैंक व्याजर घटाउन पहल, व्यावसायिक राहतका प्याकेज ल्याईनुपर्ने लगायतका कैंयन समस्या सम्बोधन गर्नका लागि हामीले स्थानीय निकाय, स्थानीय प्रशासन मात्र नभई प्रदेश सरकार, संघिय सरकार प्रमुखलाई समेत भेट गरी ज्ञापनपत्र बुझाउने काम गर्‍यौं । जसका कारण केही हदसम्म समस्या सम्बोधन पनि गरिएका थिए । यसैगरी नेपाल राष्ट्र बैंकले लागु गरेको चालु पूंजी कर्जा मार्गदर्शन २०७९ र त्यसका कारण बैंक तथा वित्तीय संस्थाहरूद्वारा बृद्धी गरिएको बैंक ब्याजदरप्रति विरोध जनाउँदै नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघलगायतका सम्बन्धित निकायको ध्यानआकृष्ट गर्दै आवश्यक पहलका कार्यहरू गरिएको स्मरण गराउन चाहन्छु । कोरोना प्रभाव र तत्पश्चात् भएको युक्रेन-रसिया युद्धले ल्याएका प्रभावहरू र त्यसले व्यावसायिक क्षेत्रमा परेका जटिलताका बारेमासमेत संघले आफ्ना कार्यक्रमहरू केन्द्रित गरेको थियो ।

संघसंग आवद्ध रहेका व्यवसायी सदस्यहरूलाई आइपर्न सक्ने प्राकृतिक एवं दैवी प्रकोप जस्तै आगलागी, चोरी जस्ता घटनाबाट हुन सक्ने क्षतिलाई मध्यनजर राख्दै स्थापना गरिएको व्यवसायी राहत कोष सञ्चालनमा ल्याई समयसमयमा यसबाट प्रभावित व्यवसायीहरूलाई राहत प्रदान गर्दै आइरहेका छौं । संघको संस्थागत उत्तरदायित्वलाई मनन गर्दै सामाजिक हितका कार्यहरू पनि संघले सञ्चालन गर्दै आइरहेको छ । यसैगरी संघमा आवद्ध व्यवसायीहरूको पारस्परिक सम्बन्धमा बृद्धि गर्ने, सहयकार्यमा जोड दिने र सदस्यको व्यावसायिक प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यले चेम्बर बहुउद्देश्यीय सहकारी संस्था सञ्चालनमा ल्याई साना तथा लघु उद्यमीहरूलाई सहज तवरले कर्जा प्रदान गर्दै आइरहेका छौं । महिला उद्यमीको क्षमता अभिवृद्धि, उत्पादित वस्तुको बजार पहिचान, प्रवर्द्धन र आर्थिक क्रियाकलापमा महिला सहभागितालाई प्रोत्साहन गर्नको लागि महिला उद्यमी मेला आयोजना गरेका छौं भने संघमानै कोसेली घर सञ्चालनमा ल्याएकोपनि अवगत गराउन चाहन्छु । यसैगरी नवउद्यमीलाई प्रोत्साहन गर्ने, लगानी पहिचानमा सहयोग पुर्‍याउने, सिपमूलक तालिम प्रदान गर्ने र वैदेशिक रोजगारबाट फिर्ता भएको जनशक्तिलाई उद्यमशीलतातर्फ उन्मुख गराउने उद्देश्यले संघमा च्याम्बर लर्निङ सेन्टरको स्थापना गरी सञ्चालनमा ल्याइएको समेत जानकारी गराउन चाहन्छु ।

चितवनको गौरव र गरिमामय प्रस्तुति चितवन महोत्सवको १४ औं संस्करणको रुपमा चितवन महोत्सव २०७९ आयोजना गरी सफलताकासाथ सम्पन्न गरिएको थियो । पर्यटनलाई केन्द्रविन्दु राख्दै शिक्षाको लागि चितवन जाऔं, कृषिको लागि चितवन जाऔं, पर्यटनको लागि चितवन जाऔं, स्वास्थ्य उपचार र औद्योगिक विकासका लागि चितवन गन्तव्य भन्ने मान्यतालाई आत्मसात गर्दै चितवन विविधताको भूमिको रुपमा विकास गर्दै २०७९ पौष २५ देखि माघ ४ गतेसम्म चितवन महोत्सव-२०७९ को आयोजना गरिएको थियो । व्याप्त आर्थिक मन्दीका बाबजुत आयोजना गरिएको

महोत्सवले उद्यमी व्यवसायीहरूमा उर्जा थपेको हामीहरूले महसुस गरेका छौं । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, औद्योगिक प्रदर्शनी, लघु घरेलु उत्पादनहरूको प्रवर्द्धन, प्रतियोगितात्मक कृषि प्रदर्शनी, मेड ईन नेपाल परिसर, सूचना प्रविधि परिसर लगायत विभिन्न कार्यक्रमहरू सहित १० दिनसम्म आयोजना गरिएको उक्त महोत्सवमा करिब ३० करोडको कारोवार भएको जानकारी गराउन चाहन्छु । यसैगरी चितवनको पहिचानको रूपमा स्थापित उक्त महोत्सवका १५ औं सस्करण आगामी वर्ष सञ्चालन हुने समेत यसै सभामार्फत जानकारी गराउँदछु ।

*आदरणीय महानुभावहरू,*

अहिले नेपालको अर्थतन्त्र अति संवेदनशील मोडमा उभिएको छ । सरकार राजश्वले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा पुगेको छ । चालु खर्च र वित्तीय व्यवस्थापनका लागि विनीयोजन गरिएको बजेट बढ्ने ऋम निरन्तर चलिरहेको छ । विकास खर्च अत्यन्तै न्यून रहेको छ । मूल्यवृद्धि दुईवर्ष यताकै उच्च विन्दुमा पुगेको छ । उर्जाशील जनशक्ति विदेशीने ऋम झनै भयावह रुपमा देखिएको छ यद्यपी विप्रेषण आप्रवाहमा उल्लेख वृद्धि भएको छ । उद्यमी व्यवसायी बैंक ब्याजमा भएको वृद्धि र व्यापारमा आएको संकुचनले आत्मदाह गर्नेसम्म अवस्थामा पुगेका छन् । साना तथा मझौला व्यवसायीका सटरहरू बन्द हुन पुगेका छन् । निजी क्षेत्रद्वारा सञ्चालित सिमेन्ट तथा छड उद्योगहरू ३० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेका छन् भने अन्य उद्योगहरू ४३ प्रतिशत क्षमतामा मात्र संचालनमा आएको नेपाल राष्ट्र बैंकले हालै गरेको अध्ययनले देखाएको छ । बैंक तथा वित्तीय संस्था मुख्यतया सहकारीहरूले सर्वसाधारणको बचत फिर्ता गर्न नसकि पलाएन भएर बचतकर्ता विचल्लीमा परेको वर्तमान अवस्था रहेको छ । यस किसिमको दर्दनाक अवस्थामा हामी उद्यमी व्यवसायी कसरी उद्योगधन्दा चलाउन सक्छौं र राज्यलाई राजश्व बुझाउन सक्छौं ? हामी अत्यन्तै संवेदनशील अवस्थामा गुज्रिरेहेको वर्तमान अवस्था रहेको स्मरण गराउन चाहन्छु ।

चालु आर्थिक वर्षको बजेट र मौद्रिक नीतिका सम्बन्धमा जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूले नेपाल उद्योग वाणिज्य महासंघमार्फत अन्य निजी क्षेत्रको समेत सहभागितामा नेपाल सरकारलाई सुझाव पेश गरिएको थियो । तर ती सुझावहरूलाई कार्यान्वयन गर्नको लागि सरकारले कुनै तत्परता नदेखाउंदा एकातर्फ निजी क्षेत्र जटिल मोडमा रहेको छ भने राजश्व संकलन कार्य पनि निरासाजनक रहेको छ । उद्यमी व्यवसायीहरू हाल आत्मविश्वास गुमाउंदै गएका छन् । यस्तो अवस्थामा राज्यले पूँजीगत खर्चमा बृद्धि गर्दै लगानी मैत्री वातावरण सिर्जना गरी आर्थिक गतिविधीलाई चलायमान गराउन आवश्यक देखिन्छ । यसरी समयमानै लगानि बढाउने र आर्थिक गतिविधिलाई चलायमान गराउन सकेमा मात्र व्यवसायीको मनोबल बढ्ने देखिन्छ । अध्ययनको लागि विदेश जाने प्रचलन र नेपाल भित्र नर्सिङ कलेज खोल्न रोक्ने कार्यले गर्दा पनि नेपाली विद्यार्थी भारतीय सिमाक्षेत्रमा गएर पढ्न बाध्य भएकाछन् । यसरी विद्यार्थि बाहिर जान बाध्य पार्ने कार्यलेगर्दा मुलुकभित्र लगानी, रोजगारी बढ्न सकेको छैन भने विदेशी मुद्रा बाहिरिन पुगेको छ । यसतर्फ समयमै ठोस कदम चालियोस् । म आजका प्रमुख अतिथिज्यूमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

*आदरणीय महानुभावहरू,*

स्रोत र साधनले फरकफरक रूपमा पहिचान निर्माण गर्न सफल भएका जिल्लाहरूलाई विशिष्टीकरण गर्दै निश्चित उत्पादनका लागि लगानीमा सहयोग र उत्पादित वस्तुको निर्यातका लागि आर्थिक अनुदानको व्यवस्था गरिनुपर्दछ भन्ने मान्यता संघले सदैव राख्दै आएको छ । यसपूर्व सफलताकासाथ सम्पन्न भएको एक गाऊँ, एक उत्पादन जस्तो कार्यक्रमलाई पुनः सञ्चालन गर्नका लागि म सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु । यस संघको समेत सहकार्यमा भएको उक्त कार्यक्रमले चितवनको केरा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोसमेत स्मरण गराउंदै यसरी कुनै जिल्लाको विशिष्ट उत्पादनको प्रवर्द्धन गर्न सकेमा त्यस जिल्लाको पहिचान निर्माण र आर्थिक गतिविधि वृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका रहने हुनाले यस किसिमका कार्यक्रम तत्काल लागु हुने व्यवस्थाका लागि म पूनः अनुरोध गर्दछु । सरकार प्रदत्त सेवा तथा सुविधाहरूलाई सरलीकृत गरिनुपर्दछ, व्यावसायिक क्षेत्रमा भएका कानुनी तथा नीतिगत समस्याहरूलाई

परिवर्तन एवम् परिमार्जन हुनुपर्दछ । सरकारको काम व्यवसायीहरूबाट राजश्व संकलन गर्ने मात्र होईनकि संकलित राजश्वलाई उद्योग वाणिज्य क्षेत्रमा लगानी अभिवृद्धी, उत्पादकत्व, व्यापार र रोजगारीसंग जोडिनु पर्दछ भन्ने हामी व्यवसायीहरूको मान्यता हो ।

संभावना बोकेको  क्षेत्रमा राज्यको उचित लगानी हुन नसकेको हामीले महसुस गरेका छौं । कृषि प्रधान देशको रुपमा परिचित नेपालले कृषिमा आत्म निर्भरता देखाउन नसक्नु दुःखद हो । केही वर्ष पहिले कृषि उपज वस्तुको निर्यात गर्ने हाम्रो देश आफैमा परिनिर्भरता रहनु लज्जास्पद बिषय हो । यसका लागि कृषिमा हुनुपर्ने आधुनिकीकरण र यान्त्रिकीकरणका साथै कृषिमा व्यवसायीकरण हुनु जरूरी छ।  कृषि र पर्यटन जस्ता क्षेत्रमा भएका असंख्य व्यावसायिक सम्भावनाहरूलाई पहिचान गर्न नसक्दा सिर्जना भएको वेरोजगारको स्थितिले श्रम पलायन भयावह स्थितिमा पुगेको छ । सामान्यतयाः भित्रिएको विप्रेषणले आम्दानी वृद्धि देखिएतापनि यसको यथोचित लगानी हुन नसक्नुका साथै समाजमा व्याप्त उपभोगवादी प्रवृत्ति र अनुत्पादनमुलक क्षेत्रमा भएको लगानी कारण विप्रेशण प्रतिफल विहीन जस्तै बनेको छ । भने अर्कोतर्फ यसकै कारण समाजमा आएको सामाजिक विचलनले गर्दा देशको सामाजिक संरचनामापनि खलल पुगेको छ । यसको विपरित सरकारले युवाहरूलाई उद्यमशिलतातर्फ उन्मुख गर्नुका सट्टा वैदेशिक रोजगारीका थप गन्तव्यहरू खोज्नु आफैमा हांस्यास्पद हुनपुगेको छ । यसरी दिनानुदिन बढ्दै गएको श्रम पलायनलाई समयमै सम्बोधन गर्न नसकिएको खण्डमा छिट्टैनै हाम्रो देश युवाविहीन बन्न सक्ने अवस्था देखिन्छ । यसको लागि आवश्यक कदम चाल्नका लागि यसै साधारण सभाबाट सम्बन्धित निकायमा म हार्दिक अपिल गर्न चाहन्छु ।

*आदरणीय महानुभावहरू,*

भौगोलिक हिसावले देशको अर्थतन्त्रको लाईफलाईनको रूपमा रहेको चितवन जिल्ला र भरतपुर महानगरपालिकालाई व्यवस्थित, सुन्दर, हरियाली र व्यावसायिक हिसावले एक अर्थपूर्ण स्थानको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यतालाई संघले सदैव आफ्नो मुख्य सरोकारको विषय बनाउँदै आएको छ । यस जिल्लालाई कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको केन्द्रसंगै आर्थिक गतिविधि र औद्योगिक विकासको हवको रूपमा विकास गरिनुपर्दछ । यसका लागि चितवन एक सम्भावना नै सम्भावनाले भरिएको जिल्ला हो । भरतपुर महानगर क्षेत्रमा भएको सवारी साधनहरूको चाप, अव्यवस्थित पार्किङ, सडक विस्तारमा आएको ढिलासुस्ती लगायतका कारणले गर्दा दिनानुदिन बढ्दै गएको मानवीय क्षति व्यवसायमा आएको गिरावट यस बाट सिर्जित स्थितिलाई न्यूनिकरण गर्नका लागि संघले समय समयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आइरहेको छ । उद्योग वाणिज्य संघ चितवनको पहलमा संघले विकास र चितवनमा व्याप्त समस्या समाधानार्थ एक वहसको आयोजना गरी एक सर्वदलिय साझा अवधारणा तय गरेर सम्बन्धित निकायमा प्रेसित गरिसकेको छ । यसका लागि चितवन जिल्ला स्थित सम्पूर्ण राजनितिक दलहरूप्रति संघ हार्दिक आभार व्यक्त गर्न चाहन्छ । विकासको सार्वजनिक नीजि साझेदारी अवधारणा अर्न्तगत संघ र भरतपुर महानगरपालिका कार्यालय बिच सदैव सहकार्य हुंदै आएको छ । महानगरको सुन्दरता कायम गर्दै वातावरण संरक्षणमा व्यवसायीको उत्तरदायित्व वहन गर्ने सन्दर्भमा पनि वातावरणमैत्री व्यवसाय सञ्चालनका लागि संघले आफ्ना उद्यमी व्यवसायीलाई निरन्तर अभिमुखीकरण गर्दै आइरहेको छ । भरपतुर महानगरपालिकाले वर्ष २०२४ लाई घुमौं भरतपुर भन्ने मूल नाराकासाथ भरतपुर भ्रमण वर्ष आयोजना गरेको छ यसमा संघको सहकार्य र सहभागिता रहँदै आएको छ भने यसको प्रवर्द्धनका कार्यहरू संघले सुरूवात गरिसकेको छ ।

चितवन जिल्लाको पहिचानको रूपमा रहेको पोल्ट्री, तरकारी, मह, केरा, माछा लगायतका खाद्यान्नबालीको प्रवर्द्धनमा थप कार्यक्रमहरूको आयोजना गर्न आवश्यक रहेको छ । संघले अवलम्बन गरेका विकासका चार क्षेत्रहरू कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनजस्ता अथाह सम्भावना र विकासका पूर्वसर्तहरूका आवश्यक क्रियाकलापहरूको पहिचान गरी कार्यक्रमहरू गर्न सकिएको खण्डमा चितवनको आर्थिक गतिविधिमा महत्त्वपूर्ण प्रगति हुन सक्ने देखिन्छ । प्राकृतिक

वासस्थानमै वन्यजन्तुको विचरण, सिमसार क्षेत्रहरू, भौगोलिक विविधता र स्रोत र साधनको पनि प्रचुरता रहनु आदि चितवनका विकासका भावी सम्भावना हुन्। चितवन जिल्लाको पहाडी क्षेत्रहरूमा अवस्थित स्थानहरूको व्यवस्थापन गर्न सकेमा विभिन्न साहसिक खेलहरूको आयोजना गरी खेल पर्यटनलाई पनि टेवा दिन सक्ने अवस्था चितवनमा रहेकोले यसतर्फ ध्यान दिन जरूरी देखिन्छ। विकसित शैक्षिक वातावरणका साथसाथै काठमाण्डौ पछिको स्वास्थ्य उपचारको गन्तव्य स्थलको रूपमा रहेको चितवनलाई हामी भोलिका दिनमा मेडिकल सिटिको रूपमा पनि विकास गरी लैजान सकिने अवस्था भएकोले निजि क्षेत्रको भूमिकामा हामी विचलित नभई अगाडि बढ्न उवासंघ-चितवन सदैव प्रतिवद्ध छौं। आदरणीय महानुभावहरू, चितवन जिल्लाको समग्र विकास र राष्ट्रिय सरोकारका केही विषयहरू आदरणीय प्रमुख अतिथिज्यूको उपस्थितिमा सम्बन्धित निकायको ध्यानाकर्षणको लागि तपसिल बमोजिम उल्लेख गर्ने अनुमति चाहन्छु।

- चितवन जिल्लाको शक्तिखोरलाई औद्योगिक क्षेत्र घोषणा भइसकेपनि यसको कार्य रोकिएकोले उक्त कार्य यथाशक्य छिटो गर्ने वातावरण सिर्जना गरियोस्।
- चितवन जिल्लाको विकासको लागि Life Line रहन सक्ने र छिमेकी मूलुक चीन र भारतसंगको व्यावसायिक सम्बन्ध एवम् पर्यटन विकास गर्नको लागि ठोरी नाका संचालनमा ल्याई ठोरी केरूङ राजमार्ग निर्माण कार्यको सुरूवात् गरियोस्।
- विगत २ वर्षदेखि बैंक तथा वित्तीय संस्थाहरूले आफूखुसी सम्झौता विपरित ब्याजदर बढाउनाले उद्योगी व्यवसायी चरम मारमा परेका छन्। त्यसैले बैंक तथा वित्तीय संस्थाहरूले सुरूमा गरेको सम्झौता अनुसारको ब्याजदरनै कर्जा भुक्तानी गर्ने अन्तिम समयसम्म कायम गर्नुपर्ने र सम्झौता विपरित यस अघि बढाएर लिएको ब्याजको रकम ऋणमा समायोजन गरी ऋणको अवधिलाई कम्तिमा ३ देखि ५ वर्ष बढाउने व्यवस्था गरियोस्।
- बैंक तथा वित्तिय संस्थाहरूबाट ऋण लिंदाको समयमा गरिएको मूल्यांकनलाई सम्झौता विपरित पुर्नमूल्यांकन गराई घटाएर बिक्री गर्ने प्रक्रिया बन्द गरियोस्।
- राज्यले प्रदान गर्ने अनुदान तथा सहुलियतका कार्यक्रमहरू सत्ता, शक्ति र पहुंचको आडमा मात्र दुरुपयोग भइरहेकोले सबै खाले ऋणीको सहज र सर्वसुलभ पहुँच हुने गरी व्यवस्था गर्नुपर्ने।
- सडक विभागद्वारा भरतपुर महानगरपालिकाको गोन्द्राङदेखि पुल्चोकसम्मको सडक स्तरोन्नती गरी ६ लेनको बनाउने कार्यमा विलम्ब भइरहेकोले उक्त सडक विस्तार गर्ने कार्यलाई तिब्रता दिइयोस् साथै उक्त क्षेत्रमा यात्रुलाई चढ्ने र झर्ने (Pick and Drop) व्यवस्था गरियोस्।
- जिल्लाको कृषि, शिक्षा, स्वास्थ्य पर्यटन र औद्योगिक विकासका साथै र उत्पादनमूलक तथा रोजगार सिर्जना हुने खालका उद्योग स्थापनामा सरकारबाट ठोस कदम चालियोस्।
- चितवन जिल्लाको पूर्व र पश्चिम भेगबाट आउने यात्रुवाहक सवारी साधनहरू चौविसकोठीसम्म मात्र आउन दिने व्यवस्थाले ठुलो संख्यामा यात्रुहरू मारमा परेको, गन्तव्यसम्म पुग्नकालागि थप आर्थिक भार परेको हुनाले सार्वजनिक सवारी साधनहरू पुल्चोकसम्म जाने व्यवस्थासहित महानगर क्षेत्रभित्र यात्रुहरूलाई चढ्ने र झर्ने (Pick and Drop) व्यवस्था गरियोस्।
- रत्ननगर नगरपालिकाको टिकौलीदेखि राप्ती नगरपालिकाको लोथरसम्म ६ लेनको सडक निर्माण गरियोस् र पर्यटकीय नगरी सौराहाको प्रवर्द्धनको लागि जाऊँ है सौराहा कार्यक्रमलाई सार्थक बनाउन आवश्यक कार्य अगाडि बढाइयोस्।
- हाल बैंकहरूले आफ्नो आधार दर (Base Rate) मा वृद्धि गरेपश्चात् पुरानो कर्जा नवीकरण गर्दा थप नयां प्रिमियम समेत जोडेर ब्याजदर बढाएका छन् यसले ऋणीलाई थप आर्थिक भार पर्ने हुनाले ऋणीलाई थप आर्थिक भार नपर्ने गरी साविक बमोजिमनै प्रिमियम दर लिने व्यवस्था गरियोस्।
- भरतपुर महानगरपालिका क्षेत्रभित्र सवारी पार्किङको समस्या दिनानुदिन बढ्दै गैरहेको र उपयुक्त पार्किङ स्थलहरूको

व्यवस्था नभएका कारण बजार व्यवस्थापन, सवारी व्यवस्थापन एवम् महानगरको सौन्दर्यतामा समेत असर परेको हुनाले पार्किङको व्यवस्थापन गरियोस् ।

- नारायणी नदीमा निर्माण हुन लागेको सिग्नेचर ब्रिजको कार्यलाई तत्काल सुरूवात गरियोस् ।
- चितवनमा लामो समयदेखि माग भइरहेको र आवश्यकता रहेको अटोल्यान्डको व्यवस्था गरियोस् ।
- कम्तिमा एक वर्ष पुर्नकर्जा नवीकरणको समयावधि थप गरियोस् ।
- नेपाल सरकारले चालु आर्थिक वर्षको बजेटमा आयातित मालवस्तुमा अनिवार्य रूपमा आयातकर्ता विवरण सहितको स्टिकर राख्नुपर्ने बाध्यात्मक व्यवस्थाले गर्दा साना आयाताकर्तालाई झन्झटिलो र असुविधा भएकोले आयातकर्तालाई अभिमुखीकरण गराई ठुला आयातकर्तालाई मात्र लागु हुने व्यवस्था गरियोस् ।
- भरतपुर क्षेत्रलाई प्रदुषणमुक्त र ट्राफिक व्यवस्थापनलाई चुस्त राख्दै आर्थिक गतिविधिमा वृद्धि गर्नका लागि रात्रीकालिन बजार एवम् सवारी सञ्चालनको सम्भाव्यता अध्ययन गरियोस् ।
- भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका राजमार्ग र यसका आसपासमा साइकल लेनको व्यवस्था गरियोस् र भएका स्थानहरूलाई थप व्यवस्थित गरियोस् ।
- मेडिसिटीकोलागि आवश्यक पूर्वाधारहरूले सम्पन्न हुन लागेको भरतपुरलाई थप आवश्यक पूर्वाधारहरूको व्यवस्था गरी मेडिसिटीको रूपमा घोषणा गरियोस् ।
- प्राकृतिक सुन्दरता एवं जैविक विविधताकासाथै दुर्लभ वन्यजन्तु एवं वनस्पतिले भरिपूर्ण यस सुन्दर नगरी चितवनलाई पर्यापर्यटन (Ecotourism) को एक प्रमुख गन्तव्यको रूपमा विकास गर्न आवश्यक कदम चालियोस् ।
- भरतपुर बजार क्षेत्रमा रहेका मुख्य चौकहरू जस्तै पुल्चोक, चौविसकोठी, केन्द्रिय वसपार्क जस्ता स्थानहरूमा फ्लाई ओभर (आकासे पुल) र सडक बत्तीको आवश्यक व्यवस्था गरियोस् ।
- चितवन जिल्लाको बढ्दो शहरीकरण एव जनघनत्वलाई मध्येनजर राख्दै व्यावसायिक एवं सर्वसाधारणको सुरक्षार्थ थप सुरक्षाकर्मीहरूको व्यस्था गरियोस् ।
- स्थानीय, प्रादेशीक एवं संघिय सरकारद्वारा लागु गरिएका कर एकिकृतरूपमा एकद्वार प्रणाली मार्फत दाखिला गर्ने व्यवस्था गरियोस् ।
- मेला महोत्सवको उद्देश्य र महत्त्वलाईनै विर्सेर व्यावसायिक प्रवर्द्धनमा कुनै सम्बन्धनै नभएका स–साना संघ संस्था तथा कम्पनीहरूलाई मेला महोत्सव आयोजना गर्ने अनुमति दिंदा यसको गरिमा र महत्त्वमा ह्रास हुंदै व्यावसायिक प्रवर्द्धनमा कुनै भूमिका नरहने हुनाले मेला महोत्सव जिल्लास्थित उवासंघहरूको समन्वय वा सिफारिसमा मात्र गर्न पाउने व्यवस्था मिलाईयोस् ।
- राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको निर्माणाधिन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माण सम्पन्न गर्नका लागि राज्यतर्फबाट आवश्यक बजेटको व्यवस्था गरी निर्माण सम्पन्न गरियोस् ।
- नेपाल तथा विश्वका हिन्दुधर्मावलम्वीहरूको लागि प्रसिद्ध तिर्थस्थल देवघाट क्षेत्रको एकीकृत गुरूयोजना निर्माण गरी प्रमुख धार्मिक पर्यटनको गन्तव्यको रूपमा विकास गर्ने पहलकासाथ सो सम्बन्धका कार्यहरू सञ्चालन गरियोस् ।
- भरतपुर महानगरपालिकामा अवस्थित केन्द्रिय बस टर्मिनलको स्तरोन्नतीको कार्य छिटो गरियोस् ।
- चितवनको विकासमा महत्त्वपूर्ण योगदान दिने चेपाङ हिल ट्रेलको विकास गरियोस् ।
- जलवायु परिवर्तनको कारणले नेपालको अर्थतन्त्र, वातावरण र मानवतामा ठुलो क्षति पुगेकोले यस सम्बन्धमा राज्यको तर्फबाट आवश्य कदम चालियोस् ।

आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू तथा सभासदज्यूहरू,

उद्योग वाणिज्य संघ–चितवनले आयोजना गर्ने विविध योजना एवं कार्यक्रमहरू सम्पन्न गर्नको लागि विभिन्न

निकाय एवम् संघ संस्थाको सहयोग एवम् सहकार्य रहेको छ । संघप्रति सदैव सकारात्मक भावना राख्दै सहयोग गर्ने नेपाल सरकारका वर्तमान एवं पूर्वप्रधानमन्त्रीज्यूहरू, चितवन जिल्लाबाट प्रतिनिधित्व गर्ने विभिन्न दलका प्रतिनिधि सभा, राष्ट्रिय सभा एवं प्रदेश सभाका माननीय सभासदज्यूहरू, नेपाल उद्योग वाणिज्य महासंघ, अर्थ मन्त्रालय, कृषि तथा पशुपंछी विकास मन्त्रालय (बागमती प्रदेश), पर्यटन मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (बागमती प्रदेश), जिल्ला प्रशासन कार्यालय चितवन, जिल्ला प्रहरी कार्यालय तथा सुरक्षा निकायका विभिन्न अंगहरू, सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन शिक्षालय, कुरिनटार, भरतपुर महानगरपालिका, जिल्ला समन्वय समिति चितवन, आन्तरिक राजश्व कार्यालय-भरतपुर, घरेलु तथा साना उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र, भरतपुर अस्पताल, जिल्लास्थित वित्तीय संस्था, नेपाल पत्रकार महासंघ लगायत विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मी मित्रहरू, विभिन्न वडाका वडाध्यक्षज्यूहरू, मेरो कार्यसमितिका पदाधिकारीज्यूहरू, पुर्व अध्यक्षज्यूहरू, नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणि समिति सदस्यज्यू, कार्यसमितिका सदस्यज्यूहरू, विशिष्ट सदस्यज्यूहरू, संघका कानुनी सल्लाहकार, राजश्व सल्लाहकार, वस्तुगत संघका अध्यक्षज्यूहरू, विभिन्न कार्यगत समितिका संयोजकज्यूहरू, साधारण सदस्यज्यूहरू, सचिवालयका कार्यकारी निर्देशक निलबहादुर केसी लगायत सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

उद्योग वाणिज्य संघ-चितवनको मिति २०७८ फागुन २८ र ३० गते सम्पन्न ५५ औं वार्षिक साधारण सभा एवम् अधिवेशनबाट मलाई अध्यक्षजस्तो जिम्मेवार पदमा निर्विरोध निर्वाचित गराउनुहुने सम्पूर्ण सदस्य महानुभावहरूप्रति हार्दिक आभारसहित नमन गर्दछु । मेरो दुईवर्षे कार्यकाललाई सफलताकासाथ सम्पन्न गर्नमा सबै तह, तप्का र व्यक्तित्वहरूको महत्त्वपूर्ण योगदान रहेको छ । मेरो लागि समय व्यवस्थापन गर्दै सदैव हौसला प्रदान गर्ने मेरो जीवनसंगिनी प्रविणा श्रेष्ठलगायत परिवारका सदस्यहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, संघको ५७ औं वार्षिक साधारणसभालाई सफल पार्नका लागि संघको निमन्त्रणा स्वीकार गरी पाल्नुहुने कार्यक्रमका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू, संघका सदस्यज्यूहरू, एवम् सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत एवम् आभार व्यक्त गर्दै मेरो मन्तव्य यहीं अन्त्य गर्दछु ।

धन्यवाद ।

चुननारायण श्रेष्ठ
अध्यक्ष

२०८० पुष २१ गते शनिवार

# उद्योग वाणिज्य संघ-चितवन

सङ्क्षिप्त परिचय

**१. संघको परिचय**

नाम : उद्योग वाणिज्य संघ-चितवन
ठेगाना : भ.म.न.पा.-१, हरिहर मार्ग, नारायणगढ, चितवन, नेपाल
टेलिफोन : ०५६-५९६१०८, ५९६२०८, ५९६३०८
इमेल : info@ccichitwan.org.np/ccicchitwan@gmail.com
स्थापना : वि.सं. २०१६ माघ १९, श्रीपञ्चमी
URL : www.ccichitwan.org.np

**१.१. वैधानिक स्वरूप**

उद्योग विभाग, सिँहदरवार, काठमाडौँमा २०१७ साल माघ २० गते दर्ता भएको यस उद्योग वाणिज्य संघ-चितवन एक एकाधिकारवाला स्वायत्त संस्था हो। यस संघ गैरसरकारी संस्था दर्ता ऐनअन्तर्गत २०५२ साल मङ्सिर १३ गते जिल्ला प्रशासन कार्यालय चितवनमा समेत दर्ता भइसकेको छ भने आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट २०६७।७।३० का दिन ३०३९०१०६६ नं. को पान पनि प्राप्त गरी सकेको छ।

**१.२. कार्यसमितिको गठन प्रक्रिया**

- संघको वार्षिक साधारण सभाबाट अध्यक्ष १ जना, वरिष्ठ उपाध्यक्ष १ जना, उपाध्यक्ष उद्योगतर्फबाट १ जना, उपाध्यक्ष वाणिज्यतर्फबाट १ जना, उपाध्यक्ष कर्पोरेट/वस्तुगत/क्षेत्रीयतर्फबाट १ जना निर्वाचन हुने।
- निर्वाचित ३ जना उपाध्यक्षहरू मध्येबाट कार्यकारिणी समितिले १ जना प्रथम उपाध्यक्ष, १ जना द्वितीय उपाध्यक्ष र १ जना तृतीय उपाध्यक्ष मनोनीत गर्ने।
- निवर्तमान अध्यक्ष कार्यकारिणी समितिको पदेन सदस्य रहने।
- उद्योग क्षेत्रबाट ६ र वाणिज्य क्षेत्रबाट ६ जना कार्यसमितिको निर्वाचन हुने ।
- वस्तुगत सङ्गठित सदस्यहरू मध्येबाट ४ जना कार्यकारिणी सदस्यको निर्वाचन हुने।
- कर्पोरेट सदस्यहरू मध्येबाट २ जना कार्यकारिणी सदस्यको निर्वाचन हुने।
- क्षेत्रीय सङ्गठित सदस्यबाट १ जना कार्यकारिणी सदस्यको निर्वाचन हुने।
- महिला उद्यमी व्यवसायीबाट १ जना कार्यकारिणी सदस्यको निर्वाचन हुने।
- संघको प्राथमिकता प्राप्त क्षेत्र कृषि, पर्यटन, स्वास्थ्य र शिक्षाबाट पूर्व अध्यक्षको परामर्शमा कार्यसमितिले ४ जनालाई विशिष्ट सदस्यको रूपमा मनोनयन गर्ने ।
- अध्यक्षबाट साधारण सदस्य मध्येबाट एक जना महिलासहित जम्मा ३ जनासम्मलाई कार्यसमिति सदस्यमा मनोनयन हुने।

**२. साङ्गठनिक संरचनाः**

**२.१. कार्यसमितिः**

कार्यसमिति संघको प्रमुख कार्यकारिणी अङ्ग हो। जसमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, तृतीय उपाध्यक्ष र कार्यसमिति सदस्य गरी २९ जना सदस्य रहने छन्। निवर्तमान अध्यक्ष कार्यकारिणी समितिको पदेन सदस्य रहने व्यवस्था छ।

**२.२. समिति एवं उपसमितिहरू**

यस उद्योग वाणिज्य संघ-चितवनअन्तर्गत २ किसिमका उपसमितिहरू रहने व्यवस्था छ।

- कार्यगत समितिहरू

- वस्तुगत समिति तथा उपसमितिहरू

संघको कार्यहरू सुचारू रूपले सम्पादन गर्न संघमा विभिन्न कार्यगत समितिहरूको गठन गरिनेछ।

## २.३. सचिवालय

यस संघका मुख्यतः ४ वटा कार्यक्षेत्र छन्। जस्तै प्रशासनिक तथा लेखा इकाइ, सूचना तथा प्रकाशन इकाइ, कार्यक्रम इकाइ, व्यावसायिक सेवा केन्द्र। उल्लेखित कार्यहरू संघको कर्मचारी नियमावलीअनुसार नियुक्त भएका कार्यकारी निर्देशकको मातहतबाट सम्पादन गरिन्छन्।

## ३. उद्योग वाणिज्य संघ-चितवनको लक्ष्य (Mission)

"उद्योगी तथा व्यवसायीहरूको हकहितको संरक्षण तथा संवर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुर्‍याउने।"

## ४. उद्योग वाणिज्य संघ-चितवनको परिकल्पना (Vision)

"आफ्नो कार्यक्षेत्रभित्र सञ्चालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै बढी आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिँदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रूपमा संघलाई विकसित गर्ने।"

## ५. गुणस्तरीय नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग, व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जन शक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टिको माध्यमबाट गुणस्तरीय उद्देश्यहरूलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रूपमा विकसित हुन प्रतिवद्ध छ।

## ६. गुणस्तरीय उद्देश्यहरू (Quality Objectives)

- सदस्य सेवा प्रवाहमा कम्तीमा वार्षिक ८० प्रतिशत सेवाग्राही सन्तुष्टी प्रदान गर्ने।
- संस्थागत गतिविधि एवं प्रतिस्पर्धामा सहभागी भई कम्तीमा वर्षमा एउटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान हासिल गर्ने।
- हरेक वर्ष कम्तीमा एउटा व्यापार मेला/प्रदर्शनी आयोजना गर्ने।
- व्यवसाय प्रवर्द्धनको लागि वर्षमा एउटा राष्ट्रिय स्तरको कार्यक्रम आयोजना गर्ने।
- संघका सबै क्षेत्रका सदस्यहरू मध्येबाट १०% नमूना सङ्कलन गरी तिनीहरूबाट प्राप्त पृष्ठपोषण र आवश्यकताका आधारमा उपयुक्त र प्रभावकारी कार्य सञ्चालन प्रणाली अपनाउने।
- संघले अपनाएका नीति तथा प्रकृयाहरूको कार्यान्वयनको विश्वसनीयता निक्यौंल गर्न उद्देश्यमापक चार्ट सहित अर्धवार्षिक रूपमा समीक्षा बैठक बस्ने।

## ७. सरकार प्रदत्त कार्यहरू

- उत्पत्तिको प्रमाण जारी गर्ने

  नेपाल सरकारद्वारा नेपाल उद्योग वाणिज्य महासंघ मार्फत् यस संघलाई प्राप्त अधिकारअन्तर्गत संघले आफ्ना सदस्यहरूलाई देश भित्र उत्पादित वस्तु भारत तथा अन्य देशमा निर्यात गर्दा उत्पत्तिको प्रमाणपत्र जारी गर्दै आएको छ।
- व्यापारिक फर्म दर्ताको लागि सिफारिस दिने

  नेपाल सरकार, वाणिज्य विभाग तथा वाणिज्य कार्यालयलाई व्यापारिक फर्म दर्ता तथा नवीकरणसम्बन्धी सिफारिस दिने कार्य संघले गर्दै आएको छ।
- कम्पनी रजिस्टार कार्यालयको व्यापारिक फर्म दर्ता तथा नवीकरणमा सहजीकरण।

## ८. मध्यस्थता

व्यापारिक कारोवारको सिलसिलामा संघका साधारण सदस्यहरू वा अन्य सदस्यबिच वादविवाद उत्पन्न भएमा संघले दुवै पक्षबिच मध्यस्थता गर्ने गर्दछ।

# उद्योग वाणिज्य संघ-चितवनको
## वार्षिक प्रगति प्रतिवेदन



❑ **निलबहादुर केसी**
कार्यकारी निर्देशक
उद्योग वाणिज्य संघ-चितवन

*उद्योग वाणिज्य संघ-चितवनको ५७ औं वार्षिक साधारण सभाका सभापति एवं संघका अध्यक्षज्यू,*
*संघका निवर्तमान अध्यक्षज्यू,*
*संघका पूर्वअध्यक्ष एवं सल्लाहकारज्यूहरू,*
*कार्यसमितिका पदाधिकारीज्यूहरू तथा सदस्यज्यूहरू,*
*कर्पोरेट सदस्यका प्रतिनिधिज्यूहरू*
*वस्तुगत संघका अध्यक्षज्यू, एवं प्रतिनिधिज्यूहरू,*
*साधारण सभा मूल तयारी समितिका संयोजक एवं विभिन्न कार्यगत समितिका संयोजक एवं सदस्यज्यूहरू,*
*संघका साधारण सदस्य एवम् सभासद्ज्यूहरू,*

चितवनका उद्यमी व्यवसायीको आसा एवम् भरोसाको धरोहरका रूपमा रहेको गौरवमय इतिहास बोकेमो यस उद्योग वाणिज्य संघ-चितवनको गरिमामय ५७ औं वार्षिक साधारण सभामा संघको निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुभएका सम्पूर्ण सभासदज्यूहरूमा संघको कार्यकारी निर्देशक निलबहादुर केसी एवम् सचिवालयका सम्पूर्ण कर्मचारीको तर्फबाट न्यानो स्वागत तथा अभिवादन टक्र्याउन चाहन्छु। आदरणीय सभासदज्यूहरू, यस संघको मिति २०७९ मंसीर २६ गते सम्पन्न संघको ५६ औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् हालसम्म संघबाट गरिएका विभिन्न क्रियाकलापहरू समेटिएको वार्षिक प्रतिवेदन विशेष बुलेटिनको रुपमा यस गरीमामय सभामा यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु। आदरणीय सभासदज्यूहरू, एक वर्षको अवधिमा संघले आयोजना गरेका कार्यक्रमहरू कतिपय योजना अनुरुप सम्पन्न गरियो भने कतिपय कार्यक्रमहरू सदस्यको माग, समय र परिस्थितिजन्य रहेका थिए।

*आदरणीय सभासद्ज्यूहरू,*

उद्योगी व्यवसायीको हक, हितको संरक्षण संवर्द्धन र प्रवर्द्धन गर्दै संघको संस्थागत लक्ष्य, गुणस्तर नीति एवम् उद्देश्य अनुरुप आफ्ना क्रियाकलापहरूलाई योजनावद्ध रुपमा अगाडि बढाउनको लागि संघ यस वर्ष पनि क्रियासिल रह्यो । संघका अग्रज र पूर्वअध्यक्षज्यूहरूको अथक मेहनत र योगदानका कारण संघले प्राप्त गरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातिलाई जोगाउँदै संघको गरिमालाई अझ उंचो बनाउनमा संघ निरन्तर लागि रहेको छ। विश्व बजार र राष्ट्रिय स्तरमा देखिएको आर्थिक विचलन, मन्दी र व्यावसायिक क्षेत्रमा देखिएको अस्थिरता लगायत समय समयमा आउने व्यावसायिक जटिलताका बाबजुद संघले आफ्नो सहभागितालाई दरिलो रुपमा प्रस्तुत गरिरहेको छ। लगभग सात दशक लामो गौरवमय इतिहास बोकेको यस संघ आज आम सर्वसाधारणको समेत भरोसाको केन्द्रबिन्दु बन्न सफल भएको छ भने विभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघका लागि एक अध्ययन केन्द्रको रुपमा विकास हुँदै आएको छ। वर्षेनी दर्जनौं जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूले यस संघलाई अध्ययन र सिकाइको थलोको रुपमा ग्रहण गर्दै संघको भ्रमण गरिरहेका छन् र संघले पनि विकासोन्मुख उवासंघहरूको क्षमता अभिवृद्धिका लागि समेत निरन्तर

सहयोग गर्दै आइरहेको यसै सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

*आदरणीय सभासद्ज्यूहरू,*

निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक मध्येको एक यस उद्योग वाणिज्य संघ चितवन नेपालको चेम्बर मुभमेन्टको एक अग्रणी संस्थाको रूपमा रहँदै आएको छ र आफूलाई नेपालकै एक अब्बल संघको रुपमा स्थापित गरिसकेको छ । संघलाई आज यस अवस्थामा ल्याइपुऱ्याउनमा विशेष योगदान दिनुहुने संस्थापक कार्यसमिति, पूर्व अध्यक्षज्यूहरू, पूर्व कार्यसमिति र सम्पूर्ण सदस्य महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । उद्योग वाणिज्य संघ-चितवनको ५५ औं वार्षिक साधारण सभा एवम् अधिवेशनद्वारा निर्वाचित नयाँ कार्यसमितिले वृहत् कार्ययोजना तर्जुमा गोष्ठीको आयोजना गरी २ वर्षसम्म सम्पन्न गरिने कार्यक्रम सहित द्विवर्षिय कार्ययोजना तय गरेको थियो । विगतका दिनहरूका अनुभव, समयको माग र व्यावसायिक आवश्यकतालाई मध्येनजर गरी तय गरिएको कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरूलाई संघले यस वर्ष पनि प्राथमिकतामा राखि आयोजना गरेको छ । आफ्ना योजनावद्ध कार्यक्रम लगायत संघ कोभिड-१९ को असर, रसिया युक्रेन युद्धको कारण इन्धन र खाद्यान्नमा भएको मूल्यबृद्धि, चालुपूँजीकर्जा मार्गनिर्देशनका कारण बैंक तथा वित्तीय संस्थाद्वारा गरिएको ब्याजदरको बृद्धि, राज्यद्धारा लागु गरेका अव्यवहारिक कर, (विज्ञापन कर, घरवहाल कर खाद्यवस्तुमा लगाइएको मुल्य अभिवृद्धि कर लगायत) राजश्व, अन्तःशुल्क एवम् चितवन जिल्लामा सडक विस्तारका क्रममा भएको ढिला सुस्ती र यसले व्यावसायिक क्षेत्रमा निम्त्याएको ह्रासका विरूद्धमा यस वर्षका संघका गतिविधि केन्द्रित भएको समेत म जानकारी गराउन चाहन्छु । यि र यस्ता किसिमका व्यावसायिक प्रतिकूललताका कारण योजनामा तय गरिएका सम्पूर्ण कार्य सम्पन्न गर्न नसकिएको समेत यस गरिमामय सभामा स्मरण गराउँदै व्यावसायिक हितका थप कार्यक्रमहरू आगामी दिनहरूमा निरन्तर रुपमा सञ्चालन गरिने समेत अवगत गराउँदछु ।

*आदरणीय सभासद् महानुभावहरू,*

संघले आफ्ना गतिविधिहरूलाई परिमार्जित र सदस्य केन्द्रित बनाउन हरदम प्रयास गरिरहेको छ । संघको संरक्षकत्वमा सञ्चालित सहकारी संस्थाबाट सयौं व्यवसायीहरूलाई सहज तवरले कर्जा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएका छौं भने कोसेली घरलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाइएको छ । चेम्बर गेष्टहाउसको भवनमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय बागमति प्रदेश सरकारको सहयोगमा मिनि कन्फरेन्स हलको निर्माण गरिएको छ । गेष्ट हाउस र सचिवालयतर्फ बागमती प्रदेश सरकारको सहयोगमानै थप एसी र सीसी क्यामेरा जडान गरी सचिवालयको सुरक्षा र व्यवस्थापन पक्षलाई थप चुस्त बनाइएको छ । अतिथि गृहलाई व्यवस्थित गराउनको लागि यस वर्ष थप सामाग्रीहरू खरिद गरिएको छ भने यसलाई समयानुकूल प्रतिष्पर्धात्मक बनाउन कार्यगत समिति प्रयत्नशिल रहेको थियो । संघमा आवद्ध सदस्यलाई सूचना संप्रेशण गर्ने सन्दर्भमा मासिकरुपमा प्रकाशन हुंदै आएको चेम्बर बुलेटिनलाई डिजिटलाइज्ड गरी संघको वेभसाइटमा राखिंदै आएको छ भने समाचार तथा सूचना संप्रेशण कार्यलाई प्रविधिमैत्री गराइएको छ । संघले प्रदान गर्ने सेवा, व्यावसायिक सूचना प्रवाह र विविध जानकारी उपलब्ध गराउनको लागि CCIC मोवाईल एपको निर्माण गरिएको छ जसबाट सदस्यले गुनासो राख्ने, सूचना अवगत गर्ने र सदस्यता नवीकरण एप मार्फतनै गर्न सक्ने व्यवस्था मिलाईएको जानकारी गराउंदछु ।

संघका मुख्य चार कार्यक्षेत्र- कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन (HEAT: Health, Education, Agriculture & Tourism) लाई आधार बनाएर सोसँग सम्बन्धित क्रियाकलापहरू आयोजना यस वर्ष पनि गरेको छ । स्थानीय निकायसँग समन्वय गर्दै भरतपुर महानगरपालिकाले घोषणा गरेको भरतपुर भ्रमण वर्ष २०२४ मा निजी क्षेत्रको तर्फबाट प्रतिनिधित्व गर्दै संघले यसको प्रवर्द्धन गरिरहेको छ भने पर्यटन र Invest Chitwan सम्बन्धि विषयमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन सहकार्यमा आयोजना गर्ने कार्यक्रम तय भएको समेत अवगत गराउन चाहन्छु । संघले यस वर्षदेखि संघका क्रियाकलापलाई एकितृत

गर्दै व्यावसायिक तालिम, गोष्ठी, सेमिनार, परामर्श सेवा तथा लगानी प्रबर्द्धन र लगानीकर्ता पहिचान एकै थलोबाट गर्ने उद्देश्यले Chamber Learning Centre स्थापना गरेको छ । यसका लागि सरकारी निकाय, निजी क्षेत्र र शैक्षिक क्षेत्र बिच सम्झौता हुन लागेकोसमेत यसै सभामा जानकारी गराउन पाउँदा गौरवको महसुस गरेको छु । नवप्रवेशी उद्यमीहरू र वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको (Returnee Migrants) सिपलाई उद्यमशीलतातर्फ लैजाने हेतुले नव उद्यमशाला Incubation Centre पनि यस संगै संचालन हुन लागेको र यसको लागि गृहकार्य भैरहेको छ ।

यसैगरी संघले गतवर्षदेखि रोजगारदाता र बेरोजगार जनशक्ति बिच मध्यस्थताको भूमिका निर्वाह गर्दै औद्योगिक क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्नका लागि दुवै पक्षबिचको पुल (Bridging Role) को काम गरिरहेको र यसबाट केही उद्यमी र युवाहरू लाभान्वित भैसकेको समेत यसै सभामा अवगत गराउन चाहन्छु । शैक्षिक क्षेत्र, सार्वजनिक क्षेत्र र निजी क्षेत्र (Triple Helix Model) बिचको सहकार्यमा व्यवसाय विकास सेवा केन्द्र स्थापनार्थ स्मृतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर हुने काम अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु । संघका सदस्यज्यूहरूलाई विभिन्न व्यावसायिक प्रतिष्ठानमा संघको सदस्यता पेश गरेकै आधारमा छुट हुने व्यवस्था यस वर्ष गरिएको छ । हाल सिएमसी हस्पिटल, कलेज अफ मेडिकल साईन्सेज चितवन, नारायणी सामुदायिक हस्पिटल, सिएमटि रिर्सोटमा संघका सदस्यहरूले छुट पाईरहेका छन् । यस कार्यलाई आगामी दिनहरूमा पनि थप गर्दै जाने समेत अवगत गराउन चाहन्छु ।

चितवनको परिचयसँग जोडिएको चितवनको गौरव र गरिमामय प्रस्तुतिको रूपमा रहेको चितवन महोत्सवको १४ औँ संस्करण चितवन महोत्सव–२०७९ गत वर्ष पौष २५ देखि माघ ४ गतेसम्म आयोजना गरिएको थियो । पर्यटनलाई केन्द्रविन्दुमा राखि चितवन एक विविधताको गन्तव्य (Chitwan: The Land of Diversity) भन्ने अवधारणाका साथ आयोजना गरिएको उक्त महोत्सव सफलताको साथ सम्पन्न भएको थियो । सचिवालयबाट सम्प्रेषण हुने जानकारी तथा सूचनाहरूलाई संघको वेवसाइट, सामाजिक सञ्जाल र छापामार्फत सुसूचित गर्ने कार्य निरन्तर रहिरहेको छ । सचिवालयले आफ्ना गतिविधिहरू लगायत सरकारद्वारा लागू गरिएका आर्थिक, औद्योगिक नीति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला महोत्सवको जानकारीलाई निरन्तर वेवसाइटमा राख्ने कार्य गर्दै आइरहेको छ । संघको द्वैमासिक प्रकाशन बुलेटिनलाई ई–पत्रिका मार्फत प्रकाशन गरिँदै आएको छ । नेपाल सरकारको प्रावधान बमोजिम संघ यसै वर्षदेखि सामाजिक सुरक्षा कोष (Seocial Security Fund) मा आवद्ध भएको छ । यसै गरी गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System) आई.एस. ओ. ९००१:२००८ लाई स्तरोन्नती गरी ISO:9001; 2015 भई Accreditation Certificate प्राप्त गरी दिइएका मापदण्डलाई पुरा गर्दै निरन्तरता दिन सचिवालय सफल भएको छ ।

*आदरणीय सभासद् महानुभावहरू,*

संघको कार्ययोजना तर्जुमा गोष्ठीबाट निर्दिष्ट क्रियाकलाप बाहेक संघको नेतृत्व, कार्यसमिति, विभिन्न कार्यगत समितिबाट आएको निर्देशनलाई पालना गर्दै संघमा आवद्ध सदस्यहरूको हितका सवालमा सचिवालय कटिबद्ध रहँदै आएको र सो सवालमा आगामी दिनहरूमा पनि लागिरहने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । संघका गतिविधिहरूलाई सञ्चालन गर्नका लागि संघलाई सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार र स्थानीय निकाय, स्थानीय प्रशासन, सुरक्षा निकाय नेउवामहासंघ, संघका अध्यक्ष एवं पदाधिकारीज्यूहरू, कार्यसमिति सदस्यज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, विभिन्न वस्तुगत संघका अध्यक्षज्यूहरू,सम्पूर्ण सदस्यज्यूहरू, सचिवालयका मेरा सहकर्मी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सूचना तथा प्रविधिको माध्यमबाट संघबाट आयोजना गरिएका क्रियाकलापहरूलाई सदस्य र आमसर्वसाधारणमा पुऱ्याउन अमुल्य योगदान दिने विभिन्न सञ्चारमाध्यमका सञ्चारकर्मी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अब म संघले गत वर्षको साधारण सभा पश्चात एक वर्षको अवधिमा सम्पन्न गरेका क्रियाकलापहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नेपाल उद्योग वाणिज्य महासंघमा संघको प्रतिनिधित्व**

| नाम | समिति | पद |
| --- | --- | --- |
| श्री चुननारायण श्रेष्ठ | जिल्ला नगर परिषद् | सदस्य |
| श्री राजेन्द्र ओली | बैंक, वित्तीय संस्था एवम् बीमा समिति | आमन्त्रित सदस्य |

## विभिन्न संघ-संस्थाहरूमा संघको प्रतिनिधित्व

संघले आफै वा यसको उपसमितिहरू मार्फत् आफ्ना सदस्यहरूको उद्योग तथा व्यापार सम्बन्धी हकहितको सुरक्षा तथा समस्या समाधानका लागि औपचारिक वा अनौपचारिक रुपमा सरकारी निकाय तथा अन्य संघसंस्थाहरूमा प्रतिनिधित्व गरेको छ । हाल संघको प्रतिनिधित्व तपसील बमोजिम रहेको छ ।

- सदस्य, नेपाल सरकार, नगर विकास समिति
- सदस्य, नेपाल सरकार घर–जग्गा मूल्याङ्कन समिति
- सदस्य, नेपाल सरकार, जिल्ला दैवीप्रकोप उद्धारसमिति
- सदस्य, सञ्चालक समिति, बालकुमारी कलेज, नारायणगढ
- अध्यक्ष, सञ्चालक समिति, बालकुमारी इङ्लिस बोर्डिङ स्कुल, नारायणगढ
- सदस्य, राष्ट्रिय खेलकुद परिषद्, चितवन जिल्ला शाखा
- सदस्य, देवघाट क्षेत्र विकास समिति
- सदस्य, पर्यटन समिति, चितवन
- संयोजक, जिल्लास्तरीय सूचना केन्द्र, चितवन
- संयोजक, एक गाउँ एक उत्पादन कार्यक्रम कार्यान्वयन समिति, चितवन
- संयोजक, युवा तथा साना व्यवसायी स्वरोजगार, चितवन
- सदस्य, जिल्ला कृषि विकास समिति
- सदस्य, सञ्चालक समिति, भरतपुर अस्पताल, चितवन
- सदस्य, जिल्ला अनुगमन समिति, जिल्ला प्रशासन कार्यालय चितवन
- सदस्य, भरतपुर खानेपानी व्यवस्थापन बोर्ड
- सदस्य, जिल्ला खानेपानी तथा सरसफाइ समिति, भरतपुर
- सदस्य, स्थानीय शान्ति समिति चितवन
- सदस्य, स्थानीय विकास कोष, जिल्ला समन्वय समिति, चितवन
- सदस्य, राजस्व परामर्श समिति, जिल्ला समन्वय समिति, चितवन
- सदस्य, राजस्व परामर्श समिति, भरतपुर महानगरपालिका, चितवन
- सदस्य, बजार तथा पार्किङ व्यवस्थापन समिति, भरतपुर महानगरपालिका, चितवन
- सदस्य, हाम्रो घर, नारायणगढ
- सदस्य, सामुदायिक सेवा केन्द्र, चितवन
- सदस्य, क्यान्सर सेवा समाज, वी.पी.को.मे.क्या.अ., चितवन
- सदस्य, नगरस्तरीय सरसफाइ अनुगमन समिति
- सदस्य, चितवन टेम्पो, माइक्रो तथा मिनीबस व्य.समिति
- सदस्य, ट्राफिक तथा बजार व्यवस्थापन समिति
- सदस्य, नेपाल नेत्रज्योति संघ, चितवन
- सदस्य, बाल कल्याण समिति, चितवन
- सल्लाहकार, चितवन कलेज, नारायणगढ
- सदस्यः जिल्ला विपद् व्यवस्थापन समिति, चितवन
- सदस्यः विपद् व्यवस्थापन समिति, भरतपुर महानगरपालिका
- सदस्यः सञ्चालक समिति, नारायणी नमूना मा.वि, चितवन
- सदस्यः दर रेट निर्धारण समिति, चितवन
- सदस्यः बाल अधिकार संरक्षण समिति, भरतपुर महानगरपालिका

## सचिवालयबाट गरिएका क्रियाकलापहरूः

### वैठक

उद्योग वाणिज्य संघ-चितवनले जिल्लाको आर्थिक/सामाजिक क्षेत्रमा भएका गतिविधिहरूको जानकारी, सचिवालय सुदृढीकरणका लागि कार्यसमिति सदस्यहरूबिच, वस्तुगत संघबिच एवं एसोसिएट सदस्यहरूबिच, महिला उद्यमीबिच, कार्यगत समिति लगायतको बेलाबेलामा बैठकहरू सञ्चालन गर्दै आएको छ । त्यसैगरी तत्कालीन समस्याहरू निराकरण गर्नका लागि समय–समयमा स्थायी समिति (पदाधिकारी) बैठकहरू पनि गर्दै आएको छ ।

### कार्यसमितिको बैठक

२०७९ मङ्सिर २७ गतेदेखि २०८० मंसीर २० गतेसम्म यस संघको कार्यसमितिको वैठक नियमित १२ र आकस्मिक १ गरी जम्मा १३ पटक बसेको थियो । उक्त वैठकमा संघको सदस्यताका लागि निवेदन दिएका सदस्यहरू, समयसापेक्ष विभिन्न कार्यक्रमहरू, संघले गर्ने पहल कदमीका विषयहरू एवं आर्थिक स्वरुपका विविध पक्षहरूमा छलफल गरी निर्णय गरिएको छ ।

### कार्यगत समितिहरूको बैठक

संघले गठन गरेको विभिन्न कार्यगत समितिहरूको

वैठक समय, परिस्थिति र आवश्यकता हेरी पटकपटक वस्ने गरेको जानकारी गराउन चाहन्छु ।

## सदस्यता

सदस्यताः चितवन जिल्लाभित्र रहेर उद्योग, व्यापार र सेवा व्यवसाय सञ्चालन गरेका तथा नेपाल सरकारका निकाय एवम् स्थानीय निकायमा दर्ता भएको प्रोप्राइटरसीप फर्म, साझेदारी फर्म, प्राइभेट लिमिटेड तथा लिमिटेड कम्पनी, संस्थान वा संस्था संघको सदस्य बन्न सक्नेछ । संघमा हाल निम्न लिखित बमोजिमका सदस्यहरू छन् :

| ५६ औं वार्षिक साधारणसभा सम्मको सदस्यता विवरण | | ५७औं वार्षिक साधारणसभा सम्मको सदस्यता विवरण | |
|---|---|---|---|
| **साधारण सदस्य तर्फ** | **३६०८** | **साधारण सदस्य तर्फ** | **३६६३** |
| *उद्योग तर्फ* | *१२१८* | *उद्योग तर्फ* | *१२४४* |
| *वाणिज्य तर्फ* | *२३९०* | *वाणिज्य तर्फ* | *२४१९* |
| **वस्तुगत** | **३६** | **वस्तुगत** | **३६** |
| **कर्पोरेट** | **९५** | **कर्पोरेट** | **११६** |
| **क्षेत्रीय** | **२** | **क्षेत्रीय** | **२** |
| **कुल सदस्य** | **३७४१** | **कुल सदस्य** | **३८१७** |

## सचिवालय

संघको संस्थागत विकास र संघले तय गरेका गुण नीति र उद्देश्य प्राप्तिका खातिर संघको सचिवालयको सुदृढीकरण गर्नु अत्यावश्यक हुन्छ । समय समयमा सचिवालयलाई सुदृढीकरणका लागि पूर्वाधार थपगर्ने, कर्मचारीलाई प्रशिक्षण गर्ने कार्यहरू सञ्चालन भईरहेका छन्। कार्यसमितिले तय गरेका कार्ययोजना र निर्देशनअनुसार सचिवालयले दैनिक क्रियाकलाप र कार्यक्रमहरूको सम्पादन विभिन्न समिति एवं संघसंस्थाहरूसँग समन्वय गरी कार्यकारी निर्देशकको निर्देशनमा सचिवालय सञ्चालन गर्दै आइरहेको छ।

हाल संघमा अधिकृतस्तरका ४, सहायक स्तरका २ र सहयोगीस्तरका १२ जना गरी जम्मा १८ जना कर्मचारीहरू कार्यरत छन् ।

## संघको आयस्रोत

### व्यवसाय सेवा केन्द्र

उद्योगी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनको क्रममा आवश्यक सहयोग पुऱ्याउन र उद्योग वाणिज्य संघ-चितवनको आर्थिक अवस्थालाई मजबुत बनाउन सकियोस् भन्ने उद्देश्यले संघले व्यवसाय सेवा केन्द्रको स्थापना गरेको छ। व्यवसाय सेवा केन्द्रबाट हाल प्रदान गरिँदै आएका सेवाहरू र सेवाग्राहीहरूको बारेमा देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | संघबाट प्रदान गरिएको सेवा | सेवाग्राही |
|---|---|---|
| १ | फोटोकपी, फ्याक्स, ईमेल र कम्प्युटर सेवा | २००० |
| २ | व्यवसाय दर्ता प्रक्रियासम्बन्धी जानकारी | ९० |
| ३ | कम्पनी रजिस्ट्रार कार्यालयमा वार्षिक आय बुझाउन सहयोग गरिएको | २५ |
| ४ | संघबाट सञ्चालन हुने तालिमसम्बन्धी जानकारी | ११५० |
| ५ | कम्पनी रजिस्टार कार्यालयमा व्यवसाय दर्ता गराउन आवश्यक पर्ने जानकारी | २२० |
| ६ | उद्योग वाणिज्य संघ-चितवनमा नयाँ सदस्यता प्रक्रियासम्बन्धी जानकारी | २०० |
| ७ | Exim Code वितरण | ७ |
| ८ | उत्पत्तिको प्रमाण पत्र (CO) | ५५० |

## अतिथिगृह

उद्योग वाणिज्य संघ-चितवनको प्रमुख आयस्रोतको रुपमा संघको अतिथिगृह रहेको छ । यसले अत्याधुनिक एवं साधारण कोठासमेत कुल ३० बेड क्षमता भएको सोह्रवटा कोठाहरू सञ्चालन गर्दै आएको छ । उद्योगी-व्यवसायी एवं विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका महानुभावहरूलाई सहुलियत दरमा सेवा प्रदान गर्दै आएको यस अतिथि गृहले भविष्यमा अझ सेवालाई बढाउने लक्ष्य लिएको छ। उद्योग वाणिज्य संघ-चितवनको सचिवालय अतिथिगृहतर्फ समयसापेक्ष आधुनिकीकरण गर्दै आइरहेको छ । कोठाहरूको मर्मत संभार गर्ने, बेड विस्तारा परिवर्तन गर्ने, रंगरोगन लगाउने, ईन्टरनेटको व्यवस्था र मोबाइल बैंकिङ मार्फत भुक्तानी दिन मिल्ने प्रणालीको विकास गरिएको छ भने लगत्तै अनलाइन बुकिङ गर्न मिल्ने प्रक्रिया अगाडि बढाउन लागिएको छ।

## बहुउद्देश्यीय सम्मेलन कक्ष एवम् तालिम हल

उद्योग वाणिज्य संघ-चितवनको आफ्नै तीनतले भवन बहुउद्देश्यीय प्रयोजनको लागि उपयोग गरिएको छ। उक्त बहुउद्देश्यीय भवनको पहिलो तल्लामा सम्मेलन कक्ष,

दोस्रो तल्लामा संघको सचिवालय, व्यवसाय सेवा केन्द्र र तेस्रो तल्लामा कार्यसमिति बैठक कक्षको व्यवस्था गरिएको छ। उक्त भवनलाई समयसापेक्ष आवश्यकता अनुसार सुधार गरिएको छ। यस वर्ष आतिथिगृह तर्फको भवनको तालिम कक्षलाई आधुनिकिकरण गरी हलभाडामा बृद्धि गरिएको छ।

**शहिदचौक स्थित व्यवसायीक भवन**

उद्योग वाणिज्य संघ-चितवनको स्वामित्वमा भमनपा २ शहिदचौकमा २ तल्ले व्यावसायिक भवन रहेको छ। गत वर्षदेखि स्तरोन्नती गरी उक्त भवनलाई व्यावसायिक प्रयोजनमा लगाइएको छ। उक्त भवनलाई संघले आयस्रोतको रुपमा लिएको छ।

**कानुनी /राजश्व परामर्श सेवा**

संघले उद्योगी व्यवसायीहरू एवं आफ्ना सदस्यहरूलाई व्यावसायिक सिलसिलामा आइपरेका समस्याहरू समाधानमा सघाउ पुऱ्याउने उद्देश्यले कानुनी तथा राजश्व सल्लाहकारको व्यवस्था गरी आवश्यक सल्लाह दिंदै आएको छ।

**राजस्व परामर्श सेवा**

उद्योग वाणिज्य संघ-चितवनले आफ्ना सदस्यहरूलाई उद्योग तथा व्यवसाय सञ्चालनको क्रममा आईपर्ने राजश्वसम्बन्धी समस्या समाधानको लागि उचित परामर्श प्रदान गर्ने उद्देश्यले वरिष्ठ उपाध्यक्ष श्री सुमनकुमार श्रेष्ठको संयोजकत्वमा छुट्टै राजस्व परामर्श समिति गठन भइ निरन्तर सो सम्बन्धमा कार्य सम्पादन गर्दै आइरहेको छ।

**संघका प्रकाशनहरु**

**बुलेटिन प्रकाशन**

२०४९ सालदेखि संघद्वारा बुलेटिन निरन्तर रुपमा प्रकाशित गरिएको छ। संघद्वारा सम्पन्न गतिविधिहरू तथा व्यावसायिक उपयोगीमूलक जानकारी एवम् सूचनाहरू, वस्तुगत संघ तथा समितिका क्रियाकलापहरू समेटी व्यावसायिक प्रवर्द्धन गर्ने उद्देश्यले बुलेटिन प्रकाशन गर्ने कार्य हुँदै आइरहेको छ। विगत २ बर्षदेखि संघले भौतिकरुपमा बुलेटिन प्रकाशन नगरी ई-बुलेटिनको रुपमा आफ्नो वेभसाईटबाट प्रकाशन गर्दै आइरहेको छ। यसैगरी प्रत्येक वर्ष साधारण सभाको अवसरमा विविध लेख र संघको वार्षिक प्रतिवेदन समेटेर विशेष बुलेटिन प्रकाशन भइरहेको छ।

**सीसीआईसी एप**

संघले गत वर्षदेखि सीसीआईसी एप निर्माण कार्य सुरू गरेको थियो। हाल उक्त कार्य सम्पन्न भएको छ जसबाट सदस्यले व्यावसायिक सूचना एवम् जानकारी प्राप्त गर्ने, गुनासो राख्ने र सदस्यता नवीकरण गर्न सक्तछन् भने आम सर्वसाधारण समेत व्यावसायिक तवरले लाभान्वित हुनसक्ने छन्।

**प्रेस प्रकाशन**

जिल्लाको समग्र आर्थिक तथा सामाजिक विकासमा संघले निर्वाह गरेका महत्त्वपूर्ण भूमिकालाई राष्ट्रिय एवम् स्थानीय सञ्चार माध्यमहरूले प्राथमिकताका साथ प्रकाशन र प्रसारण गरेका छन्। हाल संघका गतिविधिलाई विभिन्न अनलाइन तथा छापा मिडियाहरूद्धारा प्रबर्द्धन गर्ने कार्य भइरहेको छ। संघले सञ्चार माध्यमहरूसँगको आपसी सम्बन्धलाई सुमधुर बनाउन निरन्तर सम्पर्क, भेटघाट तथा छलफल गर्दै आएको छ। चितवन जिल्लाको आर्थिक गतिविधिलाई जनसमक्ष पुऱ्याउन र उद्योग व्यवसायको अवसरबारे प्रचारप्रसार गर्ने उद्देश्यका साथै आर्थिक क्षेत्रका खोजमूलक सूचनाहरू प्रकाशन तथा प्रसारणमा उत्प्रेणा दिनको लागि संघले हरेक २/२ वर्षको अन्तरालमा संघको अधिवेशनको अवसर पारेर आर्थिक पत्रकारिता पुरस्कार प्रदान गर्दै आइरहेको छ।

**क्यालेन्डर**

संघले प्रत्येक वर्ष नववर्षको उपलक्ष्यमा क्यालेन्डर प्रकाशन गर्दै आइरहेकोमा २०८० सालको शुभ-अवसरमा पनि ८ पेजको रङ्गीन भित्ते क्यालेन्डर प्रकाशन गरी सदस्यहरूकासाथै विभिन्न संघसंस्थाहरूमा ३,००० थान क्यालेन्डर वितरण गरेको छ।

**वेभसाईट संचालन**

संघले आफ्ना सदस्यहरूको विवरण, कार्यसमिति विवरण, क्रियाकलाप, मेला महोत्सव सम्बन्धी जानकारी, विभिन्न कर तथा राजश्व नीति लगायतका विषयहरू वेभसाइटमा राख्ने र अपडेट गर्ने कार्य गर्दै आइरहेको छ। यसै गरी तुरून्त प्रवाह गर्नुपर्ने सूचनालाई संघले एसएमएस मार्फत जानकारी गराउने गरेको छ।

## उद्योग वाणिज्य संघ-चितवनको ५६ औं वार्षिक साधारण सभा सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको ५६औं वार्षिक साधारण सभा २०७९ मंसीर २६ गते सोमबार उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री दिनेश श्रेष्ठ प्रमुख अतिथि रहनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष श्री चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारण सभामाको समुद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि दिनेश श्रेष्ठले चितवनमा पर्यटन पूर्वाधार विकास गर्न सके विश्वकै पर्यटकको आर्कषणाको केन्द्र विन्दु बन्न सक्ने बताउनु भयो । उहाँले बिग्रिएको अर्थतन्त्र सुधारमा राज्यले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभएको थियो । उहाँले तरलता समस्या र बैंकहरूबाट भएको अस्वाभाविक ब्याजदर वृद्धिका कारण नेपाली उद्योगी व्यापारीहरू समस्यामा परेको बताउनु भयो। प्रमुख अतिथि श्रेष्ठले राज्य संयन्त्रले निजी क्षेत्रलाई संरक्षण गर्न नसक्दा देशको अर्थतन्त्र कमोजोर बन्दै गएको र देशको अर्थतन्त्र खस्किँदा निजी क्षेत्रमा लगानी गर्न चाहनेहरू पनि डराउनुपर्ने अवस्था आइपुगेको बताउनुभएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष रामचन्द्र संघाईले निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाई देशभित्रै रोजगारी सृजना गर्न नसकेसम्म देशको आर्थिक उन्नति नहुने बताउनुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै चितवनलाई आर्थिक केन्द्रको रुपमा विकास गर्न काम थाल्न सरकारको ध्यानाकर्षण गराउनु भयो। उहाँले राष्ट्र बैंकद्वारा लागु गरिएको चालु पुँजी मार्गदर्शन २०७९ को व्यवस्थाले देशभरीको उद्योगी व्यापारीमाथी प्रतिकूल असर पारेको बताउनु भयो। कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले निजी क्षेत्रको विकासको लागि तिनै तहको सरकारले सकारात्मक प्रयास थाल्नुपर्ने बताउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवम् नेउवामहासंघका केन्द्रीय सदस्य सहनलाल प्रधानले निजी क्षेत्रमाथी लगाईएको चर्को ब्याजका कारण निजी क्षेत्रमा लगानी गर्नेहरू हात धोएर बस्ने अवस्था आएको बताउनुभएको थियो । कार्यक्रममा भरतपुर महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत महेन्द्रप्रसाद पौडेलले निजी क्षेत्रको हितको लागी करको दरलाई भन्दा दायरा फराकिलो बनाएर काम गर्ने प्रयास महानगरले गरेको बताउनुभएको थियो। कार्यक्रममा चितवन उद्योग संघका अध्यक्ष त्रिलोचन कँडेलले निजी क्षेत्रको लागि सरकारले गम्भीर भएर नसोचे सम्म विकासले फड्को मार्न नसक्ने बताउनुभएको थियो। सोही कार्यक्रमा उद्योग वाणिज्य संघ चितवनले प्रत्येक २/२ वर्षमा आफ्ना संघमा आवद्ध वस्तुगत संघ मध्ये उत्कृष्ट वस्तुगत संघ छनोट गर्दै आईरहेकोमा यस वर्ष संघमा आवद्ध ३६ ओटा वस्तुगत मध्येबाट फेन्सी व्यवसायी संघ चितवन उत्कृष्ट वस्तुगत संघ छनोट भई सम्मान गरिएको थियो। साधारण सभाको अवसरमा उद्योग वाणिज्य संघ-चितवनले मोवाईल एप मार्फत संघको हरेक क्रियाकलाव सार्वजननिक गर्ने उद्देश्यले निर्मित सिसिआईसि मोवाईल एपको सार्वजनिक गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि दिनेश श्रेष्ठले सिसिआईसि मोवाईल एपको सुरूवात गर्नु भएको थियो। सोही साधारण सभाको अवसरमा सस्थाले गरेको हरेक गतिविधीहरूलाई सदस्य सम्म पुऱ्याउन प्रकाशित विशेष बुलेटीन-२०७९ विमोचन गरिएको थियो । उवासंघ-चितवको वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले साधारण सभामा उपस्थित प्रमुख अतिथि, अतिथि, पत्रकार एवम् सभासदज्यूहरूलाई धन्यवाद सहित उद्घाटन समारोह समापन भएको घोषणा गर्नुभएको थियो। कार्यक्रम संघका कार्यकारी निर्देशक निल बहादुर केसीले सञ्चालन गर्नुभएको थियो।

### बन्द सत्र

उद्योग वाणिज्य संघ-चितवनको ५६औं वार्षिक साधारण सभाको दोस्रो सत्र उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा सम्पन्न भएको थियो । संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा संघका कार्यकारी निर्देशक निलबहादुर केसीले प्रस्तुत गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको प्रस्ताव तथा प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले प्रस्तुत गर्नुभएको आ.व. २०७८/०७९ को आय-व्यय विवरण एवम् आ.व.

२०७९/०८० को प्रस्तावित बजेट पारित गरिएको थियो । कार्यक्रममा ५६औं वार्षिक साधारण सभाका मूल संयोजक राजन पियाले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

### संघको ६३औं स्थापना दिवस

उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ माघ १९ गते विविध कार्यक्रमको आयोजना गरी ६३औं स्थापना दिवस मनाएको थियो । संघको सचिवालयमा औपचारिक कार्यक्रम सहित निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रमको आयोजना गरी स्थापना दिवस मनाईएको हो । स्थापना दिवसको अवसरमा आयोजित सभालाई सम्बोधन गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले २०१६ सालमा स्थापित उद्योग वाणिज्य संघ चितवनलाई आजको अवस्थामा ल्याइपुऱ्याउनका लागि अग्रजहरुले खेल्नुभएको भूमिकाको प्रशंसा गर्दै संघ अग्रजहरूको मार्गनिर्देशन र सरसल्लाह बमोजिम अगाडि बढ्ने बताउनुभएको थियो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले यस क्षेत्रको कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको विकासमा संघले निरन्तर कार्यक्रम आयोजना गरेको बताउँदै आगामी दिनहरूमा पनि अझ सशक्त रुपमा यस क्षेत्रका कार्यक्रमहरू आयोजना गरिने बताउनुभएको थियो । उहाँले सार्वजनिक निजी साझेदारी अवधारणा अर्न्तगत संघले गरेका व्यावसायिक हित लगायत पूर्वाधार विकासका कार्यक्रमहरू अनुकरणीय रहेको बताउनुभएको थियो। शुभकामना मन्तव्य व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले स्थापना दिवसको अवसरमा संघमा आवद्ध सम्पूर्ण सदस्यहरूको व्यावसायिक सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि एवम् संघका पूर्व अध्यक्ष के.एल. भुषणले विगतका दिनहरूलाई स्मरण गर्दै नेपाल उद्योग वाणिज्य महासंघको स्थापना हुनुभन्दा पहिला नै परिकल्पना गरिएको यस संघले लामो यात्रा पार गर्न सफल भएको बताउनुभएको थियो । उहाँले व्यवसायीको हक, हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै व्यावसायिक ऐक्यवद्धता जाहेर गर्ने उद्देश्यले स्थापित उद्योग वाणिज्य संघ चितवन आज यस क्षेत्रको सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकासको संवाहकको रुपमा स्थापित भएको बताउँदै अग्रजलगायत पूर्व कार्यसमिति र वर्तमान कार्यसमितिप्रति हार्दिक आभार व्यक्त गर्नुभएको थियो । सोही कार्यक्रममा बोल्दै संघका पुर्व अध्यक्ष प्रचण्डलाल प्रधानले उद्योग वाणिज्य संघ-चितवनको इतिहासको बारेमा जानकारी गराउँदै संघले व्यवसायीहरूको हक, हितकासाथै चितवन जिल्लालाई विकास गर्ने क्रममा भौतिक पुर्वधार निर्माण गर्ने कार्यमासमेत अग्रणी भूमिका खेलेको बताउनुभएको थियो। सोही कार्यक्रममा संघको पूर्व अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका कार्यसमिति सदस्य सहनलाल प्रधानले निजी क्षेत्रको प्रतिनिधिमूलक यस संस्थाले वर्गीय हितकासाथै सामाजिक उत्तरदायित्वका थप कार्यहरू सम्पन्न गरेको बताउँदै आगामी दिनहरूमा पनि थप समय सापेक्ष कार्यक्रमहरू सञ्चालन गर्नका लागि अनुरोध गर्नुभएको थियो । उहाँले निजी क्षेत्रका समस्या समाधानका लागि उवासंघ-चितवन र नेपाल उद्योग वाणिज्य महासंघ सदैव क्रियाशील रहने बताउनुभएको थियो । सोही कार्यक्रममा फेन्सी व्यवसायी संघ-चितवनका अध्यक्ष शंकरप्रसाद घिमिरेले वस्तुगतको तर्फवाट संघको स्थापना दिवसमा बोल्ने अवसर दिएकोमा संघलाई धन्यवाद दिँदै उहाँले बैंक व्याज वृद्धिका कारण व्यवसायीहरू समस्यामा परेको र यस समस्याको समाधानका लागि पहल गर्न उद्योग वाणिज्य संघ-चितवनलाई आग्रह गर्नुभएको थियो । स्थापना दिवसको कार्यक्रममा संघले ६३ वटा दीप प्रज्वलन गरेको थियो। स्थापना दिवसको अवसरमा आयोजित निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा ७० जना व्यवसायीहरूले आफ्नो स्वास्थ्य परीक्षण गरेका थिए । सोही कार्यक्रमको अवसरमा चितवन महोत्सव २०७९ टिकट चिट्ठा कम्प्यूटर माध्यमबाट खोलिएको थियो। कार्यक्रमा चितवन महोत्सव कार्यसम्पादनमा सहयोगी भूमिका निर्वाह गरेका कर्मचारीहरूलाई प्रशंसा-पत्र वितरण गर्ने कार्यक्रम पनि सम्पन्न गरिएको थियो। कार्यक्रममा संघका पूर्वअध्यक्ष रामप्रसाद श्रेष्ठ, प्रचण्डलाल प्रधान, रमेशकुमार पिया, उदयकुमार श्रेष्ठ, उत्तमलाल चुके, कल्याण जोशी लगायत संघका पदाधिकारी, कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, संघका साधारण सदस्यलगायतको उपस्थिति रहेको थियो। संघमा आयोजित स्वास्थ्य परीक्षण कार्यक्रमको लागि नेसनल सिटि हस्पिटल भरतपुरले सहयोग

गरेको थियो । उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

## मेला महोत्सव

### चितवन महोत्सव-२०७९ सम्पन्न

चितवनको गौरव र गरिमामय प्रस्तुतिको रुपमा रहेको महोत्सवको १४औं संस्करण चितवन महोत्सव-२०७९ भव्यताकासाथ सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् भरतपुर महानगरपालिका र जिल्ला समन्वय समिति, चितवनको मुख्य प्रवर्द्धनमा २०७९ पौष २५ गते देखि माघ ४ गते सम्म १० दिन सञ्चालित उक्त महोत्सवमा करिव ४ लाख ५० हजार दर्शकहरूले अवलोकन गरेको थिए भने ३० करोड बढीको कारोबार भएको थियो। महोत्सवमा नेपाल सरकारका उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय नारायणकाजी श्रेष्ठ र उपप्रधान एवम् गृह मन्त्री माननीय रवि लामिछानेले समेत महोत्सवको अवलोकन गर्नुभएको थियो ।

### महोत्सवको समुदघाटन कार्यक्रम

चितवनको गौरव र गरिमामय प्रस्तुति चितवन महोत्सव-२०७९ को १४औं संस्करणको औपचारिक एवम् विधिवत् समुद्घाटन समारोह मिति २०७९ पौष २५ गतेका दिन बागमती प्रदेशका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय मिलनबाबु श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

महोत्सवको उद्घाटन गर्दै मन्त्री श्रेष्ठले चितवन महोत्सवले व्यवसायीको आर्थिक उन्नति गर्ने, कोरोना र बैंकको ब्याजदरका कारण सिथिल बनेको जिल्लाको अर्थतन्त्रलाई महोत्सवले चलायमान बनाउन मद्दत पुग्ने श्रेष्ठको विश्वास थियो । बागमती प्रदेशका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आर्थिक उन्नतिका लागि कामहरू गरिरहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले व्यवसायीलाई परेको समस्या समाधानका लागि प्रदेश सरकार तयार रहेको बताउनुभएको थियो ।

प्रदेश सरकारले प्रदेशका सबै जिल्लामा व्यवसाय दर्ताको काम अनलाइनबाट गर्ने प्रविधिको विकास गरेको भन्दै मन्त्री श्रेष्ठले घरमै बसेर व्यवसाय दर्ता बन्द गर्न सकिने बताउनु भयो । पछिल्लो समय नेपालको हस्तकला व्यवसायले विदेशमा राम्रो व्यापार गर्न सफल भएको भन्दै उहाँले यस व्यवसायबाट आठलाख बढीले रोजगारी पाएको बताउनुभएको थियो ।

कार्यक्रमका विशिष्ट अतिथि एवम् भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले आर्थिक गतिविधिलाई चलायमान बनाउन महोत्सवले मद्दत पुऱ्याउने बताउनु भयो। चितवनको कृषिमा धेरै सम्भावनाहरू रहेको उल्लेख गर्दै प्रमुख दाहालले कृषिको सम्भावनालाई मूर्तरुप दिन महोत्सव फलदायी हुने विश्वास व्यक्त गर्नुभएको थियो । चितवनमा स्वास्थ्य, शिक्षा, कृषि तथा पर्यटनको राम्रो सम्भावना रहेको भन्दै नारायणी नदी तटबन्धसहित यहाँ पर्यटकीय गतिविधि सञ्चालनका लागि महानगरपालिकाले विशेष ध्यान दिएको दाहालको भनाइ थियो ।

महोत्सवको उद्घाटन सत्रमा मन्तव्य राख्दै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले शिक्षा र स्वास्थ्यमाथि निरन्तर प्रहार भइरहेको बताउँदै राज्यले लगानी गर्ने वातावरण सुरक्षित गरिदिएमा मात्रै नेपालले आर्थिक विकास हासिल गर्नसक्ने श्रेष्ठको भनाइ थियो । बैंकको ब्याजदर वृद्धिले व्यवसायीहरू सबैभन्दा बढी समस्यामा परेका भन्दै श्रेष्ठले एकल ब्याजदर कायम गर्न राज्यले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको थियो ।

चितवन महोत्सव मूल समारोह समितिका संयोजक एवं उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले चितवनमा विगतमा भएका महोत्सवहरूले कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धनमा उल्लेख्य भूमिका खेलेको बताउँदै वहाँले महोत्सवले पर्यटनका साथै कृषिमा मौरी, मह र तोरीको प्रवर्द्धन र विकासमा जोड दिएको श्रेष्ठले बताउनु भयो। उहाँले कोभिड-१९ र त्यसपछि सिर्जित समस्याबाट क्षतविक्षत भएको अर्थतन्त्रलाई पुर्नस्थापित गर्न यस्ता मेला महोत्सवहरू अर्थपूर्ण रहने बताउनुभएको थियो ।

मूल संयोजक श्रेष्ठले महोत्सव पर्यटनलाई केन्द्रमा राखेर आयोजना गरिएको उल्लेख गर्दै महोत्सव अवधिभर आयोजना गरिने पर्यटनसँग सम्बन्धित गोष्ठी तथा सेमिनार र विभिन्न पर्यटकीय गतिविधिले चितवनको पर्यटन प्रवर्द्धनमा थप टेवा पुऱ्याउने बताउँदै चितवनलाई पर्यटकीय

दृष्टिकोणबाट देशको तेस्रो गन्तव्यको रुपमा लिइने गरिएकाले दोस्रो बनाउनका लागि वन्यजन्तुमा आधारित पर्यटनका साथै सांस्कृतिक सम्पदा, पर्यापर्यटन, ऐतिहासिक सम्पदा एवम् धार्मिक सम्पदामा आधारित पर्यटनको विकास गर्नुपर्ने बताउनुभएको थियो । वि.सं. २०५३ देखि हरेक दुई वर्षमा आयोजना हुँदै आएको महोत्सवमा कृषि, अटो, मेड इन नेपाल, इलेक्ट्रोनिक्स र आईटीका छुट्टैछुट्टै परिसर रहेको श्रेष्ठले बताउनु भयो। उद्घाटन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ, बागमती प्रदेश सभा सदस्य माननीय उत्तम जोशी, बागमती प्रदेश सभा सदस्य माननीय कृष्णप्रसाद सिलवाल, नेपाली कङ्ग्रेस चितवनका सभापती राजेश्वर खनाल, नेकपा एमाले चितवनका अध्यक्ष रामप्रसाद न्यौपाने, नेकपा मओवादी केन्द्रका अध्यक्ष रामचन्द्र अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीका सचिव कृष्णप्रसाद भुषाल, चितवन महोत्सव-२०७९ का मुख्य प्रायोजक सुपर जनरलका आकाश गजुरेल, चितवन उद्योग संघका अध्यक्ष त्रिलोचन कँडेल लगायतले मन्तव्य राख्नुभएको थियो।

महोत्सवको उद्घाटन समारोहमा चितवन महोत्सव-२०७९ को अवसरमा प्रकाशित स्मारिका प्रमुख अतिथि बागमती प्रदेशका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय मिलनबाबु श्रेष्ठ, उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ सहितका अतिथिद्वारा १४ औं चितवन महोत्सव स्मारिका विमोचन गरिएको थियो ।

उद्घाटन कार्यक्रममा स्थानीय निकायका प्रमुखज्यूहरू, विभिन्न जिल्ला तथा नगर स्तरीय उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिज्यूहरू, सरकारी निकायका प्रमुखज्यूहरू, पत्रकार, प्रर्दशक एवम् दर्शकहरूको उपस्थिति रहेको थियो।

आभास च्यानलबाट प्रत्यक्ष प्रशारण गरिएको समुद्घाटन समारोहको सञ्चालन उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष एवम् चितवन महोत्सव-२०७९ का सदस्य सचिव सुमनकुमार श्रेष्ठले गर्नुभएको थियो ।

**चितवन महोत्सव-२०७९ मा सम्पन्न कार्यक्रमहरू**

**१ खेलकुद कार्यक्रम**ः(Sports Activities)

**क) सेपाक ताक्रोः**

चितवन महोत्सव-२०७९ को अवसरमा महोत्सव परिसरमा अन्तर विद्यालय सेपाक ताक्रो खेलको आयोजना गरिएको थियो । नौलो एवम् पूर्ण मनोरञ्जनात्मक उक्त खेलको अवलोकन गर्नका लागि उल्लेख्य संख्यामा अवलोकनकर्ताहरूको भिड लागेको थियो । दुई दिनसम्म चलेको उक्त खेलमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले नगद पुरस्कार सहित मेडल, प्रमाणपत्र र ट्रफी प्रदान गरिएको थियो ।

**ख) साइकल र्‍यालीः**

चितवन महोत्सव २०७९ को अवसर पारेर महोत्सवको प्रचार प्रसार एवम् प्रवर्द्धन गर्ने उद्देश्यले जनचेतनामूलक जानकारी सहितको एक वृहत् साइकल र्‍याली मिति २०७९ पौष ३० गतेका दिन आयोजना गरिएको थियो । साइकल चढौं स्वस्थ्य रहौं, साइकल चढ्दा गरिब भईदैन, दीर्घजीवी भइन्छ, चितवन महोत्सव २०७९ लाई भव्यताका साथ सफल पारौं भन्ने नारासहितका प्लेकार्ड र महोत्सवको लोगो अङ्कित एप्रोन लगाई सयौंको संख्याले साइकल र्‍यालीमा सहभागिता जनाएका थिए । साइकल र्‍यालीलाई साइकल व्यववसायी संघ चितवन-नवलपुर र चितवन साइकल राइडर्स क्लवले समन्वय गरेको थियो भने साइकल र्‍यालीको उद्घाटन चितवन महोत्सव-२०७९ का मूल संयोजक श्री चुननारायण श्रेष्ठले गर्नुभएको थियो । महोत्सवको सचिवालय उद्योग वाणिज्य संघ-चितवनबाट सुरू भएको र्‍याली ज्ञानेश्वर सामुदायिक वन हुँदै मेघौलीसम्म पुगेर उद्योग वाणिज्य संघ-चितवनको परिसरमा फर्केर समापन भएको थियो । र्‍यालीमा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, र्कासमिति सदस्य, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, खेलाडी लगायत व्यवसायीहरूको उल्लेख्य सहभागिता रहेको थियो। महोत्सवको प्रवर्द्धन एवम् प्रचार-प्रसारमा उक्त र्‍यालीले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

**ग) स्लो साइकल प्रतियोगिता** (Slow Cycle Competition)

चितवन महोत्सव-२०७९ को आयोजना एवम् साइकल व्यवसायी संघ, चितवन-नवलपुरको समन्वयमा माघ २ गतेका दिन महोत्सव परिसरभित्र खुल्ला स्लो साइकल प्रतियोगिता आयोजना गरिएको थियो। प्रतियोगितामा प्रमित थापा, रौनक पौडेल, सुरेश राना र अजय तामाङ क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएका थिए ।

**२. पर्यटन क्षेत्र** (Tourism Sector)

चितवन महोत्सव–२०७९ मा अन्य क्षेत्रहरूको प्रवर्द्धनकासाथै यस वर्ष पर्यटनलाई केन्द्रविन्दु बनाएर आयोजना गरिएको थियो । चितवन पर्यटकीय क्षेत्रहरूका बारेमा जानकारी गराउने उद्देश्यले एक वटा स्टलमा पर्यटकीय स्थलहरूको पोस्टर पम्लेट राखिएको थियो । पर्यटन क्षेत्रसङ्ग सम्बन्धित गोष्ठी, सेमिनार, पर्यटकीय क्रियाकलाप, खेलकुद, सांस्कृतिक भेषभुषाको प्रदर्शनी, लगायतका गतिविधिहरू सञ्चालन गरिएको थियो । १० दिनसम्म सञ्चालन गरिएको चितवन महोत्सव– २०७९ मा पर्यटन विकाससङ्ग सम्बन्धित तपसिल बमोजिमका कार्यक्रमरू आयोजना गरिएको थियो ।

**२.१ मौरीको प्रतिमा निर्माण** (Statue of Bee in Mahotsav premises)

चितवन जिल्ला पर्यटन, शिक्षा, स्वास्थ्य लगायत कृषिमा पनि एक नमूना जिल्ला हो। कृषिको पवबर्द्धनकासाथै कृषि पर्यटनमा समेत योगदान पुर्‍याउने हिसावले संघले समय समयमा प्रवर्द्धनात्मक क्रियाकलापहरू आयोजना गर्ने गरेको छ । यसै सन्दर्भमा चितवन महोत्सव २०७९ को अवसरमा चितवन मौरी पालन र तोरी उत्पादनमा जोड दिने उद्देश्यका साथसाथै यसको अध्ययन अनुसन्धानको लागि पनि उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश फैलाउने उदेश्यले महोत्सव परिसरभित्र तोरी बारीमा मौरीको आकृति निर्माण गरिएको थियो । उक्त मौरीको आकृतिसङ्ग आन्तरिक तथा बाह्य पर्यटकहरूको समेत घुईंचो लागेको थियो ।

**२.२ कलात्मक प्रवेश द्वार** (Artistic Entrance Gate)

चितवन महोत्सव २०७९ को अर्को आकर्षणको रुपमा मूल प्रवेश द्वार पनि रहेको थियो । चितवन जिल्लामा अवस्थित मुख्य पर्यटकीय स्थलहरूको कलात्मक चित्र अङ्कित प्रवेश द्वारले चितवन जिल्लाको पर्यटकीय स्थलहरूको प्रतिनिधित्व गरेको थियो । यसको आकर्षणका कारण दैनिक हजारौं दर्शक एवम् अवलोकनकताहरूले आ–आफ्नो क्यामेरा, मोवाईलमा कैद गर्नकालागि अत्यधिक भिडभाड लोगेको थियो । यो व्यवस्थाले पनि चितवनको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**२.३ नारायणी नदीमा र्‍याफ्टिङ** (Rafting in Narayani River)

नारायणी नदीलाई मनोरञ्जन स्थलको रुपमा विकास गरी त्यसको व्यवसायिक उपयोगीतालाई समेत वृद्धि गर्दै आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने हेतुले महोत्सव अवधिभर नारायणी नदी किनारमा र्‍याफ्टिङको आयोजना गरिएको थियो। महोत्सव परिसरसँग जोडिएको नारायणी नदीमा दैनिक हजारौं आन्तरिक पर्यटन लगायत सयौं सङ्ख्यामा विदेशी पर्यटकहरूले समेत मनोरञ्जन लिएका थिए।

**२.४ फुड फेस्टिवल–२०७९** (Food Festival -2079)

चितवन महोत्सव २०७९ को अवसरमा पौष २८ गतेदेखि माघ २ गतेसम्म नारायणगढ स्थित क्याम्पाचौर, नारायणगढमा क्याम्पाचौर फुड फेस्टिवलको आयोजना गरिएको थियो । चितवन महोत्सवको अभिन्न अंगको रुपमा रहेको एवम् महोत्सवको मुख्य आकर्षणको रुपमासमेत रहेको फुड फेस्टिवल बेलुका ५ बजेदेखि राती १० बजेसम्म सञ्चालन गरिएको थियो । परम्परागत खानाका परिकारहरूको प्रचार–प्रसार गर्दै पर्यटन प्रवर्द्धमा सहयोग पुर्‍याउने उद्देश्यले आयोजित उक्त फेस्टिवल भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले मिति २०७९ पौष २८ गतेका दिन एक कार्यक्रमका बिच उद्घाटन गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि चित्रसेन अधिकारीले नेपालका विभिन्न जातजातिहरूको आ–आफ्नो मौलिकता झल्कने खालका खानाका परिकारहरू एकै थलोमा उपलब्ध गराई खानाको प्रचार–प्रसार गर्नुकासाथै मनोरञ्जन दिने कार्यले दर्शक तथा सहभागीहरूलाई भरपुर आनन्द दिने बताउनु भयो । चितवन महोत्सव २०७९ को मूल आयोजनाको उदेश्यलाई परिपूर्ति गर्न यस फुड फेस्टिवलले पक्कै पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। परम्परागत खाना लगायत विभिन्न शाकाहारी, कन्टिनेन्टल खानाहरूको परिकारहरू गरी विशेष स्टल ५, मध्यम स्टल ३९ र साना स्टल ४ गरी जम्मा ४८ वटा स्टलहरूबाट विभिन्न खानाका परिकारहरू तयार गरी अवलोकनकर्ताहरूलाई सेवा प्रदान गरिएको थियो भने प्रत्येक दिन सांस्कृतिक कार्यक्रमहरू समेत सञ्चालन गरिएको थियो। यसका अलागा फेसन सो, विङ्गो लगायतका कार्यक्रमहरू पनि फुड फेस्टिवलको अवसरमा सञ्चालन गरिएको थियो। फुड फेस्टिवललाई व्यवस्थित, सभ्य र भव्यताका साथ सम्पन्न भएको थियो। कार्यक्रमको

समापन मिति २०७९ माघ २ गतेका दिन जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा भएको थियो ।

**२.५ खेल पर्यटनको गन्तव्यः चितवन विषयक गोष्ठी** (seminar on sports tourism destination: Chitwan)

१४ औं चितवन महोत्सव-२०७९ को अवसरमा २०७९ पौष ३० गतेका दिन खेल पर्यटनको गन्तव्य- चितवन विषयमा एक दिवसीय गोष्ठीको आयोजना गरिएको थियो । उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा सम्पन्न उक्त कार्यक्रमका सहभागीहरूले चितवन जिल्लालाई खेल पर्यटनकासाथै विकासका सम्बन्धमा प्रविधिको विकास संगसंगै यसको भरपुर सदुपयोग गर्दै चितवनलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नुपर्ने कुरा औंल्याएका थिए । चितवन पर्यटकीय हिसावले सम्पन्न र धनी हुनुकासाथै भौगोलिक, धार्मिक, पर्यावरणीय दृष्टीले पनि बहुआयामिक जिल्ला भएकोले यसको सदुपयोग गर्नुपर्नेमा जोड दिनुपर्ने सहभागीहरूले बताएका थिए । कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य माननीय रणेन्द्र बरालीले खेलकुद र पर्यटनलाई सँगसँगै अघि बढाउन नसक्दा नेपालको विकास पछाडि धकेलिएको बताउनुभएको थियो । पर्यटकीय सम्भावनाले भरिपूर्ण भएको चितवन एवम् सिङ्गो नेपाललाई खेल पर्यटनसँग जोड्नु आवश्यकता भएको बरालीको भनाइ थियो । खेलकुद र पर्यटनलाई जोड्ने कुरामा मानिसहरूको ध्यान पुग्न नसकेको बताउँदै उहाँले चितवनको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला पुनः निर्माणमा सबैको सहयोग आवश्यक रहेको र उक्त रंगशाला निर्माण भएको अवस्थामा खेल पर्यटनमार्फत चितवनकोमात्र नभएर देशकै आर्थिक अवस्था चलायमान हुने बरालीको भनाइ थियो । कार्यक्रमका स्रोत व्यक्ति एवम् भरतपुर महानगरपालिकाका पर्यटनविज्ञ डा. विश्वराज सुवेदीले विश्व अर्थतन्त्रको ठुलो हिस्सा पर्यटनले ओगटेको भएपनि नेपालले त्यसको लाभ लिन नसकेको र नेपालमा जल पर्यटन, पर्वतीय पर्यटन, हिमाली पर्यटन, वन तथा वन्यजन्तुलाई जोडेर पर्यटकीय गतिविधि सञ्चालन गर्न सकिने बताउनुभएको थियो । चितवनमा अन्तर्राष्ट्रिय खेलहरू खेलाउन सकेको खण्डमा चितवनमा मात्रै वार्षिक एकलाख विदेशी पर्यटक भित्र्याउन सकिने कुरा औंल्याउनु भयो । सोही कार्यक्रममा अमेरिकाका लागि पर्यटन प्रवर्द्धन राजदुत विनोद अधिकारीले ठुला दुई राष्ट्रको बिचमा रहेको नेपालले पर्यटनको क्षेत्रमा लाभ लिन सक्नुपर्ने बताउँदै वहाँले चितवनमा ठूला नदी, पहाड, निकुञ्ज र दुर्लभ वन्यजन्तु पाइने भन्दै यसको प्रचारसँगै नदी र पहाडमा खेलकुदका गतिविधि गर्नुपर्ने बताउनुभएको थियो । चितवन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष उत्तम गुरूङले चितवनमा खेलको पूर्वाधारका लागि आएको बजेट पनि काम गर्न नसक्दा अन्यत्र रकमान्तर भएर जानु लाजमर्दो विषय भएको बताउनुभएको थियो । खेलकुदको विकासका लागि खेलसँग सम्बद्ध संघसंस्थामात्रै नभएर निजी, सार्वजनिक तथा सरकारी संघसंस्थाहरूको सहयोग आवश्यक रहेको गुरूङको भनाइ थियो । त्यसैगरी, गैरआवासीय नेपाली संघका प्रवक्ता एवम् बेलायतका लागि पर्यटन प्रवर्द्धन राजदुत सोम सापकोटाले नेपालको पर्यटनलाई कसरी विश्वमाझ पुऱ्याउन सकिन्छ भनेर आफूहरू लागिपरेको बताउँदै विश्वमा हुनेभन्दा फरक गतिविधिलाई समेटेर नेपालमा खेलकुदसँगै पर्यटक भित्र्याउन सकिने सापकोटाको भनाइ थियो । कार्यक्रममा नासा फाउण्डेशनका प्रमुख गोविन्द भट्टराईले मुलुकको विकासका लागि खेल पर्यटनसँगै पूर्वाधारहरू पनि हुनुपर्नेमा जोड दिनुभएको थियो । उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष एवम् चितवन महोत्सव-२०७९ का मूल संयोजक चुननारायण श्रेष्ठले नारायणीमा बिच भलिबलसहित धेरै सम्भावना भएकाले सरकारको ध्यान जानुपर्ने बताउनुभएको थियो । कार्यक्रममा जिल्लाका पर्यटन व्यवसायी, उद्यमी, व्यापारी, खेलाडी, पत्रकारलगायत करिव १०० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा प्रतिनिधि सभा सदस्य माननीय रणेन्द्र बरालीको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष चुननारायण श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पर्यटन प्रवर्द्धन समितिका संयोजक एवम् उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य अशोक अधिकारीले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रम संघका कार्यसमिति सदस्य सुनिता कर्माचार्यले सञ्चालन गर्नुभएको थियो ।

**३. कृषि** (Agricultural Sector)

१४ औं चितवन महोत्सवको अवसरमा कृषक, कृषि

पेशा तथा कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस विषयसङ्ग सम्बन्धित विविध कार्यक्रमहरूको आयोजना गरी सम्पन्न गरिएको थियो ।

**३.१ कृषि परिसरको व्यवस्था** (Provision of Agri Pavilion)

चितवन महोत्सवको अवसरमा कृषि उपज, कृषि प्रविधि, बिउ विजन, कृषि उत्पादन लगायतका सोसँग सम्बन्धित विविध विधाका प्रदर्शनीको लागि महोत्सव परिसरमा छुट्टै कृषि परिसर (Agri Pavilion) को व्यवस्था गरिएको थियो । उक्त परिसरमा कृषिसँग सम्बन्धित ३० वटा स्टलहरू रहेका थिए। महोत्सव अवधिभर दर्शकहरूले रूचिकासाथ अवलोकन गरेका थिए ।

**३.२ प्रतिस्पर्धात्मक कृषि उपज प्रर्दशनी** (Competitive Agro Product Exhibition) कृषकहरूलाई प्रोत्साहन गर्दै कृषि पेशाप्रति नयाँ पिढीलाई समेत आर्कषित गर्ने अभिप्रायले चितवन महोत्सवको अवसरमा महोत्सवको परिसरमा प्रतिस्पर्धात्मक कृषि उपज प्रदर्शनीको आयोजना गरिएको थियो। उक्त प्रदर्शनीमा विभिन्न कृषि उपजहरू जस्तै फलफुल, तरकारी, अन्नबाली लगायतका उत्पादनहरूको प्रदर्शनी राखिएको थियो । कार्यक्रमलाई कृषि ज्ञान केन्द्र, चितवन र प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यालयले समेत समन्वय गरेका थिए । प्रतिस्पर्धात्मक कृषि उपज प्रदर्शनीको विविध विधा (उत्पादन) मा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने कृषकहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो। कृषि प्रदर्शनी कार्यक्रमको समापन मिति २०७९ माघ ३ गतेका दिन जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला समन्वय समिति, चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले कृषि कर्मलाई समयानुकूल आधुनिकीकरण गर्दै व्यवसायिकता प्रदान गर्नुपर्ने औंल्याउँदै चितवन महोत्सव २०७९ को अवसरमा यस किसिमको कार्यक्रमको आयोजना गरी कृषकहरूलाई प्रोत्साहन दिने कार्य गरेकोमा आयोजक संस्था उद्योग वाणिज्य संघ-चितवनप्रति हार्दिक आभार व्यक्त गर्नुभएको थियो ।

**३.३ जानकारी मूलक ब्रोसर पम्प्लेट वितरण** (Dissemination of Pamphalet and Brochure)

कृषि सम्बन्धी जानकारीमूलक सन्देश एवम् महोत्सवमा आयोजना गरिने विभिन्न कार्यक्रमहरू सहितको पर्चा, पम्प्लेट, ब्रोसरहरू वितरण गरिएको थियो। महोत्सव अगावै र महोत्सवको अवधिमा समेत उक्त कार्यलाई निरन्तरता दिइएको थियो ।

**३.४ कृषि सम्बन्धी गोष्ठी** (Seminar on Agriculture)

चितवन महोत्सवको अवसर पारेर मिति २०७९ माघ ३ गतेका दिन उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा कृषि प्रविधिमा भएको विकास र कृषि सम्बन्धी बिषयमा छलफल एवम् अन्तरक्रिया गर्ने उद्देश्यले विषादी रहित कृषि र मह बजारीकरण विषयक गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रमका सहभागीहरूले विषादी रहित कृषि र मह बजारीकरण सँग सम्बन्धित विषयमा छलफल गरेका थिए । कार्यक्रममा स्वागत मन्तव्य राख्दै उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले कृषि गोष्ठी गर्नुको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । उहाँले कृषि गोष्ठीमा उठेका विषयहरूलाई लिपिबद्ध गरी नीति निर्माण तहमा पुऱ्याइने बताउदैँ चितवनमा तोरीको उत्पादन बढ्दै गइरहेकाले मौरीपालनको प्रवल सम्भावना रहेको बताउनुभएको थियो । तोरीमा हालिने विषादीका कारण मौरीपालन व्यवसायमा चुनौती थपिँदै गएको गुनासो गर्नुभएको थियो । चितवन महोत्स-२०७९ को अवसरमा आयोजित कृषि गोष्ठी कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले चितवनमा कृषिसँगै तोरीको विस्तार आवश्यक रहेको बताउनु भयो। चितवनले तोरीखेतीको साख फिर्ता ल्याउनुपर्ने भन्दै यसबाट मौरीपालन कृषकहरूसमेत लाभान्वित हुने बताउँदै वहाँले चितवनको माटो उर्वर भएकाले यहाँ रासायनिक मल तथा विषादी भन्दा पनि प्राङ्गारिक खेती प्रणाली अपनाउन कृषकहरूलाई सुझाव दिनुभएको थियो। कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्रा. डा. सन्तोष मरहठ्ठाले चितवनमा तोरी खेतीको सम्भावना र चुनौती विषय कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले चितवनमा पछिल्लो समय गमलामा खेती हुनु, तोरी खेतीका लागि सम्भावना भइरहेको भए पनि गाउँमा खेत बाँझै रहनु चुनौती भएको बताउनुभयो । परम्परागत बिउ बाट भन्दापनि हाइब्रिड जातको तोरीबाट उत्पादन राम्रो हुने उल्लेख गर्दै मरहठ्ठाले

तोरीको तेल स्वस्थकर र औषधिको रुपमा प्रयोग गर्न सकिने बताउँदै तोरीले खेतबारीमा कीराको प्रकोप घटाउन मद्दत पुग्ने भन्दै वहाँले जिल्लामा तोरी खेतीको क्षेत्र विस्तार गर्न सकिने बताउनु भयो । गहुँ तथा मसुरोसँग तोरी लगाउन सकिने भन्दै मरहठ्ठाले तोरी खेतीले अन्य बालीलाई असर नगर्ने समेत बताउनुभएको थियो । कार्यक्रममा राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरका वैज्ञानिक डा. घनश्याम भण्डारीले रासायनिक मलको बढ्दो प्रयोग, असर र न्यूनीकरणका उपाय विषय कार्यपत्र प्रस्तुत गर्दै नेपालमा ९३ प्रतिशत कृषकले रासायनिक मलको प्रयोग गर्ने गरेको बताउनु भयो । नेपालमा औषतमा प्रतिहेक्टर ३९९ ग्राम विषादीको मात्रा प्रयोग गर्ने गरेको पाइए पनि व्यवसायिक कृषकहरूले विषादीको अत्यधिक प्रयोग गर्ने गरेको बताउनु भयो। कपास, तरकारी, चियामा विषादीको प्रयोग बढी हुने गरेको भन्दै भण्डारीले बढी विषादी प्रयोग हुने जिल्लामा चितवन पर्ने गरेको बताउँदै डरलाग्दो तरिकाले नेपालमा विषादीको प्रयोग हुने गरेको भण्डारीको भनाइ थियो । नेपालमा प्रतिवर्ष २० प्रतिशतका दरले विषादीको प्रयोग बढ्दै गइरहेको भण्डारीले बताउनुभएको थियो । विषादीको अत्यधिक प्रयोगले मानव स्वास्थ्यलाई प्रत्यक्ष असर पुऱ्याउनुकासाथै माटो, पानी र हावालाई दूषित बनाउने हुनाले विषादीको प्रयोग न्यूनीकरण गर्नुपर्नेमा भण्डारीले सुझाव दिनु भएको थियो । सोही गोष्ठीमा मौरी विज्ञ दुर्गाप्रसाद दवाडीले महको गुणस्तर पहिचान, बजार व्यवस्थापन तथा मह बजारीकरणमा देखा परेका समस्याहरू विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। वहाँले मह जङ्गली, परम्परागत र आधुनिक तरीकाबाट प्राप्त हुने बताउनु भयो। महको रङ र स्वाद उत्पादन अनुसार फरक हुनुपर्ने भन्दै दवाडीले मानव स्वास्थ्यका लागि मह बहुउपयोगी भएको बताउनुभएको थियो। उद्योग वाणिज्य संघ चितवनको विशिष्ट सदस्य डा. रेवन्तकुमार भट्टराईको संयोजकत्व एवम् कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्राध्यापक सरोज सापकोटाको सह-संयोजकत्वमा सम्पन्न भएको कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष एवम् चितवन महोत्सव-२०७९ को मूल संयोजक चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा १७५ जना सहभागिहरूले भाग लिएका थिए ।

**४ स्वास्थ्य क्षेत्र** (Health Sector)

**४.१ स्वास्थ्य सेवामूलक बिभिन्न कार्यक्रम** (Health related Activities)

चितवन महोत्सव २०७९ को परिसर भित्र स्वास्थ्य सेवा, आपतकालीन स्वास्थ्य शिविर स्थापना गरी विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सम्पन्न गरिएको थियो । महोत्सव अवधिभर महोत्सव अर्न्तगतको स्वास्थ्य समितिको सक्रियतामा स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो भने आपतकालीन उपचारका लागि २४ सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध गराइएको थियो। चितवन महोत्सव २०७९ को अवधिभर निम्नानुसारका कार्यक्रमहरू विभिन्न संघ-संस्थाहरूको समेतको समन्वयमा सम्पन्न गरिएको थियो । यसै गरी स्वास्थ्यसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूले आ-आफ्नो स्टलबाट जानकारीमूलक एवम् चेतनामुलक कार्यक्रमहरू समेत सञ्चालन गर्ने व्यवस्था गरिएको थियो । महोत्सव अवधिभर स्वास्थ्य समितिको संयोजनमा आयोजना गरिएका विभिन्न कार्यक्रमहरू निम्नानुसार रहेका थिए ।

| मिति | कार्यक्रम | संयोजन | समय |
|---|---|---|---|
| पौष २६ गते | Blood, Sugar परीक्षण | NPI समाज कल्याण संस्था | १० बजे देखि |
| पौष २७ गते | खुल्ला रक्तदान कार्यक्रम | फर्निचर व्यवसायी संघ चितवन | १० बजे देखि |
| पौष २८ | Free Dental Camp | भिजन डेन्टल | ,, |
| पौष २९ गते | Free Dental Camp | भिजन डेन्टल | ,, |
| पौष ३० गते | खुल्ला रक्तदान कार्यक्रम | रोटरी क्लब अफ नारायणी मिड टाउन र रोटऱ्याक्ट | ,, |
| माघ २ गते | खुल्ला रक्तदान कार्यक्रम | चितवन रोटरी क्लव नारायणी मिड टाउन र अधिकृत व्यवसायी संघ-चितवन | विहान १० बजे देखि |

| | | | |
|---|---|---|---|
| | ब्लड , सुगर परिक्षण | NPL समाज कल्याण संस्था | |
| माघ ३ गते | Free Eye Camp | भरतपुर आँखा हस्पिटल | विहान १० बजे देखी |
| | ब्लड , सुगर परिक्षण | NPL समाज कल्याण संस्था | |
| माघ ४ गते | कार्यक्रम समापन | | |
| | | | |

**वृहत् साहित्यिक गोष्ठी** (Grand Literature Seminar )

चितवन महोत्सव २०७९ को अवसर पारेर माघ २ गते सोमबारका दिन वृहत् साहित्यिक गोष्ठी सम्पन्न गरिएको थियो । नेपालभरि छरिएर रहेको साहित्य अनुरागी, साहित्यमा कलम चलाउने पुराना तथा नयाँ साहित्यकार, लेखक, रचनाकार लगायत नवप्रतिभाहरूलाई समेत सहभागि गराई साहित्यिक प्रवर्द्धन गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा देशैं भरिका सर्जकहरूले आ-आफ्नो रचना वाचन गरेका थिए। करिव एक सय जनाको सहभागिता रहेको गोष्ठीमा करिव १०० वटा सर्जकका प्राप्त रचनाबाट उत्कृष्ट १२ जना सर्जकहरूको रचना छनोट गरी १२ जना सर्जकहरूले आ-आफ्नो रचना वाचन गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि साहित्यकार गोविन्द राज विनोदीले श्रष्टाहरू राष्ट्रका निधी भएपनि राज्यले श्रष्टाहरूको उचित सम्मान गर्न नसकेको दुःख व्यक्त गर्नुभएको थियो। वहाँले राज्यले वास्ता नगरेपनि श्रष्टाहरूले आफ्नो सिर्जनालाई निरन्तरता दिनुपर्ने बताउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य तथा साहित्य गोष्ठी संयोजक विज्ञानलाल श्रेष्ठले श्रष्टाहरूले आफ्नो सिर्जना मार्फत मनोरञ्जन मात्र नभई देशमा व्याप्त हत्या, हिंसा, आतंक, दण्डहिनता जस्ता विषयमा पनि कलम चलाउनुपर्ने बताउनुभएको थियो । उक्त साहित्यिक गोष्ठीमा साहित्यकार प्रेम विनोद नन्दनको विशेष आतिथ्यता रहेको थियो। कार्यक्रम चितवन महोत्सव-२०७९को मूल संयोजक चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा साहित्य अनुरागीहरूको विशेष उपस्थिति रहेको थियो। कोभिडका बारेमा सचेतना कार्यक्रम समेत महोत्सवमा आयोजना गरिएको थियो ।

**सांस्कृतिक कार्यक्रम** (Cultural Program)

कला संस्कृतिको संरक्षण गर्दै उपस्थित अवलोकन कर्ताहरूलाई भरपुर मनोरञ्जन दिने उद्देश्यले चितवन महोत्सव-२०७९ को अवसरमा ९ दिनसम्म लगातार सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिएको थियो । महोत्सवको एक महत्त्वपूर्ण आकर्षणको केन्द्रविन्दु रहेको सांस्कृतिक कार्यक्रम अर्न्तगत राष्ट्रिय लोक दोहोरी गीत प्रतियोगिता, अन्तर विद्यालय नृत्य प्रतियोगिता, लाइभ ब्याण्ड प्रतियोगीता, कार्यक्रम अवधिभर विभिन्न राष्ट्रिय कलाकारहरूको प्रहसन र प्रस्तुति रहेका थिए । चर्चित स्थानीय तथा राष्ट्रिय कलाकारहरूको जोडदार प्रस्तुतिका कारण दर्शकहरूके उल्लेख्य उपस्थिति रहेको थियो । कार्यसमिति सदस्य नारायण प्रधानको संयोजकत्वमा सम्पन्न भएको उक्त सांस्कृतिक कार्यक्रमको समापनको दिन नायिका आँचल शर्मा प्रमुख अतिथि रहनुभएको थियो। उक्त दिन दर्शकहरूको घुंईचो लागेको थियो।

**समापन समारोह** (Closing Ceremony)

चितवनको गौरव र गरिमामय प्रस्तुति १४औं संस्करणको रुपमा रहेको चितवन महोत्सव-२०७९ को औपचारिक एवम् विधिवत् समापन समारोह मिति २०७९ माघ ४ गतेका दिन बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय जगन्नाथ थपलियाको प्रमुख आतिथ्यतमा भएको थियो।

महोत्सव समापन गर्दै मन्त्री थपलियाले जिल्लामा हुने हरेक मेला महोत्सवले देशको अर्थतन्त्र चलायमान बनाउन भूमिका खेल्ने बताउनुभएको थियो । चितवन महोत्सव जिल्लाकै ब्राण्ड भएको भन्दै महोत्सवले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नु सह्रानीय कुरा भएको बताउँदै जिल्ला तथा समग्र प्रदेशकै विकासका लागि आफ्नो मन्त्रालयले योजना बनाएर काम गर्ने मन्त्री थपलियाले बताउनुभएको थियो। महोत्सव समापन कार्यक्रमका विशिष्ट अतिथि जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले महोत्सवले चितवन एवम् समग्र देशको अर्थतन्त्र चलायमान बनाएको बताउनुभएको थियो। महोत्सव समापन समारोहमा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष एवम् १४औं चितवन महोत्सव मूल समिति संयोजक चुननारायण श्रेष्ठले चितवन

महोत्सवले अपेक्षित कारोबार गरेको बताउँदै कोरोना कहर तथा बैंकको ब्याजदरका कारण आर्थिक क्षेत्र सुस्ताएको बेलामा महोत्सवले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गरेको बताउनु भयो। वहाँले चितवन महोत्सव-२०७९ लाई सफल पार्न सहयोग गर्नुहुने भरतपुर महानगरपालिका, जिल्ला समन्वय समिति चितवन, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरू, महोत्सवका प्रायोजकहरू, पत्रकार, बुद्धिजीवीवर्ग, सल्लाहकार, मुल समिति सदस्य, कार्यगत समिति सदस्य, एवम् महोत्सव अवलोकन गर्ने ४ लाख ५० हजार दर्शक तथा महोत्सवका प्रदर्शकहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा महोत्सवलाई सफल पार्न सहयोग पुर्‍याउने विभिन्न संघ, संस्था, व्यक्तित्व, उत्कृष्ट प्रदर्शक, उत्कृष्ट कार्यगत समिति संयोजक लगायतलाई प्रशंसा पत्र वितरण गरिएको थियो। संघका अध्यक्ष एवम् चितवन महोत्सव -२०७९ का मूल संयोजक चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम उवासंघ-चितवनका वरिष्ठ उपाध्यक्ष एवं चितवन महोत्सव- २०७९ का सदस्य सचिव सुमनकुमार श्रेष्ठले सञ्चालन गर्नु भएको थियो।

## सफ्टटेक चितवन-२०८० मेला सम्पन्न

"**चितवनको समृद्धि, सूचना प्रविधि**" भन्ने मूल नारा सहित पहिलो संस्करणको सफ्ट टेक चितवन २०८० भव्यताकासाथ सम्पन्न भएको छ। उद्योग वाणिज्य संघ-चितवन र नेपाल कम्प्युटर एसोसिएसन चितवनको संयुक्त आयोजनामा मिति २०८० भाद्र २१ देखि २३ गतेसम्म उद्योग वाणिज्य संघ-चितवनको प्राङ्गणमा भएको मेलामा करिव ४ हजार दर्शकले अवलोकन गरेको मेलामा सूचना प्रविधि सँग सम्बन्धित ३० वटा स्टल रहेका थिए।

## मेलाको समुद्घाटन कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको परिसरमा मिति २०८० भाद्र २१ गते सफ्टटेक चितवन-२०८० मेलाको एक औपचारिक कार्यक्रमका बिच प्रमुख अतिथि भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले उद्घाटन गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन गर्दै भरतपुर महानगरपालिकाका उप-प्रमुख चित्रसेन अधिकारीले स्मार्ट सिटी र स्मार्ट देशको परिकल्पना साकार पार्न आईटीको विकास हुन आवश्यक रहेको बताउनुभएको थियो। उहाँले यस महानगर स्वास्थ्य र पोल्ट्री हबको रुपमा विकास भैसकेको र अब आईटीको हब बनाउन महानगरले सहयोग गर्ने बताउनु बताउनुभएको थियो। उप-प्रमुख अधिकारीले भरतपुर महानगरपालिकाले आयोजना गर्न लागेको भरतपुर भ्रमण वर्ष २०२४ सफल पार्नका लागि सवै निजी तथा सार्वजनिक निकायहरूलाई सहयोग गर्न अपिल गर्नुभएको थियो।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले चितवन देशकै मध्यभागमा रहेको शहर भएकाले यस क्षेत्रमा कसरी आईटी हब बनाउन सकिन्छ भन्ने उद्देश्यले यस कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो। उहाँले यहाँका सूचना प्रविधि व्यवसायी एवं विद्यार्थीहरूले विकास गरेका सफ्टवेयरहरू मेलामा प्रर्दशन गरिने र ति सफ्टवेयरहरूको प्रवर्द्धन गर्न मेला आयोजना गरिएको बताउनुभएको थियो।

कार्यक्रममा कम्प्यूटर एसोसिएसन नेपाल महासंघका अध्यक्ष रञ्जितकुमार पोदारले आईटी सफ्टवेयरहरूको विकास गरियो भने देशको अर्थतन्त्र विकासका लागि ठुलो योगदान पुर्‍याउने र नेपाल सरकाले नीतिगत कुराहरू सहजीकरण गरी नेपालमानै विकसित सफ्टवेयर प्रयोग गर्न समेत अनुरोध गर्नुभएको थियो।

कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति कम्प्युटर एसोसिएसनका पूर्व अध्यक्ष, पदाधिकारी, विभिन्न वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरू, पत्रकार र विभिन्न कलेजका विद्यार्थीहरू गरी १६० जनाको उपस्थिति रहेको थियो।

उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कम्प्यूटर एसोसिएसन चितवनका अध्यक्ष टेकलाल भुषालले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको थियो । कार्यक्रम कम्प्यूटर एसोसिएसन चितवनका सचिव ई. कृष्ण पोखरेलले सञ्चालन गर्नुभएको थियो।

## मेला समापन कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको प्राङ्गणमा मिति २०८० भाद्र २१ देखि २३ गतेसम्म सञ्चालित सफ्टटेक चितवन-२०८० मेला एक औपचारिक कार्यक्रमका बिच समापन गरिएको थियो।

मेलाको समापन कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले सफ्टटेक चितवन-२०८० ले यस क्षेत्रमा भएको सूचना प्रविधिको क्षेत्रमा भएको विकासकासाथै यहाँ बनेका सफ्टवेयरहरूका बारेमा जानकारी गराउन यस मेलाले सहयोग गरेको बताउनुभएको थियो । उहाँले आगामी दिनहरूमा पनि सूचना प्रविधि विकासका लागि विभिन्न कार्यक्रमहरूको आयोजना गरिने र चितवन जिल्लालाई सूचना प्रविधिको केन्द्र बनाउन उद्योग वाणिज्य संघ-चितवन निरन्तर लाग्ने बताउनुभएको थियो ।

समापन समारोहमा बोल्दै कम्प्युटर एसोसिएसन नेपाल महासंघका केन्द्रीय सदस्य भानु शर्माले काठमाण्डौमा मात्रै गरिने सफ्टटेक सम्बन्धी मेला यस पटक काठमाण्डौ बाहिर ल्याएर गर्न सक्नु चितवन जिल्लाको लागि एक अवसर भएको बताउनुभएको थियो । उहाँले यस क्षेत्रका सूचना प्रविधि सम्बन्धी काम गर्ने व्यवसायीहरूलाई प्रवर्द्धन गर्न सकियो भने चितवन सूचना प्रविधिको केन्द्र बन्न सक्ने बताउनुभएको थियो ।

समापन कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष द्वय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, कार्यसमिति सदस्य दिपा शाही, रूद्र सुवेदी, कम्प्युटर एसोसिएसन नेपाल महासंघ चितवनका पूर्व अध्यक्ष, पदाधिकारी र कार्यसमिति, संघका कार्यकारी निर्देशक, विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि लगाएत प्रदर्शकहरू उपस्थिति रहेको थियो ।

उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको समापन कार्यक्रम कम्प्युटर एसोसिएसन चितवनका सचिव ई. कृष्ण पोखरेलले सञ्चालन गर्नु भएको थियो ।

## महिला उद्यमी मेला सम्पन्न

**"महिला उद्यमशीलताको विकास, महिला सशक्तीकरण र आर्थिक निकास"** भन्ने मुल नारासहित दास्रो संस्करणको रुपमा रहेको महिला उद्यमी मेला-२०८० भव्यताकासाथ सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा २०८० असोज ६ गतेदेखि ८ गतेसम्म ३ दिन सञ्चालित उक्त मेलामा ३२ वटा स्टल राखिएको थियो भने करिब ९ हजार दर्शकहरूले अवलोकन गरेका मेलामा ३० लाख बढीको कारोबार भएको थियो ।

## मेलाको समुद्घाटन कार्यक्रम

संघ-चितवनको परिसरमा मिति २०८० असोज ६ गते उद्यमी मेला-२०८० को एक औपचारिक कार्यक्रमका बिच प्रतिनिधिसभा सदस्य माननीय अन्जनी श्रेष्ठले उद्घाटन गर्नु भएको थियो । कार्यक्रमकी प्रमुख अतिथि श्रेष्ठले महिला उद्यमीहरू उत्पादनमा जोडिनु आवश्यक रहेको बताउनुभएको थियो । उहाँले उत्पादनमा नजोडिएसम्म महिला आत्मनिर्भर बन्न नसक्ने बताउँदै महिला उद्यमी मेलाले चितवन र आसपासका महिलाहरूलाई उद्यमी बनाउन योगदान पुऱ्याउने बताउनुभएको थियो । महिला चुलो चौकामा मात्रै सिमित हुन नहुने बताँउदै उहाँले महिलालाई राज्यको नीति निर्माणको तहमा पुऱ्याउनुपर्नेमा जोड दिनु भएको थियो ।

तीनदिने महिला उद्यमी मेला उद्घाटन कार्यक्रमका विशेष अतिथि जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले उत्पादन विना समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै राज्यले नीति निर्माण गर्दा आधा आकाश ढाक्ने महिलाहरूका मुद्दामा पनि ध्यान दिनुपर्ने बताउनुभएको थियो । उहाँले आर्थिक समृद्धिका लागि भाषणभन्दा काम गर्नुपर्ने अवस्था आएको बताउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले प्रत्येक वर्ष महिला उद्यमीका समस्याहरू समाधानार्थ विविध कार्यक्रम सञ्चालन गर्दै आइरहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत पुरस्कृत हुन सफल उद्योग वाणिज्य संघ-चितवनले महिला उद्यमशीलता विकास र यसको प्रवर्द्धनमा योगदान पुऱ्याउनुकासाथै उद्यमशीलताको माध्यमबाट महिला सशक्तीकरणमा योगदान पुऱ्याउँदै यस क्षेत्रको आर्थिक उन्नतिमा समेत सहयोग पुऱ्याउनका लागि महिलाहरूलाई आय-आर्जनका क्रियाकलापहरूमा संलग्न गराउनु मेलाको मुख्य उद्देश्य भएको बताउनुभएको थियो ।

कार्यक्रममा भरतपुर महानगरापलिका-१ का वडा अध्यक्ष केशव महर्जन, भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखाका प्रमुख तेजेन्द्रप्रसाद पौडेल, चितवन उद्योग संघका उपाध्यक्ष युगराज वस्ती, मकवानपुर उद्योग वाणिज्य संघ महिला उद्यमी विकास समितिकी संयोजक

अंकिता सुमार्गी लगायतले बोल्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पुर्व अध्यक्ष देशीराम प्रधान, डा. तिलचन्द्र भट्टराई, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरन्जीवी सुवेदी, द्वितीय उपाध्यक्ष राजेन्द्र ओली, तृतीय उपाध्यक्ष सिरिष पन्त लगायत संघका कार्यसमिति सदस्य एवं वस्तुगत संघका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यसमिति सदस्य सुनिता कर्माचार्यले संचालन गर्नुभएको उद्घाटन कार्यक्रम उद्योग वाणिज्य संघ-चितवन महिला उद्यमी विकास समितिका संयोजक पूर्णिमा श्रेष्ठले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको थियो ।

### मेलाको समापन कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको परिसरमा मिति २०८० असोज ६ देखि ८ गते सञ्चालित महिला उद्यमी मेला-२०८० को एक औपचारिक कार्यक्रमका बिच समापन गरिएको थियो। उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष एवं मेला मूल आयोजक समितिका संयोजक चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा जिल्ला समन्वय समिति चितवनकी उपप्रमुख कल्पना काफ्ले सापकोटा प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सापकोटाले चितवन र आसपासका महिलाहरूलाई मेलाले उद्यमी बन्न प्रेरित गरेको बताउँदै मेला आयोजक उद्योग वाणिज्य संघ-चितवनलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। महिला उद्यमीहरू उत्पादनमा जोडिनु आवश्यक रहेको बताउँदै उहाँले उत्पादनमा नजोडिएसम्म महिला आत्मनिर्भर बन्न नसक्ने दाबी गर्नुभएको थियो ।

कार्यक्रमकी विशेष अतिथि भरतपुर महानगरपालिका महिला बालबालिका शाखाकी निर्देशक शान्ताकुमारी पौडेलले महिलालाई आत्मनिर्भर नबनाएसम्म समृद्ध समाजको परिकल्पना गर्न नसकिने बताउँदै महिलाहरूको उद्यमशीलता विकासमा भरतपुर महानगरपालिकाले विशेष जोड दिँदै आएको र आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमलाई प्राथमिकिता दिने जानकारी गराउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले मेलाको बारेमा जानकारी गराउँदै स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरन्जीवी सुवेदी, द्वितीय उपाध्यक्ष राजेन्द्र ओली, तृतीय उपाध्यक्ष सिरिष पन्त, उवासंघ-चितवन महिला उद्यमी विकास समितिकी अध्यक्ष पूर्णिमा श्रेष्ठ, घरेलु तथा साना उद्योग कार्यालय चितवनका प्रतिनिधि कृष्णा श्रेष्ठ लगायत संघका कार्यसमिति सदस्य, कार्यकारी निर्देशक निलबहादुर के.सी एवं वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रम उद्योग वाणिज्य संघ चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले संचालन गर्नु भएको थियो ।

## ध्यानाकर्षणः

### सडक विस्तारको सम्बन्धमा सम्बन्धित निकायको ध्यानार्कषण गर्दै पत्रकार सम्मेलन

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०७९ पौष ८ गते उद्योग वाणिज्य संघ-चितवनको आयोजनमा पुल्चौक देखि गोन्द्राङ सम्मका नक्सापास एवम् निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त व्यवसायिक भवनहरूमाथि सडक बिभागद्धारा सडक विस्तारका नाममा डोजर लगाएको कार्यप्रति पत्रकार सम्मेलन गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो ।

प्रेश विज्ञप्तीमा कोभिड १९ र तत्पश्चात सिर्जित प्रतिकुल अवस्थाका कारण आर्थिक क्षेत्र नराम्रो संग प्रभावित भएको र राज्यको आर्थिक विकासका साथसाथै रोजगार सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका उद्यमी व्यवसायीहरूलाई सरकारले प्रोत्साहन गर्नुपर्ने ठाँउमा अवरोध गरेको विज्ञप्तीमा उल्लेख गरिएको थियो । उद्यम व्यवसाय सञ्चालनमा सहजीकरण गर्ने, प्रबर्द्धनमा सहयोग गर्ने समयमा एकपछि अर्को जटिलता सिर्जना गर्दा उद्यमी व्यवसायीहरू आत्महत्या गर्ने अवस्था सम्म पुगेको बर्तमान अवस्थामा सडक विभागद्धारा आफ्नो पसलमा राखेका सामानहरू समेत व्यवस्थापन गर्ने समय नदिई अन्य कुनै विकल्प समेत नदिई अकस्मात रूपमा अनुचित तरिकाले सटरमा डोजर लगाउने कार्यले व्यवसायी आतंकित हुनुका साथै विस्थापित हुने अवस्थामा पुगोको विज्ञप्तीमा उल्लेख गरिएको थियो । पत्रकार सम्मेलनमा संघका अध्यक्ष चुननारायण श्रेष्ठले विकासका लागि आवश्यक पूर्वाधारहरू

निर्माणका कार्यहरू हुनुपर्दछ तर दिर्घकालिन र आवश्यक समन्वयमा मात्र हुनुपर्दछ भन्ने संघले मान्यता राख्ने भएकोले विकासको सार्वजनिक निजी साझेदारी अवधारणा बमोजीम यस क्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको उद्योग वाणिज्य संघ-चितवन पूर्वाधार विकासमा सदैव सकारात्मक र सहयोगी रहँदै आएको छ र सडक विस्तार र विकास हुनुपर्नेमा विश्वास राख्ने बताउनुभएको थियो । विकास निर्माणको सवालमा अन्तर सरकारी कार्यालय विच समन्वय नहुंदा व्यवसायी र सर्वसाधारण र घर धनी समेत आजित भएको अवस्थामा राज्यकै कुनै निकायबाट भवन निर्माणको लागि अनुमति प्रदान गर्ने र राज्यकै अर्को निकायबाट निर्माण भैसकेको संरचना भत्काउने कार्य लज्जास्पद रहेको संघले जनाएको थियो ।

### प्रधानमन्त्रीको ध्यानाकर्षण

उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ पौष ११ गते प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेट गरी समसामयिक विषयमा ध्यानाकर्षण गराएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड निवास पुगेर वर्तमान अवस्थाको बारेमा ध्यानाकर्षण गराएको थियो । भेटघाट कार्यक्रममा संघले अर्थतन्त्र जोगाउनको लागि सरकारद्वारा ठोस कदम चालिनुपर्ने धारणा राखेको थियो । हाल बैंक तथा वित्तीय संस्थाहरूद्वारा गरिएको ब्याजदरको वृद्धि, राष्ट्रिय तथा अन्तरराष्ट्रिय असहजता, मुल्यवृद्धि लगाएतका कारणले गर्दा आर्थिक क्षेत्र तहसनहस भएको बताउँदै राष्ट्र बैंकद्वारा ल्याएको चालु पूँजी मार्गदर्शन-२०७९ को कार्यान्वयन कम्तीमा २ वर्ष स्थगन गर्नका लागि अनुरोध गर्नुभएको थियो । सोही अवसरमा संघका अध्यक्ष चुननारायण श्रेष्ठले सडक डिभिजन कार्यालय चितवनद्वारा २०७९ पौष ८ गतेदेखि भरतपुरको पुलचोकदेखि गोन्द्र्याङसम्मको सडकको दायाँबायाँ तर्फका संरचनाहरू अव्यवस्थित रुपमा डोजर लगाई भत्काउँदा व्यवसायीलाई ठुलो क्षती भएको बताउनुभएको थियो । भेटमा अध्यक्ष श्रेष्ठले कोभिड-१९, तत्पश्चात् सिर्जित परिस्थिति र ब्याज वृद्धिका कारण चेपिएका व्यावसायीलाई पौष मसान्तको संघारमा आएर आफ्नो सामान व्यवस्थीत गर्ने समयसम्म नदिई डोजर लगाईएको सन्दर्भमासमेत प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदै भरतपुर महानगरपालिकाद्वारा पनि संरचना भत्काउने सन्दर्भको ३५ दिने सूचना प्रकाशन गरी सकेको बताउँदै उक्त कार्य सरोकारवाला, निजी क्षेत्र लगायतको समन्वयमा प्रक्रियागतरुपमा हुने व्यवस्थाका लागि अनुरोध गर्नुभएको थियो । कार्यक्रममा सरकारी ढुकुटीमा रहेको रकम प्रवाह गरी तरलता व्यवस्थापनको उपाय अवलम्बन गर्ने व्यवस्थाका लागि समेत अनुरोध गरिएको थियो । भेटघाट कार्यक्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालले देशको वर्तमान अवस्थाको बारेमा आफू संवेदनशील भएको बताउँदै समस्या समधानका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनु भयो । उद्योग वाणिज्य संघ-चितवनको टोलीले नवनियुक्त प्रधानमन्त्रीलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामनासमेत व्यक्त गरेको थियो । टोलीमा संघका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, कार्यसमिति सदस्य राजन पिया लगायतको सहभागिता रहेको थियो ।

### बैंकिङ समस्या समाधानार्थ विरोध कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा मिति २०७९ माघ २३ गते चितवनका उद्योगी-व्यवसायी सडक आन्दोलनमा उत्रिएका थिए । नारायणगढ स्थित लायन्सचोकमा प्लेकार्ड सहित प्रर्दशनमा उत्रिएका उद्योगी व्यवसायीहरूले गरिखाने मर्दै छ, सरकारको राजश्व घट्दै छ, एकल अंकको ब्याजदर कायम गर भन्दै नाराबाजी सहित विरोध कार्यक्रम गरेको थिए । उद्योग वाणिज्य संघ चितवनको आह्वानमा भएको प्रर्दशनमा संघमा आवद्ध ३६ वटा वस्तुगत संघहरूको सहभागिता रहेको थियो ।

विरोध कार्यक्रमलाई सम्वोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले सरकारले उद्योगी-व्यवसायीका मागहरू सुनवाई गर्न आलटाल गरेको आरोप लगाउँदै अर्थतन्त्रमा देखिएका समस्या, निजी क्षेत्रले भोगेका समस्या समाधानका उपायसहित सरकारको ध्यानाकर्षण महासंघस्तरबाटै भएको बताउनुभएको थियो । समस्या समाधान हुने आशमा थियौं, तर सुनवाई भएन, अब निरन्तर आन्दोलनमा उत्रिने उहाँले बताउनुभयो । अध्यक्ष श्रेष्ठले व्यवसायी चर्को ब्यादरको मारमा परेको

बताउनुभएको थियो। ७-८ प्रतिशतको ब्याजदर अहिले १६-१७ प्रतिशतसम्म पुगिसक्यो, वहाँले भन्नुभयो, ब्याजदर एकल अंकमा हुनुपर्छ, मानसिक तनाव दिने काम रोकिनुपर्छ। चालु पुँजी कर्जासम्बन्धि मार्गदर्शन व्यवसायीमैत्री नरहेको जिकिर गर्दै वहाँले अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकबिचनै तालमेल छैन, फरक फरक अर्थनीतिहरू छन्, एउटै आवाज, एउटै स्वर हुनुपर्छ, अर्थतन्त्र सुधार गर्न जिम्मेवार बन्नुपर्छ भन्दै वहाँले संसद भवन अगाडि देहत्यागको प्रयास गरेका इलामका व्यवसायी प्रेमप्रसाद आचार्यको निधनप्रति दुःख समेत व्यक्त गर्नु भयो। प्रेमप्रसादको नियति कसैले भोग्नु नपरोस्, प्रेमप्रसादले सामाजिक सञ्जालमा लेखेका २५ बुँदे ध्यानाकर्षणका मुद्दाहरू सरकारले सुन्नुपर्छ, निजी क्षेत्रले राखेका मागहरू पनि पुरा हुनुपर्छ- वहाँले विरोध कार्यक्रममा भन्नुभएको थियो।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष सहनलाल प्रधानले व्यवसायीमैत्री नीति ल्याउन सरकारलाई दवाब दिने बताउनुभएको थियो। पटक-पटक वार्ता भए, छलफल भए, आश्वासन पनि पायौ वहाँले बताउनु भयो तर समस्या जस्ताको त्यस्तै छ, भोलिको कर्जा कसरी जुटाउने भन्ने चिन्ताले सताएको छ। वहाँले उद्योगी-व्यवसायी निराश भएर देहत्याग गर्नुपर्ने अवस्था अन्त्यका लागि सरकारले बेलैमा सोच्नुपर्ने बताउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले व्यवसायी आत्मदाह गर्ने अवस्थासम्म पुग्दापनि सम्बन्धित निकायको ध्यानाकार्षण नभएकोले विरोधका कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो। उद्योग वाणिज्य सघं-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले माग पुरा नभए तालाचाबी सरकारलाई बुझाउने चेतावनी दिनुभएको थियो। उद्योग व्यवसायनै धरासायी हुन थाल्यो, कोरोनापछि विस्तारै तंग्रिदै गएको अर्थतन्त्र फेरी बिग्रिन थाल्यो- वहाँले देशमा सरकार छ भन्ने अनुभूति व्यवसायीलाई पनि हुनुपर्छ भनेर दुःख प्रकट गर्नु भएको थियो। संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले उद्योगी-व्यवसायीलाई निराश पारेर देशको अर्थतन्त्र मजबुत बन्न नसक्ने टिप्पणी गर्नुभएको थियो। संघका उपाध्यक्ष राजेन्द्र ओलीले राज्यलाई कर तिरी राज्य सञ्चालनमा योगदान दिने तर राज्यको तर्फबाट दायित्व पुरा नगर्दा व्यवसायी सडकमा ओर्लनु परेको बताउनुभएको थियो। संघका उपाध्यक्ष शिरिष पन्तले स्वदेशमै रोजगारी सृजना गर्न लागेका युवाहरू समेत विदेश पलायन हुने स्थिति आउन थालेको बताउनुभएको थियो। संघका कार्यकारी निर्देशक निलबहादुर केसीले व्यवसायी प्रेमप्रसाद आचार्यको १३औँ दिनको पूण्यतिथिमा आचार्यप्रति श्रदाञ्जली सभा समेत गरिएको बताउनुभएको थियो। उद्योग वाणिज्य संघले यस पूर्वनै सम्बन्धित निकायको ध्यानाकर्षण गराउने, विज्ञप्ती प्रकाशन गर्ने, डेलीगेशन जाने, अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, पत्रकार सम्मेलन गर्ने लगायतका दर्जनौं कार्य गर्दा पनि हालसम्म कुनै सुनवाई नभएकोले आन्दोलनको कार्यक्रम आयोजना गरिएको कार्यकारी निर्देशक केसीले बताउनुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनको नेतृत्व र पहलमा एकैदिन चितवन जिल्लाका रत्ननगर उद्योग वाणिज्य संघ, खैरहनी उद्योग वाणिज्य संघ, राप्ती उद्योग वाणिज्य संघ, माडी उद्योग वाणिज्य संघ, इच्छाकामना उद्योग वाणिज्य संघ, नवलपुरको गैंडाकोट उद्योग वाणिज्य संघले पनि एकै समयमा आन्दोलनको कार्यक्रमहरू गरेका थिए।

## नेपाल राष्ट्र बैंकद्वारा जारी आ.व. २०८०/०८१ को मौद्रिक नीतिका सम्बन्धमा चितवनका निजी क्षेत्रको ध्यानाकर्षण

चितवनका तीन निजी क्षेत्रहरूले नेपाल राष्ट्र बैंकद्धारा मिति २०८०/०४/७ गते जारी आ.व. २०८०/०८१ को मौद्रिक नीतिका सम्बन्धमा ध्यानाकर्षण गर्दै विज्ञप्ति जारी गरेका थिए। विज्ञप्तिमा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठ, चितवन उद्योग संघका अध्यक्ष त्रिलोचन कँडेल र चितवन च्याम्बर अफ कमर्शका अध्यक्ष दीर्घमान श्रेष्ठले संयुक्त रुपमा विज्ञप्ति जारी गरी नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराइएको थियो।

वर्तमान आर्थिक मन्दीको चपेटाबाट शिथिल भएको निजी क्षेत्रलाई पुनरूत्थान गर्न सहयोगी हुने गरी मौद्रिक नीति २०८०/०८१ आउनेमा निजी क्षेत्र विश्वस्त थियो। विशेषतः मागमा आएको कमीबाट प्रभावित उद्योग/व्यवसायको कर्जालाई पुनर्तालिकीकरण तथा पुर्नसंरचना गर्ने र पुर्नकर्जाको सुविधा उपलब्ध गराई उद्योग/व्यवसायलाई पलायन हुनबाट

बचाउनेमा निजी क्षेत्र आशावादी भएको भएतापनि नेपाल राष्ट्र बैंकबाट २०८० श्रावण ७ गते जारी गरिएको मौद्रिक नीतिले निजी क्षेत्रको अपेक्षालाई सम्बोधन गर्न नसकेको निजी क्षेत्रले अनुभूति गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

आर्थिक गतिविधिलाई चलायमान बनाउनुपर्ने वर्तमान समयमा निजी क्षेत्रले अपेक्षा गरे अनुसारको तत्काल राहत महसुस हुने खुकुलो मौद्रिक नीति नआउँदा ब्याजदर घट्ने, नगद प्रवाह बढ्ने, माग बृद्धि हुने, गुमेको रोजगारीलाई फर्काउने तथा थप रोजगारी सिर्जना गर्नेमा मौद्रिक नीति सहयोगी हुने देखिएको छैन । साथै मौद्रिक नीतिमा उल्लेख गरिने भाषा विशिष्ट र तथ्यगत नभई सम्भावनालाई इंकित गर्दै क्षणिक आशा देखाउने खालको मात्र भाषा प्रयोग हुनुले बैंक तथा वित्तीय संस्थाको तजबिजमा कार्यान्वयन हुने भएकोले कार्यान्वयन पक्ष कमजोर हुन सक्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

मौद्रिक नीतिले मन्दीका कारण सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोगी हुने गरी कुनै व्यवस्थालाई समेटेको छैन । निजी क्षेत्रमा जाने कर्जा प्रवाहलाई सरल बनाएर लगानीमा प्रोत्साहन गर्नुको सट्टा निजी क्षेत्रमा जाने कर्जालाई लगभग ९% ले कम गर्ने लक्ष्य सहित झन् कडाई गर्दा थप लगानीका लागि निजी क्षेत्र उत्साहित देखिँदैन । उद्यमी व्यवसायी र सर्वसाधारणमा समेत ब्याजदरमा कमि होस् भन्ने अपेक्षा रहेकोमा राष्ट्र बैंक भने ब्याजदर थप नघटोस् भन्ने मानसिकतामा रहेको मौद्रिक नीतिमा स्पष्ट रुपमा देख्न सकिने विज्ञप्तिमा उल्लेख गरिएको हो ।

मौद्रिक नीतिले उपभोक्ता मुद्रास्फीतिलाई सन्तुलनमा राख्न आन्तरिक उत्पादन सुदृढ बनाउने, माग र आपूर्ति बिच सन्तुलन मिलाउने र बजार मूल्य अनुगमनलाई प्रभावकारी बनाई कृत्रिम मूल्य बृद्धि हुन नदिने विषयलाई प्रष्ट्याउन नसक्दा आ.व. २०८०/०८१ मा मुद्रास्फीति झन् बढ्ने देखिन्छ । तसर्थ, वर्तमान समयको आर्थिक मन्दीबाट छुट्कारा दिई अर्थतन्त्रलाई पुरानै लयमा लैजान कार्यविधि तथा निर्देशिकाहरूको माध्यमबाट तपसिल बमोजिमको व्यवस्था गर्ने तर्फ नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराउँदै संयुक्त रूपमा विज्ञप्ति जारी गरिएको थियो ।

विज्ञप्तिमा बैंक ब्याजदरलाई १ अंकमा झानु पर्ने, चालुपूँजी कर्जा सम्बन्धी मार्गदर्शनको कार्यान्वयनलाई थप २ वर्षको लागि स्थगन गर्नुपर्ने, उद्योगी/व्यवसायीले आवश्यकता महसुस गरी सम्बन्धित बैंकमा आवेदन गरेमा कर्जा पुर्नसंरचना तथा पुर्नतालिकीकरणको सुविधा प्राप्त हुने व्यवस्था गर्नुपर्ने, उद्योग व्यवसायमा मन्दीले पारेको प्रभावका आधारमा सहुलियतपूर्ण कर्जाको क्षेत्र विस्तार गरी सहुलियतपूर्ण कर्जाको सीमा समेत थप गरी सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था गर्नुपर्ने, बैंकले कर्जा प्रवाह गर्दा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) को कर्जाको सीमा वृद्धि गर्ने र ब्याजदरमा कमी ल्याई आन्तरिक उत्पादन वृद्धिमा जोड दिनुपर्ने लगायतका मागहरू राखिएको थियो ।

## गोन्द्राङदेखि पुलचोक सडक विस्तार छिटो सम्पन्न गर्न सम्बन्धित निकायको ध्यानार्कषण

उद्योग वाणिज्य संघ चितवनले मिति २०८० भाद्र १३ गते भरतपुर महानगरपालिका क्षेत्रमा पर्ने गोन्द्राङदेखि पुलचोकसम्मको सडक विस्तार कार्य छिटो सम्पन्न गर्न सम्बन्धित निकायमा ध्यानार्कषण गराएको थियो । संघले भरतपुर महानगरपालिका, जिल्ला प्रशासन कार्यालय र सडक विभागमा ध्यानाकर्षण गराएको हो । उद्योग वाणिज्य संघ चितवनले भरतपुर महानगरपालिकाका नगर प्रमुख रेनु दाहाल, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्मा र सडक विभागका सुचना अधिकारी चण्डेश्वर साहलाई ध्यानाकर्षण पत्र हस्तान्त्रण गरेको थियो ।

चितवन जिल्लाकै मुख्य व्यापारिक केन्द्र पर्ने भरतपुरको गोन्द्राङदेखि पुलचोकसम्म सडक विस्तार गर्न धेरै लामो समय लागेकाले उक्त क्षेत्रका व्यवसायी, उपभोक्ता र आम सर्वधारण जनताले सास्ती खेप्दै आउनुकासाथै ठुलो आर्थिक नोक्सानी व्यवसायीहरूले ब्यहोर्नु परेको पत्रमा उल्लेख गरिएको थियो । व्यवसायीहरू गएका वर्षदेखि कोभिड–१९ तत्पश्चात् सिर्जित विषम परिस्थिति र चरम बढ्दो आर्थिक मन्दीको सामना गरिरहेका उद्योगी व्यवसायीहरूले पनि आउँदै गरेको नेपालीहरूको महान चाडपर्वहरू दशै, तिहार र छठमा आफ्नो व्यापार व्यवसाय हुने आशमा बसिरहेका हुनाले गोन्द्राङदेखि पुलचोकसम्मको सडक निर्माण कार्य यथाशक्य छिटो सम्पन्न गराई व्यावसायिक वातावरण

सृजना गराउन पत्र मार्फत पहल गरिएको थियो। भरतपुर महानगरपालिकाले आयोजना गर्न लागेको भरतपुर भ्रमण वर्ष-२०२४ सफलताका साथ सम्पन्न गर्न समेत उक्त सडक निर्माणका यथाशक्य छिटो सम्पन्न गर्नुपर्ने पत्रमा उल्लेख गरिएको थियो। ध्यानाकर्षण पत्र हस्तान्तरण कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठ, निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, तृतीय उपाध्यक्ष सिरिष पन्त लगाएत संघका कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

## संघद्वारा महानगरपालिकाको ध्यानाकर्षण

उद्योग वाणिज्य संघ-चितवनले मिति २०८० असोज ८ गते नारायणगढ भरतपुर क्षेत्रका व्यवसायीहरूको पछिल्ला समस्याको विषयमा भरतपुर महानगरपालिकाको ध्यानाकर्षण गराएको थियो। उद्योग वाणिज्य संघ-चितवनले विभिन्न वस्तुगत संघहरूको सहभगितामा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा गएको व्यवसायीहरूको टोलीले भरतपुर महानगरपालिकालाई ध्यानाकर्षण-पत्र बुझाएको थियो।

उद्योग वाणिज्य संघ-चितवनले विशेष गरी मुख्य चार विषयमा भरतपुर महानगरपालिकाको ध्यानाकर्षण गराएको थियो। संघले निर्माणाधीन पुल्चोक-गोन्द्राङ सडक छिटो सम्पन्न गर्नुपर्ने, पुर्व र पश्चिम चितवनबाट आएका सवारी साधनहरूलाई नारायणगढ बजारमा प्रवेश गरी पिक एण्ड ड्रपको व्यवस्था मिलाउनु पर्ने, मेला महोत्सवहरू व्यापार पवर्द्धनको हिसावले छोटो समयमात्रै संचालन हुनुपर्ने, नारायणगढ बजारमा ट्राफिक तथा पार्किङ व्यवस्थापनमा ध्यान दिनुपर्ने लगायतका विषयमा ध्यानाकर्षण गराउँदै भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाललाई ध्यानाकर्षण-पत्र बुझाईएको थियो।

निर्माणाधीन सडकले गतिलिन नसक्नु, पुर्व र पश्चिम चितवनबाट आएका सवारी साधन नारायणगढ प्रवेश गर्न नपाउनु, लामो समय मेला महोत्सव हुनुले भरतपुर नारायणगढका व्यवसायीहरू समस्यामा परेको निष्कर्षसहित उद्योग वाणिज्य संघ चितवनको नेतृत्वमा महानगरपालिकाको ध्यानाकर्षण गराइएको थियो।

## घरबहाल कर घरबेटीसाग लिन संघको दवाव

उद्योग वाणिज्य संघ-चितवनले घरबहाल करका सम्बन्धमा मिति २०८० मंसिर १२ गते एक विज्ञप्ती जारी गर्दै आर्थिक मन्दी, मूल्यवृद्धि तथा बैंक ब्याजका कारण उद्यमी व्यवसायी चरम आर्थिक मारमा परिरहेको र आफ्नो उद्योग व्यवसाय सञ्चालन गर्ने सन्दर्भमा उद्यमी व्यवसायीहरूले नेपाल सरकारका विभिन्न निकायमा कर तथा राजश्व भुक्तानी गर्दै आइरहेको र पछिल्लो समयमा घर वा जग्गा भाडामा लिएर व्यवसाय गर्दै आएका व्यवसायीले स्वयं घर वा जग्गा बहाल कर तिर्न परेको भनी गुनासो उद्योग वाणिज्य संघ-चितवनमा आईरहेकोले संघले घरबहाल कर घरधनीलाई तिर्न अपिल गर्दै विज्ञप्ती जारी गरेको थियो। यसका मंसिर १३ गते उद्योग वाणिज्य संघ वस्तुगत समन्वय समितिका संयोजक तथा तृतीय उपाध्यक्ष सिरिष पन्तको नेतृत्वमा संघमा आवद्ध २१ वटा वस्तुगत संघका अध्यक्ष, पदाधिकारी तथा प्रतिनिधिहरूले आज बिहीबार भरतपुर महानगरपालिका राजश्व परामर्श समितिका संयोजक तथा उपप्रमुख चित्रसेन अधिकारीलाई भेटेर घरबहाल कर घरबेटीसँग लिन दवाव दिनुभएको थियो। महानगरपालिकाले व्यवसायीलाई व्यवसाय कर तिर्न जाँदा घरबहाल करसमेत माग्न थालेपछि व्यवसायीहरूले त्यसको विरोध गरेका हुन्। आम्दानी गर्नेले नै कर तिर्नुपर्ने विश्वव्यापी मान्यता रहेको भन्दै संघका तृतीय उपाध्यक्ष पन्तले महानगरले घरबहाल कर व्यवसायीसँग लिन नहुने बताउनुभएको थियो। उहाँले घरबेटीले नै घरवहाल कर तिर्नुपर्ने भन्दै आर्थिक संकटको चपेटामा परेका व्यवसायीलाई थप मार पार्न नहुने बताउनुभएको थियो। छलफलमा महानगरपालिका राजश्व महाशाखाका कर्मचारीहरूकोसमेत उपस्थिती रहेको थियो। महानगर उपप्रमुख चित्रसेन अधिकारीले व्यवसायीहरूले उठाएका विषय जायज भएको भन्दै आगामी सोमबारसम्म यस बारेमा महानगरपालिकाले आफ्नो धारणा स्पष्ट गरेर उत्पन्न समस्याको समाधान गर्ने बताउनुभएको थियो।

## स्वागत:

### दाङका उद्यमी व्यसावयीलाई संघमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले दाङ जिल्ला उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति

२०७९ माघ १७ गते एक कार्यक्रमको आयोजना स्वागत गरेको थियो । भ्रमण टोली दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष श्री टंकसिंह बुढाथोकीको नेतृत्वमा आएको थियो । नेपालको विभिन्न सफल उद्योग वाणिज्य संघहरूका साथै औद्योगिक क्षेत्रहरूको अध्ययन अवलोकन गर्ने सन्दर्भमा उद्योग वाणिज्य संघ-चितवन आएका थिए । स्वागत एवम् छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले वहाँहरूलाई स्वागत गर्दै यस्ता किसिमका भेटघाटले दुई उद्योग वाणिज्य संघको मित्रता बढ्नुकासाथै दुवै संघका समस्याहरूको पनि पहिचान हुने बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिंदै अध्यक्ष श्रेष्ठले सरकारले लागु गरेको सङ्कुचनकारी मौद्रिक नीतिका कारण व्यवसायीहरूलाई समस्या परेको बताउँदै उहाँले निजी क्षेत्रका संलग्नता बिना आर्थिक समृद्धिको कल्पना गर्न नसकिने हुनाले सरकारले निजी क्षेत्रलाई हातेमालो गर्दै जानुपर्ने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष टंकसिंह बुढाथोकीले उद्योग वाणिज्य संघ-चितवनले गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यवसायिक ऐक्यवद्धताका लागि उद्योग वाणिज्य संघ-चितवनसँग सँगसँगै अघि बढ्ने प्रतिवद्धतासमेत व्यक्त गर्नुभएको थियो । वहाँले उवासंघ-चितवनबाट सिकेका कुरालाई आफ्नो संघमा पनि लागु गर्ने बताउनु भयो ।

कार्यक्रममा दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष टंकसिंह बुढाथोकीको नेतृत्वमा संघका पूर्व अध्यक्ष, कार्यसमिति सदस्य, लगायत २२ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, सिरिष पन्त, तथा संघका कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो । टोलीले संघको सचिवालय र नारायणी नदी किनारकोसमेत अवलोकन गरेको थिए । उवासंघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमलाई उद्योग वाणिज्य संघ चितवका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको थियो ।

## चितवनका कार्यालय प्रमुखहरूलाई संघमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ फागुन ८ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख र सशस्त्र प्रहरी बल नेपाल, हेडक्वाटर चितवन नं. १७ गणका प्रमुखलाई संयुक्त रुपमा स्वागत गरिएको थियो । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्की र सशस्त्र प्रहरी बल नेपाल हेडक्वाटर चितवन नं. १७ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक शशि पाण्डेलाई संघमा स्वागत गरेको हो । स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले विगत लामो समयदेखि उद्योग वाणिज्य संघ-चितवनको सम्बन्ध जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल, हेडक्वाटर चितवन नं. १७ गणलगायत सम्पूर्ण कार्यालयहरूसँग सुमधुर रहँदै आएको बताउँदै आगामी दिनहरूमा पनि सम्बन्ध अझ बढी प्रगाढ रहने अपेक्षा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले संघको सङ्क्षिप्त जानकारी दिंदै चितवन जिल्लाको आर्थिक समाजिक एवं समग्र विकासका लागि सबै निकायहरूसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सहनलाल प्रधानले नवआगन्तुक जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख र सशस्त्र प्रहरी बल नेपाल, हेडक्वाटर चितवन नं. १७ गणका प्रमुखलाई कार्यकाल सफलताको शुभकामना दिंदै उहाँले उद्योग वाणिज्य संघ-चितवन व्यवसायीहरूको संस्था भएतापनि सामाजिक उत्तरदायित्वको कार्यमा पनि निरन्तर लागिरहने बताउनुभएको थियो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले चितवन आर्थिक सामाजिक एवम् रणनीतिक हिसावले महत्त्वपूर्ण जिल्ला भएको बताउँदै उहाँले अबको देश विकास सार्वजनिक निजी साझेदारीको माध्यमबाट गर्ने रणनीति भएकोले

निजी क्षेत्रको उत्थानमा लाग्ने प्रतिवद्धता व्यक्त गर्नभएको थियो । उहाँले चितवनमा रात्रिकालीन बजार सञ्चालनको लागि व्यावसायिक संघ संस्थाहरूको समन्वयमा निश्चित क्षेत्र पहिचान गरी सञ्चालन गर्ने बताउनुभएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीले व्यवसायीहरूका गुनासाहरू सम्बोधन गर्दै उहाँले व्यवसायीहरूको समस्यालाई कसरी समधान गर्न सकिन्छ भन्ने विषयमा व्यावसायिक संघ संस्थाका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम आयोजना गर्न लागेको बताउनुभएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल हेडक्वाटर चितवन नं. १७ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक शशि पाण्डेले सुरक्षा देख्ने भन्दा पनि महशुस गर्ने कुरा भएकोले व्यवसायीहरूको लागि सुरक्षित वातावरण सृजना गर्नका लागि प्रतिवद्ध रहेको बताउनुभएको थियो । कार्यक्रममा संघका पूर्व अध्यक्ष उदयकुमार श्रेष्ठ, संघका पदाधिकारी, कार्यसमिति सदस्य, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत ५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रम संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त स्वागत कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

## सिन्धुलीका उद्यमी व्यवसायीलाई संघमा स्वागत एवं छलफल

उद्योग वाणिज्य संघ-चितवनले सिन्धुली उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति २०८० जेठ १४ गते संघको बैठक कक्षमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरिएको थियो । सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष श्री अर्जुनकुमार श्रेष्ठको नेतृत्वमा आएको भम्रण टोलीलाई संघले स्वागत गरेको थियो । नेपालको विभिन्न सफल उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन गर्ने सन्दर्भमा उद्योग वाणिज्य संघ-चितवनमा आउनुभएको थियो । स्वागत एवम् छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले यस किसिमको कार्यक्रमले व्यावसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नमा समेत सहयोग पुऱ्याउने बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिँदै अध्यक्ष श्रेष्ठले निजी क्षेत्रका संलग्नताविना आर्थिक समृद्धिको कल्पना गर्न नसकिने र नेपाल सरकारको आर्थिक वर्ष ०७९/०८० को बजेटले उद्योगी व्यवसायीको समस्या सम्बोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्दै देशको आर्थिक समृद्धिका लागि सरकारले निजी क्षेत्रलाई हातेमालो गर्दै जानुपर्ने बताउनुभएको थियो । सोही कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य अमरेशचन्द्र वैदारले निजी क्षेत्रका समस्याहरू महासंघ मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउने बताउनु बताउनुभएको थियो । कार्यक्रममा बोल्दै सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुनकुमार श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनले गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यबद्धताका लागि उद्योग वाणिज्य संघ-चितवनसँग मिलेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले उवासंघ चितवनबाट सिकेका कुरालाई आफ्नो संघमा पनि लागु गर्ने बताउनु भयो । कार्यक्रममा सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुनकुमार श्रेष्ठको नेतृत्वमा पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्य, महिला उद्यमी लगायत ३५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका पदाधिकारी, कार्यसमितिका सदस्यहरूको उपस्थिति रहेको थियो । टोलीले संघको सचिवालय र नारायणी नदी किनारको अवलोकन समेत गरेको थिए । कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा उद्योग वाणिज्य संघ चितवका उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रमलाई संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो ।

## प्रमुख जिल्ला अधिकारीलाई संघमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले मिति २०८० भाद्र ७ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी जिल्ला प्रशासन कार्यालय चितवनका लागि नवआगन्तुक प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई संघमा स्वागत गरेको थियो ।

स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले विगत लामो समयदेखि उद्योग वाणिज्य

संघ-चितवनको सम्बन्ध जिल्ला प्रशासन कार्यालयसँग सुमधुर रहँदै आएको बताउँदै आगामी दिनहरूमा पनि सम्बन्ध अझ बढी प्रगाढ रहने अपेक्षा व्यक्त गर्नुभएको थियो। कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले संघको सङ्क्षिप्त जानकारी दिंदै चितवन जिल्लाको आर्थिक, समाजिक एवं समग्र विकासका लागि जिल्ला प्रशासन कार्यालयसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले नवआगन्तुक जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारीज्यूलाई स्वागत गर्दै उहाँले विगतदेखिनै चितवन जिल्लाका सरकारी निकायहरूसँग यस संघको सुमधुर सम्बन्ध रहेको बताउँदै उहाँले यस जिल्लाको शान्ति सुरक्षा एवं आर्थिक सामाजिक विकासमा सधैं सहयोग गर्न तत्पर रहेको बताउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष रमेशकुमार पियाले चितवनका प्रमुख जिल्ला अधिकारीज्यूलाई कार्यकाल सफलताको शुभकामना दिंदै उहाँले उद्योग वाणिज्य संघ-चितवनको विगतदेखि वर्तमानसम्मको इतिहासका बारेमा जानकारी गराउँदै उद्योग वाणिज्य संघ-चितवन व्यवसायीहरूको संस्था भएतापनि सामाजिक उत्तरदायित्वको कार्यमा पनि निरन्तर लागिरहने बताउनुभएको थियो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले चितवन आर्थिक सामाजिक एवम् रणनीतिक हिसावले महत्त्वपूर्ण जिल्ला भएको बताउँदै उहाँले उद्योगी व्यापारीको समस्या समधान गर्नका साथै निजी क्षेत्रको उत्थानमा सदैव सहकार्य गर्न तयार रहेको बताउँदै चितवन जिल्ला पर्यटकीय हिसावले नेपालकै पहिलो हुने विशेषता रहेको बताउनुभएको थियो । कार्यक्रममा संघका पूर्व अध्यक्ष राजन गौतम, संघका पदाधिकारी, कार्यसमिति सदस्य, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत ३५ जनाको उपस्थिति रहेको थियो। कार्यक्रम संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो। संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने स्वागत कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

## कैलाली उद्योग वाणिज्य संघका महिला उद्यमी टोलीलाई संघमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले कैलाली उद्योग वाणिजय संघका महिला उद्यमीको अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति २०८० भाद्र १९ गते संघमा एक कार्यक्रम आयोजना गरी स्वागत गरेको थियो । उक्त छलफलमा चितवन र कैलालीका महिला उद्यमीहरूले उत्पादन गरेका बस्तुहरूको प्रवर्द्धन एवं बजारीकरण कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको परिचय दिंदै उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य रजनी मास्केले चितवनमा उत्पादन भएको वस्तु कैलालीसम्म पुऱ्याएर प्रवर्द्धन गरिदिन अनुरोध गर्नुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले संघबाट गरिने कियाकलापका बारेमा बताउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य रजनी मास्के, योगिता पिया, दिपा शाही लगायत कैलाली उद्योग वाणिज्य संघका महिला उद्यमीका भ्रमण टोलीको सहभागीता रहेको थियो ।

## विन बहुउद्देश्यीय सहकारी संस्थाका टोलीलाई संघमा स्वागत एवं छलफल

उद्योग वाणिज्य संघ-चितवनले ललितपुरको विन बहुउद्देश्यीय सहकारी संस्था लि. को अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति २०८० भाद्र २५ गते संघमा एक कार्यक्रम आयोजना गरी स्वागत गरेको थियो। ललितपुर स्थित विन बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष मलिका श्रेष्ठको नेतृत्वमा आएको भम्रण टोलीलाई संघले स्वागत गरेको थियो । उक्त छलफलमा चितवन र ललितपुरका महिला उद्यमीहरूले उत्पादन गरेका वस्तुहरू एक अर्काले प्रवर्द्धन गर्ने कुरामा सहमती भएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको परिचय दिंदै महिला उद्यमी विकास समितिका संयोजक पूर्णिमा श्रेष्ठले ललितपुरका महिला उद्यमीका उत्पादनहरूलाई चितवन कोशेली घरबाट प्रवर्द्धन गर्ने र यहाँको उत्पादन ललितपुरमा प्रवर्द्धन गरिदिन अनुरोध गर्नुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष सिरिष पन्त र कार्यकारी

निर्देशक निलबहादुर केसीले संघबाट गरिने क्रियाकलापका बारेमा बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य रजनी मास्के, योगिता पिया, दिपा शाही, सन्तोष जनक भुषाल, सुनिता कर्मचार्य लगायत विन वहुउद्देश्यीय सहकारी संस्थाको भ्रमण टोलीको सहभागीता रहेको थियो ।

## रत्ननगर उद्योग वाणिज्य संघका नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा स्वागत

उद्योग वाणिज्य संघ-चितवनको सचिवालयमा मिति २०८० असोज ९ गते रत्ननगर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष एवं कार्यसमितिलाई बधाई तथा स्वागत कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले रत्ननगर उद्योग वाणिज्य संघका नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनुहुँदै संघको गतिविधि र विगतका क्रियाकलापका बारेमा जानकारी गराउनुभएको थियो । रत्ननगर उद्योग वाणिज्य संघ र उद्योग वाणिज्य संघ-चितवन बिचको सहकार्य र सहयोगका बारेमा व्यावसायिक ऐक्यवद्धता, आर्थिक सुस्ततालाई कसरी गतिशील बनाउने भन्ने विषयमा सहकार्य गर्नुपर्ने बताउनुभएको थियो ।

कार्यक्रममा रत्ननगर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष शंकर गिरीले उद्योग वाणिज्य संघ चितवनले स्वागत तथा बधाई कार्यक्रम आयोजना गरी न्यानो आतिथ्यता प्रदान गरेकोमा धन्यवाद दिंदै उहाँले उद्योग वाणिज्य संघ-चितवनसँग समन्वय र सहकार्यमा व्यावसायिक समस्या, चितवन जिल्लाको आर्थिक सामाजिक विकासमा हातेमालो गर्दै अगाडि बढ्ने बताउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली र सिरिष पन्तले हामी चितवनका व्यवसायीहरू एउटै उद्देश्य लिएर गठन भएका संघ-संस्थाहरू व्यावसायिक समस्यामा एकै ठाउमा उभिएर अगाडि बढ्नुपर्ने आ-आफ्नो धारणाहरू प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, सिरिष पन्त, संघका कार्यसमिति सदस्यज्यूहरू, रत्ननगर उद्योग वाणिज्य संघका नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा भएको स्वागत तथा बधाई कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

### उपप्रधान एवम् गृहमन्त्रीसङ्ग अन्तरक्रिया कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ पौष २८ गते एक कार्यक्रम आयोजना गरी नेपाल सरकारका तत्कलीन उपप्रधान तथा गृहमन्त्री एवम् चितवन क्षेत्र नम्बर २ का सांसद रवि लामिछानेसँग अन्तरक्रिया गरेको थियो । अन्तरक्रिया कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले नवनियुक्त उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेलाई बधाई ज्ञापन गर्दै चितवन जिल्लाको आर्थिक तथा सामाजिक विकासको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न अनुरोधसमेत गर्नुभएको थियो । अध्यक्ष श्रेष्ठले संघको पृष्ठभूमी र संघले आयोजना गरेका मेला महोत्वसका बारेमा जानकारी गराउनु भएको थियो । वहाँले चितवन धेरै सम्भावना बोकेको जिल्ला भएको जानकारी गराउँदै अबको दशक आर्थिक एजेण्डाको दशक हुनुपर्ने उपप्रधान एवं गृह मन्त्रीलाई आग्रह गर्नुभएको थियो । उहाँले बैंक ब्याज वृद्धि, चालु पूँजि मार्गदर्शन, मौद्रीक नीति, आर्थिक सुचकहरू व्यवसायी मैत्री नभएकोले लगानीको अवसरहरू गुमेको बताउनुभएको थियो । कार्यक्रममा नेपाल सरकारका उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले नेपाल सरकारले भरखर ल्याएको सरकारको न्यूनतम साझा अवधारणले उद्योगी व्यवसायीको समस्यालाई सम्बोधन गर्ने बताउँदै वहाँले सबै व्यवसायीहरूले धेरै भन्दा धेरै नाफा आर्जन गर्न सफल होस् भन्ने नीति निर्माण गर्न सरकार लागिरहेको समेत जानकारी गराउनुभएको थियो । वहाँले स्वदेशी उत्पादनमा सरकार सम्वेदनशील रहेको समेत जानकारी गराउँदै व्यवसायी संघ संस्थाहरूको समन्वयमा व्यवसायिक नीति निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष रमेशकुमार पियाले कोभिड-१९, यूक्रेन रसिया यूद्धका कारण विश्व अर्थतन्त्रमा संकट सृजना भैरहेको

यस अवस्थामा नेपालमा बैंक ब्याज वृद्धिले नवआगन्तुक लगानीकर्ताले लगानी नगर्ने र पुराना व्यवसायीहरू पनि पलायन हुने सम्भावना बढ्दै गईरहेकाले राज्यले लगानी मैत्री नीतिका साथै वातावरण सृजना गर्नुपर्ने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष डा. तिलचन्द्र भट्टराईले नेपालको व्यवस्था परिवर्तन भएपनि अवस्था परिवर्तन हुन नसकेको बताउँदै वहाँले बैंक ब्याज वृद्धिका कारण उद्योग व्यवसायमा लगानी गर्ने अवस्था नभएको र ब्याज समेत तिर्न नसक्ने अवस्था आएकोले राज्यले उद्योगी व्यवसायीको संरक्षणमा ध्यान दिनुपर्ने बताउनुभएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ, प्रहरी नायव महानिरीक्षक सन्दीप भण्डारी, शसस्त्र प्रहरी बल १७ नं. गणका प्रमुख मनोज थापा, राष्ट्रिय उप अनुसन्धान निर्देशक कमलप्रसाद भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टी, चितवनका विभिन्न तहका नेतागणहरू, उद्योग वाणिज्य संघ चितवनका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारी, कार्यसमिति लगायत ५० जना उपस्थिति रहेको कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको थियो ।

## व्युटिपार्लर सम्बन्धी निःशुल्क सेमिनार सम्पन्न

उद्योग वाणिज्य संघ-चितवन र चितवन व्युटिपार्लर युनिटिको संयुक्त आयोजनामा मिति २०७९ पौष १७ गतेदेखि २० गतेसम्म चितवनमा सौन्दर्य व्यवसायीहरूको लागि नेल आर्ट, रसियन हेयर स्टाइल र मेकअप सम्बन्धी चारदिने निःशुल्क सेमिनार सम्पन्न भएको थियो । सेमिनार उद्घाटन कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले कार्यक्रम उद्घाटन गर्दै उहाँले उद्योग वाणिज्य संघ-चितवनले व्यवसायीहरूको आवश्यकता र माग अनुसार यस्ता तालिम, गोष्ठी तथा सेमीनारहरू गरिहने बताउनुभएको थियो । उहाँले चितवन महोत्सव-२०७९ सफलताकासाथ सम्पन्न गर्नका लागि सहयोग गर्न व्यूटिपार्लर व्यवसायीहरूलाई अनुरोध गर्नुभएको थियो भने समापन कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका प्रथम उपाध्यक्ष चिरन्जीवी सुवेदीले कार्यक्रमलाई समापन गर्दै तालिमबाट सिकेका कुराले आर्थिक उत्पादन बढाउन सहयोग पुर्‍याउन मद्दत गर्ने बताउनुभएको थियो । ४ दिनसम्म सञ्चालन भएको सेमिनार १०० जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको उक्त सेमिनारमा सावित्री रेग्मी, सुनिता खड्का, सविना महतो, संगिता अर्यालले प्रशिक्षण दिनुभएको थियो । चितवन व्युटिपार्लर युनिटीका अध्यक्ष मिना उप्रेतीको अध्यक्षतामा सम्पन्न सेमिनार उद्योग वाणिज्य संघ-चितवनको तालिम संयोजक योगिता पियाले संयोजन गर्नु भएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनका कर्मचारीहरूको पुनर्मिलन एवम् वनभोज कार्यक्रम

चितवन जिल्लाको उद्योगी व्यवसायीहरूको साझा संस्था उद्योग वाणिज्य संघ-चितवनमा कार्यरत कर्मचारीहरूको पुनर्मिलन एवम् वजभोज कार्यक्रम २०७९ माघ २८ गते माडीमा सम्पन्न भएको थियो । आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले माडीको पर्यटकीय क्षेत्र सोमेश्वरगढीमा कर्मचारी पुनर्मिलन एवम् वनभोज कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष एवम् सचिवालय व्यवस्थापन समिति संयोजक राजेन्द्र ओली, फर्निचर तथा फर्निसिङ व्यवसायी संघका निवर्तमान अध्यक्ष अरूण खनाल, कुखुरा व्यवसायी संघका पूर्व अध्यक्ष धनबहादुर श्रेष्ठ, उद्योग वाणिज्य संघ, माडीका अध्यक्ष रेशमलाल आचार्य, उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर केसी, कार्यक्रम अधिकृत गणेश सुवेदी, लेखा अधिकृत डम्मरराज गौतम, सूचना प्रविधि अधिकृत सन्देश पौडेल, चेम्वर वहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक हरिराम ढकाल, कार्यक्रम संयोजक एवम् प्रशासन सहायक हरिप्रसाद सुवेदीलगायत उवासंघ चितवनका कर्मचारीहरूको सहभागिता रहेको थियो । सोही अवसरमा उद्योग वाणिज्य संघ, माडीको आयोजनामा भएको घैंटो फुटाई कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका लेखा अधिकृत डम्मरराज गौतमले घैंटो फुटाएर पुरस्कार जित्न सफल हुनु भएको थियो । सोही अवसरमा संघका कार्यकारी निर्देशक निलबहादुर के.सीको अध्यक्षतामा कर्मचारी बैठक सम्पन्न गरिएको थियो ।

## प्रोस्टेट क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

मिति २०७९ फागुन १३ गते उद्योग वाणिज्य संघ–चितवनको सभाहलमा प्रोस्टेट क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम उद्योग वाणिज्य संघ–चितवन र नारायणगढ राउन्ड टेवल १४ को आयोजना एवम् कोसिस क्यान्सर सेन्टरको सहयोगमा सम्पन्न भएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले व्यावसायिक जीवन व्यस्त रहेकाले व्यक्तिगत स्वास्थ्य सम्बन्धी पनि ध्यान दिलाउन सचेतना कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । उहाँले स्वास्थ्यनै सम्पती हो भन्ने मन्त्रलाई आत्मसाथ गर्दै विभिन्न समयमा संघले स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू आयोजना गर्दै आईरहेको बताउदैं उहाँले व्यवसायीहरू धेरै समय व्यावसायिक कार्यमा व्यस्त हुने हुनाले र आफ्नो स्वास्थ्य सम्बन्धमा ध्यान नदिईरहेकोले हामी स्वास्थ्य भए मात्र चितवन एवम् देशकै आर्थिक, सामाजिक विकास गर्न सक्षम हुने बताउदैं उहाँले व्यवसायी एवम् सबैलाई स्वास्थ्यलाई ख्याल राखेर कार्यगर्न अनुरोध गर्नुभएको थियो । कार्यक्रममा कोसिस क्यान्सर सेन्टरका प्रमुख डा. सरिता राना गुरुङले प्रोस्टेट क्यान्सरको बारेमा जानकारी गराउँदै क्यान्सरको सबैभन्दा राम्रो प्रभावकारी उपचार सचेतना भएको बताउनुभएको थियो। उहाँले सचेतनाले आधाभन्दा धेरै रोग घटाउने र सचेतना कार्यक्रमहरू गर्न साथमा रहेको र हामी सबै हातेमालो गरेर क्यान्सरलाई जित्न सक्ने बताउनु भयो। कार्यक्रमका प्रशिक्षक बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालका डा. आदित्य जलनले प्रोस्टेट क्यान्सरका बारेमा जानकारी गराउँदै उहाँले प्रोस्टेट क्यान्सर बढी हुन सक्ने उमेर समुह, कारण, लक्षण र उपचार विधिका बारेमा जानकारी गराउनुकासाथै सहभागीहरूका जिज्ञासाहरूको बारेमा सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ–चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ–चितवनमा आवद्ध व्यवसायी र व्यवसायीको परिवारलाई चितवन मेडिकल कलेज र नारायणी सामुदायिक हस्पिटलमा उपचार गर्दा केही प्रतिशत छुट पाउने बताउँदै उहाँले अन्य हस्पिटलहरूमा पनि कुरा भैरहेको बताउनु भयो। कार्यक्रममा संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका कार्यसमिति सदस्यहरू, कार्यकारी निर्देशक, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी, नारायणगढ राउन्ड टेवलका पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति लगायत ६० जनाको उपस्थिति रहेको थियो । कार्यक्रम नारायणगढ राउन्ड टेवल १४ का अध्यक्ष विवेक चाचनको अध्यक्षता सम्पन्न कार्यक्रम नारायणगढ राउन्ड टेवल १४ का सचिव प्रविन वनसलले सञ्चालन गर्नुभएको थियो । कार्यक्रम संघको संस्थागत उत्तरदाईत्व अन्तरगत गरिएको थियो ।

## अध्ययन अवलोकन भ्रमण

### संघको अध्ययन अवलोकन भ्रमण सम्पन्न

उद्योग वाणिज्य संघ–चितवनले अन्तरराष्ट्रिय अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको छ। संघको भ्रमण टोलीले मिति २०८० फाल्गुन ३० गते देखि चैत ५ गते सम्म यूनाईटेड अरव इमिरेटस् (दुवई ) भ्रमण गरेको थियो । भ्रमण दुई देश विच व्यवसायिक सम्बन्ध र प्रवर्द्धनमा महत्वपुर्ण योगदान पुग्ने , प्रविधि साटासाट तथा हस्तान्त्रण, यूएईको व्यवसायिक एवं औद्योगिक  विकासका बारेमा जानकारी लिने, बढ्दो प्रविधिको प्रयोगका बारेमा जानकारी लिनुका साथै पूर्वधार विकास सम्वन्धी जानकारी लिने उद्देश्यले भ्रमण आयोजना  गरिएको हो । भ्रमण टोलीले दुवईको विभिन्न औद्योगीक एवं व्यवसायिक प्रतिस्ठान, जल तथा स्थल पर्यटकीय क्षेत्रहरूका साथै त्यहाका पुर्वधार विकासका बारेमा अध्ययन अवलोकन गरेको अध्ययन अवलोकन भ्रमण समितिका संयोजक राजन पियाले जानकारी गराउनु भएको थियो। संघका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा उवासंघ चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका पूर्वअध्यक्ष लगाएत कार्यसमिति र कार्यसमितिका स्पाउज सहित २६ जनाको टोली दुवईको अध्ययन अवलोकन भ्रमणमा सहभागी हुनभएको थियो ।

### संघको महिला उद्यमीद्वारा अध्ययन अवलोकन भ्रमण सम्पन्न

उद्योग वाणिज्य संघ–चितवनको आयोजनामा संघमा आवद्ध महिला उद्यमीहरू विभिन्न उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको थियो। मिति २०८० जेठ ८ देखि १० गते सम्म मकवानपुर, सिन्धुली, ओखलढुङ्

गा, खोटाङ र धनुषा जिल्लाका विभिन्न उद्योग वाणिज्य संघका महिला उद्यमीहरूसँग भेटघाट तथा छलफलका साथै त्यहाँका धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको अध्ययन अवलोकन गर्नुभएको थियो । भ्रमणमा सहभागी महिला उद्यमीहरूलाई भ्रमण सफलताको शुभकामना दिँदै उद्योग बाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले भ्रमणबाट उद्यम विकासमा सहयोग पुग्ने बताउनुभएको थियो । महिला उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि आयोजित भ्रमणदललाई चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सहितको पदाधिकारी र कार्यसमिति सदस्यहरूले विदाई गर्नुभएको थियो । सो अवसरमा बोल्दै अध्यक्ष चुननारायण श्रेष्ठले महिला उद्यमशिलता विकासको लागि भ्रमण फलदायी हुने आशा समेत व्यक्त गर्नभएको थियो । भ्रमणले महिलाहरूमा प्रतिस्पर्धी क्षमताको विकासको अलावा नयाँ प्रविधि र बजारको अवस्थाबारे समेत जानकारी प्राप्त हुने उहाँको अपेक्षा रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य एवं महिला उद्यमी विकास समितिको संयोजक पूर्णिमा श्रेष्ठको नेतृत्वमा रहेको भ्रमण टोलीमा संघका कार्यसमिति सदस्य रजनी मास्के, योगीता पिया, दिपा शाही, सुनिता कर्माचार्य, संघका कर्मचारी शर्मिला विष्ट, संघमा आवद्ध महिला उद्यमी गरी १७ जना रहेको थियो । ३ दिने भ्रमणको क्रममा चितवनका महिला उद्यमीहरूले सिन्धुली, जनकपुर र मकवानपुर उद्योग वाणिज्य संघको कार्यसमिति र महिला उद्यमीहरूसंग अन्तरक्रिया गरिएको थियो ।

अन्तरक्रियामा आ-आफ्ना संघका बारेमा जानकारी आदान-प्रदानकासाथै महिला उद्यमीहरूद्वारा उत्पादित वस्तुको बजारीकरण लगायतका विषयमा छलफल भएको थियो । साथै भ्रमणमा सिन्धुली, मकवानपुर, ओखलढुङ्गा, खोटाङ र धनुषा जिल्लाका धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको अध्ययन अवलोकन समेत गर्नुभएको थियो । भम्रणदलका सदस्यहरूले उद्यमीहरूका लागि अहिलेको आर्थिक मन्दी चुनौती र अवसर दुवै भएको बताउँदै महिला उद्यमीहरूको क्षमता अभिवृद्धिकालागि भ्रमण फलदायी रहेको समेत बताउनुभएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनको अध्ययन अवलोकन भ्रमण-२०८० सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनले बागमती प्रदेशका विभिन्न जिल्ला तथा नगर उवासंघहरू बिचको आपसी सम्बन्ध प्रगाढ बनाउनुकासाथै अनुभव आदानप्रदान गर्दै सहकार्यमा जोड दिने उद्देश्यले मिति २०८० कार्तिक १२ गते देखि १४ गतेसम्म उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा अध्ययन अवलोकन भ्रमणको आयोजना गरी सम्पन्न गरेको थियो । भ्रमण टोलीको बिदाइ कार्यक्रममा बोल्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले यस्ता भ्रमणले उद्योग, व्यापार, कृषि, पर्यटन तथा सूचना प्रविधिको विकासमा सहकार्य एवम् संघहरू बिच ऐक्यवद्धता कायम गर्नमा सहज हुनुकासाथै संघ सुदृढीकरण, सचिवालय व्यवस्थापन र संघका गतिविधिहरू संचालनमा अन्य उवासंघहरूले गरेका कार्यहरूको अवलोकन गर्दै अनुकरणिय कार्यहरूलाई संघद्वारा संचालन गर्न सकिने बताउनुभएको थियो । उहाँले भरतपुर महानगरपालिकाले घोषणा गरेको भरतपुर भ्रमण बर्ष २०२४ को प्रचारप्रसार गर्दै विभिन्न जिल्लाका उद्यमी व्यवसायीलाई चितवन घुम्न आउनको लागि अभिप्रेरित गरिने समेत बताउनुभएको थियो ।

उद्योग वाणिज्य संघ-चितवनको भ्रमण टोलीले रत्ननगर उद्योग वाणिज्य संघ, मकवानपुर उद्योग वाणिज्य संघ, थाहानगर उद्योग वाणिज्य संघ, काभ्रे उद्योग वाणिज्य संघ, धुलिखेल उद्योग वाणिज्य संघ, धुलिखेल नगरपालिका नगरप्रमुखसंग भेटघाट तथा भक्तपुर उद्योग वाणिज्य संघको अध्ययन अवलोन एवम् भेटघाट कार्यक्रमम गर्नुकासाथै मकवानपुर, काभ्रे र भक्तपुरका विभिन्न औद्योगिक, धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको अध्ययन अवलोकन गरेको थियो ।

रत्ननगर उद्योग वाणिज्य संघ, मकवानपुर उद्योग वाणिज्य संघ, थाहानगर उद्योग वाणिज्य संघ, काभ्रे उद्योग वाणिज्य संघ, धुलिखेल उद्योग वाणिज्य संघ, धुलिखेल नगरपालिका नगरप्रमुखसंग भेटघाट तथा भक्तपुर उद्योग वाणिज्य संघहरूमा कार्यक्रमको आयोजना गरी संघको परिचय आदानप्रदान गरिनुकासाथै अहिलेको आर्थिक मन्दीका कारण व्यवसायीहरूलाई परेका समस्याहरू बारेमा छलफल हुनुकासाथै अहिले भईरहेको चर्को बैंक ब्याज वृद्धिका विरूद्ध

सबै उद्योग वाणिज्य संघहरू एकवद्ध भएर लाग्नुपर्ने बेला आएको सबै उद्योगी व्यवसायीहरूको एउटै आवाज थियो।

सोही भ्रमणको अवसरमा भक्तपुर उद्योग वाणिज्य संघको सचिवालयमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष शुरकृष्ण वैद्यको प्रमुख अतिथ्यतामा उद्योग वाणिज्य संघ-चितवन र भक्तपुर उद्योग वाणिज्य संघ बिच भातृत्व सम्बन्ध कायम गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको थियो। उद्योग वाणिज्य संघ-चितवनको अध्ययन अवलोकन भ्रमणको क्रममा भक्तपुर उवासंघको सचिवालयमा आयोजित एक कार्यक्रम बिच उक्त समझदारी पत्रमा हस्ताक्षर भएको थियो। समझदारी पत्रमा दुवै संघको क्षमता अभिवृद्धि, सचिवालय सुदृढीकरण, दुवै जिल्लाको उद्योग, व्यापार, कृषि, पर्यटन, सूचना प्रविधि, स्वास्थ्य क्षेत्रको प्रवर्द्धनमा सहकार्य गर्नुकासाथै राष्ट्रिय आर्थिक बिषयका सम्बन्धमा सहकार्य र साझा धारणा निर्माण गर्ने लगायतका बुंदाहरू उल्लेख गरिएका छन्। समझदारी पत्रमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठ र भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष शिवप्रसाद मानन्धरले हस्ताक्षर गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिति नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष शुरकृष्ण वैद्यले बैंकहरूले नेपाल सरकार, नेपाल राष्ट बैंकलाई समेत वेवास्ता गरी जथाभावी ब्याजदर वृद्धि गरिरहेकोले आन्दोलनको तयारी थालेको बताउनुभएको थियो। उहाँले हामी उद्योग बन्द गरेर आन्दोलन थाल्ने योजनामा छौं, उहाँले भन्नुभयो, 'सुरूमा काठमाडौंका ठूलाठूला उद्योगहरू बन्द गर्न सुरू हुनेछन्।' उहाँले महासंघको आन्दोलनलाई साथ दिन सबै उद्योगी व्यवसायीहरूसँग अनुरोध गर्नुभएको थियो। सुरूमा काठमाडौंका ठूलाठूला उद्योग व्यवसायीहरूले उद्योग बन्द गरेर विरोध हुन थालेपछि जिल्लास्तरमा पनि उद्योग बन्द गरेर सहयोग गर्न उहाँको अपिल थियो।

उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले उद्योगी व्यवसायीहरू बैंक ब्याज वृद्धिले आर्थिक समस्यामा परेकोले बैंक ब्याज एक अंकमा ल्याउन नेउवामहासंघ संघलाई ध्यानार्कषण गराउनुभएको थियो। उहाँले भेटघाट गरेका सबै उद्योग वाणिज्य संघ, नगरपालिकामा आन्तरिक तथा पर्यटकलाई चितवन घुम्न आउन आह्वान गर्नुभएको थियो। यही आह्वानलाई साकार रुप दिन भरतपुर भ्रमण वर्ष २०२४ गर्न लागेको जानकारी उहाँले गराउनु भएको थियो।

उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा गएको भ्रमणटोलीमा संघका पूर्व अध्यक्ष कल्याण जोशी, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, कार्यसमिति सदस्य अशोक अधिकारी, रूद्र सुवेदी, लिलबहादुर क्षेत्री, राजन पिया, दिपा शाही, ज्ञानुप्रसाद न्यौपाने, धनप्रसाद पोखरेल, सन्तोष जनक भुषाल, रविन्द्रकुमार श्रेष्ठ, पूर्णिमा श्रेष्ठ, रेशमलाल आचार्य र कार्यक्रम अधिकृत गणेश सुवेदीको सहभागीता रहेको थियो। भ्रमण टोली कार्तिक १४ गते चितवन फर्केको थियो।

## व्यवसायीहरुलाई मिसम्याच सम्बन्धी अभिमुखीकरण कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०७९ चैत्र २१ गते मिसम्याच सम्बन्धी अभिमुखीकरण कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा सम्पन्न भएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले करका बारेमा राम्रोसँग जानकारी नभएर व्यवसायीहरू करमा मिसम्याचमा परेको बताउँदै उहाँले व्यवसायीहरूलाई मिसम्याचका बारेमा जानकारी दिने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको बताउनु भयो। कार्यक्रममा स्रोत व्यक्ति एवं आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृत निरन भट्टराईले व्यवसायीहरूलाई मिसम्याचका बारेमा जानकारी गराउनुभएको थियो। उहाँले व्यवसायीहरूका गुनासाहरू सम्बोधन गर्दै करका नियमहरूका बारेमा पनि जानकारी गराउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै संघले व्यवसायीहरूलाई पर्ने करका समस्याका बारेमा होस् या अन्य व्यवसायिक समस्याहरू समाधान गर्न लागिरहने बताउनुभएको थियो। कार्यक्रममा संघका उपाध्यक्षद्वय राजेन्द्र ओली र सिरिष पन्त, आन्तरिक राजश्व कार्यालयका कर अधिकृत विष्णुबहादुर रावत, उद्योग वाणिज्य

संघ-चितवनका कार्यसमिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत व्यवसायीहरूको उपस्थिति रहेको उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो। कार्यक्रम संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

## चितवनका सौन्दर्य व्यवसायीलाई सौन्दर्य प्रसाधनका सामाग्री र प्रयोगका बारेमा अभिमुखीकरण तालिम

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०७९ चैत्र २६ गते एक दिने सौन्दर्य प्रसाधनका सामाग्रीहरूका बारेमा अभिमुखिकरण तालिम दिइएको थियो। उद्योग वाणिज्य संघ चितवनको आयोजना तथा परेली अलकेयर प्रोडक्टको सहयोगमा भएको कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओलीले स्वास्थ्य र सौन्दर्यता एक अर्काका परिपूरक भएकाले सौन्दर्य प्रसाधनका सामाग्री प्रयोग गर्दा स्वास्थ्यलाई ख्याल गर्नुपर्ने बताउनुभएको थियो। उहाँले सौन्दर्य व्यवसायी र पेसालाई आवश्यक पर्ने कुनै कार्यक्रम भएमा संघले आयोजना गर्ने जानकारी गराउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारिणी सदस्य एवं संघको तालिम संयोजक योगिता पियाले स्वागत गर्दै कार्यक्रमले नयाँ प्रविधिका बारेमा अद्यावधिक बनाउने बताउँदै उहाँले कार्यक्रम अवधिभर सक्रिय रुपमा सहभागी भएर लाभिान्वित हुन अनुरोध गर्नुभएको थियो। कार्यक्रमा परेली अलकेयर प्रोडक्टका डाइरेक्टर भानु ढुङ्गानाले परेली अलकेयरबाट उत्पादित सौन्दर्य प्रसाधनका सामाग्रीहरूका बारेमा जानकारी दिनुभएको थियो। सौन्दर्यकर्मी संगठनका केन्द्रीय उपमहासचिव बालकुमारी रानाभाटले सिकाइले नै नयाँ ज्ञान बटुल्ने बताउनुभएको थियो। कार्यक्रमका प्रमुख प्रशिक्षक छाला विशेषज्ञ काठमाण्डौ मोडल हस्पिटलका डाक्टर एलिज अर्यालले सौन्दर्य व्यवसायीहरूलाई सौन्दर्य प्रसाधनका सामग्री प्रयोगका बारेमा प्रशिक्षण दिनुभएको थियो। उहाँले प्रशिक्षार्थीहरूबाट आएका गुनासाहरूलाई समेत सम्बोधन गर्नुभएको थियो। कार्यक्रममा संघका कार्यकारी निर्देशक निलबहादुर के.सी, परेली अलकेयरका प्रोडक्ट डाइरेक्टर रिना ओझा, भरतपुर थर्मो सेन्टरका इन्द्रकला भुषाल, चितवन नवलपुर थर्मो सेन्टरका विनोदजी लगायत १०० जना सौन्दर्य व्यवसायीहरूको उपस्थिति रहेको कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको कार्यकारिणी सदस्य एवं तालिम संयोजक योगिता पियाको अध्यक्षतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।

## स्ट्रिट फूडको स्वच्छता विषयक अन्तरक्रिया कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको तालिम हलमा मिति २०७९ चैत्र २९ गते एक दिने स्ट्रिट फूडको कार्यविधि सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। "हामी सबैको प्रतिवद्धता, खाद्य पदार्थमा स्वच्छता" भन्ने मुल नारा सहित नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको आयोजना, खाद्य प्रविधि गुण नियन्त्रण डिभिजन कार्यालय चितवनको व्यवस्थापन तथा उद्योग वाणिज्य संघ चितवन र किराना व्यवसायी संघ चितवनको सहकार्यका कार्यक्रम भएको थियो। कार्यक्रम स्ट्रिट फूड व्यवस्थापन तथा स्वच्छता सम्बन्धी कार्यविधि तयारीका बारेमा सरकोरवालाहरूलाई जानकारी गराउने उद्देश्यले आयोजना गरिएका थियो। कार्यक्रममा विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत भिमप्रसाद पुलामीले सडक खाना (स्ट्रिट फूड) को स्वच्छता अभ्यास सम्बन्धी कार्यविधि बन्न लागेको र बन्न लागेको कार्यविधिको बारेमा जानकारी गराउँदै उहाँले खाद्य विभागले निर्धारण गरेको मापदण्ड पुऱ्याएर मात्र स्ट्रिट फूडको बिक्री वितरण गर्न पाइने बताउनु भयो। कार्यक्रममा खाद्य प्रविधि गुण नियन्त्रण विभाग महानिर्देशक डा. मतिना जोशी वैद्य, जिल्ला प्रशासन कार्यालय चितवनका सहायक प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल, भरतपुर महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष केशव महर्जन लगायतले मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका तृतीय उपाध्यक्ष सिरिष पन्त, भरतपुर महानगरपालिकाका कर अधिकृत जीवलाल कुँवर, किराना व्यवसायी संघ चितवनका अध्यक्ष हरिराज पौडेल, होटल व्यवसायी संघ चितवनका अध्यक्ष केशव हड्खोले, उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदी लगायत सरोकारवालाहरू

गरी ६६ जनाको उपस्थिति रहेका कार्यक्रम बरिष्ठ खाद्य अनुसन्धान अधिकृत मोहन कृष्ण महर्जनको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न बनेको ऐन कार्यान्वयन सम्बन्धी अभिमुखीकरण

उद्योग वाणिज्य संघ चितवनको सभाहलमा मिति २०७९ चैत्र २९ गते एक दिवसीय सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न बनेको ऐन कार्यान्वयन गराउने सम्बन्धी अभिमुखीकरण कार्यक्रम स्वास्थ्य पत्रकार मञ्च नेपाल र उद्योग वाणिज्य संघ चितवनको आयोजनामा सम्पन्न भएको थियो । कार्यक्रममा सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न बहुक्षेत्रीय सहकार्यको आवश्यकता रहेको सरोकारवालाहरूले औंल्याएका थिए । सुर्तीजन्य पदार्थ सेवनका कारण नेपालमा वर्षेनी २७ हजार जनाको मृत्यु हुने गरेकाले सुर्तीजन्य पदार्थको नियन्त्रणका लागि सबै पक्षबिच सहकार्य हुनुपर्नेमा सहभागीहरूको जोड थियो । अभिमुखीकरण कार्यक्रममा वक्ताहरूले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने ऐन बनेपनि कार्यान्वयन हुन नसकेकोमा चिन्ता व्यक्त गरेका थिए । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै स्वास्थ्य कार्यालय चितवनका प्रमुख दुर्गादत्त चापागाईँले नेपालमा प्रत्येक वर्ष २७ हजार १०० मानिसको मृत्यु सुर्तीजन्य पदार्थको कारणले हुनेगरेको जानकारी गराउदैँ सुर्तीजन्य पदार्थ नियमन गर्ने ऐन बनेपनि कार्यान्वयन गर्न जटिल हुने गरेको चापागाईँले बताउनुभएको थियो । उहाँले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने विश्वका मानिसमध्ये ८० प्रतिशत विकासोन्मुख मुलुकका नागरिक रहेको पनि बताउनु भयो । सन् २०२० मा भएको अध्ययन अनुसार विश्वमा २२.३ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थको सेवन गरेको तथ्य रहेको चापागाईँले जानकारी गराउँदै त्यसमध्ये ३६.७ प्रतिशत पुरूष र ७.८ प्रतिशत महिला बताउनु भयो । नेपालमा २४.१ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको तथ्य चापागाईँले प्रस्तुत गर्नुभयो । त्यसमध्ये ४०.१ प्रतिशत पुरूष र १० प्रतिशत महिला रहेको पनि उहाँले जानकारी दिनुभयो । यस्तै २८.९ प्रतिशत मानिसले (धुम्रपान वा धुँवारहित) सेवन गर्ने गरेको तथ्य सन् २०१९ मा भएको एस.टिइ.पिएस. सर्वेले देखाएको चापागाईँले जानकारी दिनुभयो । चापागाईँले प्रस्तुत गर्नुभएको तथ्याङ्कअनुसार धुम्रपान गर्ने १७.१ प्रतिशत मध्ये २८ प्रतिशत पुरूष र ७.५ प्रतिशत महिला रहेका छन् । विद्युतीय चुरोट प्रयोग गर्नेहरू ०.८ प्रतिशत छन् । यो संख्या बढ्दै गएको छ । सुर्तीजन्य पदार्थको सेवनका कारण मुटुरोग, श्वासप्रश्वास सम्बन्धी रोगको जोखिम बढी हुने उहाँले बताउनुभएको थियो । कार्यक्रममा नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिल विक्रम कार्कीले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न सके नसर्ने रोगको जोखिमबाट बच्न सकिने बताउनु भयो । उहाँले २० मिनेट मात्रै धुम्रपान नगर्दापनि उच्च रक्तचाप, पल्स रेट र शरीरको तापक्रम सामान्य अवस्थामा ल्याउन सकिने उहाँको भनाइ छ । आठ घण्टा धुम्रपान नगर्दा ९३.७५ प्रतिशत निकोटिन लेभल घट्ने, दुई हप्ता धुम्रपान नगर्दा रक्तसञ्चार र दाँतमा गमको मात्रा सामान्य अवस्थामा आउने कार्कीले जानकारी दिनुभयो । डा. कार्कीले सुर्तीजन्य पदार्थको प्रयोग न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभयो । चुरोटको धुँवामा ४ हजार प्रकारका केमिकल हुने भन्दै उहाँले ५० वटाले क्यान्सर बनाउने जानकारी दिनुभयो । कार्यक्रममा एक्सन नेपालका अध्यक्ष आनन्दबहादुर चन्दले सुर्तीजन्य पदार्थको कर र मूल्य बढाउन सकेपनि केही हदसम्म नियन्त्रण गर्न सकिने बताउनुभयो । दक्षिण एसियामा सबैभन्दा सस्तो सुर्तीजन्य सामग्री नेपालमा रहेको भन्दै उहाँले यसको मूल्य बढाउनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले सुर्तीजन्य पदार्थको नियन्त्रण प्रयास गरिएको भए तापनि निरन्तरता दिन नसकिएको बताउनुभएको थियो । उहाँले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न सधैँ लागि पर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका तृतीय उपाध्यक्ष सिरिष पन्त, विभिन्न सञ्चार माध्यमका पत्रकार एवं सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थितिमा रहेको थियो ।

## दोषीलाई कानुन बमोजिम कारवाही गर्न संघको माग

उद्योग वाणिज्य संघ चितवनले मिति २०८० वैशाख २० गते संघका पूर्व कार्यसमिति सदस्य, चितवनका अग्रणी युवा उद्यमी शंकर कंडेको असामयिक तथा अप्रत्याशित निधनप्रति समवेदना प्रकट गर्दै घटनाको छानबिन गरी दोषी उपर कारबाहीको माग गरेको थियो । उद्योग

वाणिज्य संघ- चितवनका अधयक्ष चुननारायण श्रेष्ठ नेतृत्वको व्यवसायीहरूको टोलीले प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई ज्ञापनपत्र हस्तान्तरण गर्दै सो माग गरेको थियो। व्यवसायी कँडेलले आत्महत्या गर्नुको कारण खुलाएर आफूलाई आत्महत्या गर्नका लागि बाध्य पार्ने व्याक्तिहरूको नामसमेत किटान गरी मृत्युवरण गरेको जानकारी प्राप्त भएको बताउँदै संघले २०८० वैशाख २० गते एक प्रेस विज्ञप्ति जारी गरी उक्त परिस्थिति सृजना गर्नेप्रति खेद प्रकट गर्दै सुसाइड नोटमा उल्लेख गरिएका व्यक्तिहरूको बारेमा सत्य तथ्य पत्ता लगाई वैज्ञानिक तवरले अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याएर यथासिघ्र कारवाही गर्नको लागि सम्बन्धित निकायसँग माग गरेको थियो। यही वैशाख १९ गते साँझ उद्योग वाणिज्य संघ चितवनका पूर्व कार्यसमिति सदस्य, चितवन जिल्लाका अग्रणी युवा उद्यमी शंकर कँडेलको असामयिक तथा अप्रत्यासित निधनको खबरले उद्योग वाणिज्य संघ चितवन र सिङ्गो निजी क्षेत्र स्तब्ध र मर्माहत भएको विज्ञप्तिमा जनाउँदै दुःखको घडिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन, बन्धुबान्धव, इस्टमित्र र शुभेच्छुकमा हार्दिक समवेदना व्यक्त गरिएको थियो। उहाँको निधनले चितवन जिल्लाको मात्र नभएर राज्यले एक उर्जावान उद्यमी एवम् सामाजिक अभियन्तामात्र गुमाएन, आर्थिक क्षेत्रका एक नक्षेत्र समेत गुमाएको विज्ञप्तिमा उल्लेख गरिएको थियो। देशमा व्याप्त आर्थिक मन्दी, वित्तीय संकट र बैंक तथा वित्तीय संस्थाहरूबाट चर्को बैंक ब्याज असुली र कर्जा भुक्तानको लागि उद्यमी व्यवसायीहरूलाई दिइने मानसिक तनावका कारण कैयन उद्यमी व्यवसायीहरू हतोत्साहित भई विस्थापित हुनपुगेका छन्। नेपाल सरकारका विभिन्न निकायमा दर्ता गरी जस्तो सुकै विषम परिस्थितिमा पनि संयमित भई राज्यलाई कर तिर्दै राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपुर्ण योगदान पुर्‍याउँदै आएको निजी क्षेत्रलाई सरकारको तर्फबाट कुनै किसिमको सहयोग नहुनु दुर्भाग्यपूर्ण रहेको संघले महसुस गरेको विज्ञप्तीमा उल्लेख गरिएको थियो। व्यवसायी कँडेलको आत्महत्याको घटना पनि यस किसिमको जटिल परिस्थितिमा राज्य संयन्त्रको निरिहपनको दुस्परिणाम समेत भएको संघको ठम्याइ रहेको विज्ञप्तीमा भनिएको थियो। २०७९ माघ महिनामा व्यवसायी प्रेमप्रसाद आचार्यको देहत्याग र तत्पश्चात् नेपालका विभिन्न स्थानमा व्यवसायीहरूले आत्महत्या गरेका घटनाबाट न त सम्बन्धित निकायले सुधारका कार्य गर्‍यो नत कुनै विशेष कार्यक्रम ल्याउन सक्यो, विज्ञप्तिमा भनिएको थियो। यदि अझैपनि सम्बन्धित पक्ष सहज भई व्यसायीका पक्षमा कुनै ठोस कार्यक्रम नल्याउने हो भने यस किसिमका अप्रिय घटनाबाट निजी क्षेत्र झन निरूत्साहित हुने देखिन्छ। वर्तमान परिस्थितिमा उद्यमी व्यवसायीहरू कतिपनि विचलित नभई आपसी करोबार सौहार्द्रपूर्ण तवरले गर्नुकासाथै विद्यमान संकटको घडिमा धैर्यतापूर्वक र सुझबुझकासाथ आर्थिक गतिविधि सञ्चालन गर्न सम्पूर्ण उद्यमी व्यवसायीहरूलाई संघले अपिल गरेको थियो।

## विश्वविद्यालय तथा कलेजका विद्यार्थीलाई उद्यमशील बनाउन संघको जोड

उद्योग वाणिज्य संघ-चितवनको सभालमा मिति २०८० जेठ २ गते एक दिने उद्यमशीलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भूमिका विषयक कार्यशाला सम्पन्न भएको थियो। अध्ययनरत विद्यार्थीहरूलाई कसरी स्वरोजगार बनाउन सकिन्छ र शैक्षिक प्रणालीमा के सुधार गरियो भने स्वरोजगार तिर आर्कषित हुन्छन् भन्ने विषयहरूको जानकारी लिन यस कार्यक्रमको आयोजना गरिएको थियो। मैयादेवी कन्या कलेजको आयोजना, उद्योग वाणिज्य संघ-चितवनको सह-आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उद्यमशीलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भूमिका विषयक कार्यशालामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि मैयादेवी कन्या कलेजका संरक्षक प्रेमकुमार श्रेष्ठले हातमा सर्टिफिकेट भएर मात्र व्यक्ति रोजगारीका लागि उपयुक्त नहुने भन्दै आवश्यकता अनुसारको शिक्षा र अनुभवको खाँचो रहेको बताउनुभएको थियो। उहाँले निजी क्षेत्र र शैक्षिक संस्थाहरू मिलेर उद्यमशिलता विकाशका कार्यक्रमहरू अगाडी बढाउनु पर्ने बताउनुभएको थियो। यसै कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले निजी क्षेत्र र शैक्षिक संस्थाहरू बिचको ज्ञान साझेदार गरेर चितवन जिल्लाको आर्थिक, सामाजिक, क्षेत्रको विकासको साथसाथै

कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रको विकासका लागि के गर्न सकिन्छ भन्ने तथ्याङ्क उपलब्ध गराउन यस्ता कार्यक्रमले सहयोग पुग्ने र उद्योग र शैक्षिक संस्थाहरू बिच एक आपसमा आवश्यकता र समस्याहरूबारे समाधान खोज्न यस कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनुभएको थियो। कार्यक्रममा बोल्दै मैयादेवी कन्या कलेजका प्रधानाध्यापक भोजराज न्यौपानेले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने शैक्षिक जनशक्ति उत्पादन गर्न आवश्यक रहेको बताउनुभएको थियो । कार्यक्रलममा बोल्दै भुवानीशंकर कलेजका पूर्व प्रधानाध्यापक बालकुमार श्रेष्ठले अहिलेका युवाहरू भविष्यको खोजी गर्दै बढ्दो विदेश पलायनले भईरहेको अवस्थामा यस्ता कार्यक्रमले नेपालमै उद्यमशीलता र रोजगारीलाई जोड्ने बताउनुभएको थियो। कार्यशालामा ४ वटा शिर्षकमा स्रोत व्यक्तिहरूले प्रस्तुतीकरण गर्नुभएको थियो। व्यापार, व्यवसाय र उद्यमशीलताका विषयमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो । पर्यटन र उद्यमशिलताका विषयमा उद्योग वाणिज्य संघ-चितवनका विशिष्ट सदस्य एवं पर्यटन विज्ञ डा. विश्वराज सुवेदी प्रस्तुतीकरण गर्नुभएको थियो । कृषि र उद्यमशिलताका विषयमा डा. सुनिल पोखेलले प्रस्तुतीकरण गर्नुभएका थियो। सोही कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले उद्यमशिलता व्यवस्थापनका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओली, सहिद स्मारक कलेजका प्रधानाध्यापक बसन्तकुमार पौडेल, अरुणोदय कलेजका प्रधानाध्यापक कुमार रावत, उमाबडी कलेजका प्रधानाध्यापक सुर्यनारायण महतो, हरिकुमार स्मारक कलेजका प्रधानाध्यापक नविन न्यौपाने, उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरू, मैयादेवी कन्या कलेजका सहायक प्रधानाध्यापक, विभिन्न कलेजका प्राध्यापक, कर्मचारी , उद्योगी, व्यापारी र विभिन्न कलेजका विद्यार्थीहरू गरी १०० जनाको सहभागीता रहेको उक्त कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## विश्व बैंक र चितवनका उद्यमी बिच अन्तरक्रिया कार्यक्रम

उद्योग वाणिज्य संघ चितवन, नेपाल उद्योग वाणिज्य महासंघ र विश्व बैंक अन्तरगतको अन्तरराष्ट्रिय वित्त निगम बिच मिति २०८० जेठ १४ गते १ दिने अन्तरक्रिया कार्यक्रम होटल सिराईचुलिमा सम्पन्न भएको थियो । चिवतन जिल्लाका व्यवसायीको वर्तमान अवस्था चितवन जिल्लामा लगानीको सम्भावित क्षेत्रको पहिचान र लगानी प्रक्रियाको बारेमा व्यवसायीलाई जानकारी गराउने उद्देश्यले अन्तरक्रियका कार्यक्रमको आयोजना गरिएको थियो । अन्तरक्रियका कार्यक्रममा प्रस्तुतीकरण दिँदै संघका अध्यक्ष चुननारायण श्रेष्ठले चितवन जिल्ला विविधताको जिल्ला भएको र आर्थिक गतिविधिका हिसावले लगानी मैत्री रहेको बताउँदै चितवनमा लगानी भित्र्याउन आवश्यक रहेको बताउनु भयो। उहाँले कुल ग्राहस्थ उत्पादनमा ८५ प्रतिशत भन्दा पनि बढी योगदान दिएको निजी क्षेत्रलाई राज्यस्तरबाट उपलब्ध हुन सक्ने राहतका कार्यक्रम र लगानी मैत्री वातावरण सिर्जना हुन नसकेको बताउनु भयो। अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको समग्र औद्योगिक स्थिति र सम्भावित लगानीको बारेमा प्रस्तुती दिनु भएको थियो। कार्यक्रममा अन्तरराष्ट्रिय वित्त निगमका नेपालका लागि आवासीय प्रमुख बाबाकार एस फाएले विभिन्न विकाससिल राष्ट्रहरूमा लगानी गर्ने सन्दर्भमा नेपालको औद्योगिक एवम् व्यवसायिक विकासमा योगदान पुऱ्याउन यस कार्यक्रमले सहयोग पुऱ्याउने बताउनु भयो। सोही कार्यक्रममा बोल्दै उवासंघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओलीले वर्तमान जटिल परिस्थितिमा उद्यमी व्यवसायीहरूलाई राहत पुग्ने तवरले औद्योगिक विकासमा समेत योगदान पुऱ्याउँदै लगानी गर्नुपर्ने बताउनु भयो। उहाँले निजी क्षेत्रको तर्फबाट उद्योग वाणिज्य संघ- चितवन सदैव यस क्षेत्रको विकासमा सहकार्य गर्न तत्पर रहेको बताउनु भयो। अन्तरराष्ट्रिय वित्त निगमको तर्फबाट भिष्म पण्डित, दिवस ढकाल, अश्विन नेपाल र रविकान्त अग्रवालले प्रस्तुती दिँदै सहभागिको जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो । वित्त निगमले चितवन जिल्लाको पर्यटन पूर्वाधार, कृषि उद्यम, दिगो पूर्वाधार विकास र उद्यमशीलताका क्षेत्रमा लगानी गर्दै आएकोले चितवनमा

पनि सो को सम्भावनाको लागि अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। अन्तरक्रिया कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्य, क्षेत्रिय उवासंघका अध्यक्ष, कृषि र पर्यटन क्षेत्रका विज्ञ, कार्यकारी निर्देशक विभिन्न वस्तुगत संघका अध्यक्ष लगायत ७० जना व्यवसायीहरूको सहभागिता थियो।

### तनाव व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवं नाट फ्रेस हेल्थ केयर प्रा.लि.को सहकार्यमा संघको सभाहलमा २०८० जेष्ठ १६ गते तनाव व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो। व्यवसायीलाई दैनिक रुपमा हुन तनावलाई व्यवस्थित गरी सहज बनाई व्यवसाय गर्न प्रेरित गर्ने उद्देश्यले तनाव व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले आर्थिक, सामाजिक एवं राजनैतिक तथा अन्य कामहरूले जोखिमका सृजना गरिरहेको हुन्छ र जोखिमले तनाव उत्पन्न बनाउने बताउँदै उहाँले व्यवसायीहरू समय व्यवस्थापन एवं आर्थिक व्यवस्थापन गर्नका लागि नै बढी तनावमा हुने भएकाले व्यवसायीहरूलाई तनाव व्यवस्थापन गर्ने तरिकाका बारेमा जानकारी गराउने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको भएको थियो। कार्यक्रममा प्रशिक्षक नाट फ्रेस हेल्थ केयर प्रा. लि. का डा. संग्राम सिँहले योग चिकित्सा, प्राकृतिक चिकित्सा, आहार चिकित्सा तथा जडिवुटी चिकित्साका बारेमा जानकारी गराउँदै उहाँले तनाव व्यवस्थापनका तरिकाका बारेमा जानकारीहरू गराउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति, कर्मचारीका साथै वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

### अर्थिक विधेयकमा कर सम्बन्धी व्यवस्थाका बारेमा अन्तरक्रिया

संघमा आवद्ध सदस्य एवं उद्यमी व्यवसायीलाई आर्थिक विधेक मार्फत कर सँग सम्बन्धित दिएका छुट र व्यवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। संघको सभाहलमा २०८० जेष्ठ २५ गते आर्थिक विधेयक २०८० ले प्रदान गरेको कर छुट सहुलियत एवं विद्यमान कर व्यवस्थामा भएका परिवर्तन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो। अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवं आन्तरिक राजश्व कार्यालय भरतपुरको समन्वयमा भएको थियो। कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेटले आलु, प्याज, गेडागुडी तथा फलफुल तरकारी लगायतका सर्वसाधरण जनताले दैनिक उपभोग गर्ने कर छुटका वस्तुहरूलाई हाल सरकारले मू.अ. कर लगाएकोमा त्यस्तो निर्णय कार्यान्वयन नगर्न सरकारलाई आग्रह गर्नुभएको थियो। यस अगावैका वर्षहरूमा मुअकर छुट भएका वस्तुमा यस वर्ष कर थप्ने र थप ३४० वस्तु तथा सेवामा अन्त:शुल्क लाग्ने प्रावधान वर्तमान परिस्थिति अनुकुल नभएको बताउनुभएको थियो। कार्यक्रममा स्रोत व्यक्ति एवं आन्तरिक राजश्व कार्यालयका कर अधिकृत विष्णु राउत र हरिराम ढकालले व्यवसायीहरूलाई आर्थिक विधेयक २०८० ले प्रदान गरेको कर छुट सहुलियत एवं विद्यमान कर व्यवस्थामा भएका परिवर्तनका बारेमा जानकारी गराउनुभएको थियो। उहाँहरूले व्यवसायीहरूका गुनासाहरू सम्बोधन गर्दै करका नियमहरूका बारेमा पनि जानकारी गराउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका द्वितीय उपाध्यक्ष राजेन्द्र ओलीले कुल ग्राहस्थ उत्पादन र रोजगारी सिर्जनामा ८० प्रतिशत भन्दा बढी योगदान पुऱ्याउने निजी क्षेत्रले बजेट तयार हुनुपूर्व दिएका सुझावलाई राज्यले सम्बोधन नगर्नु दु:खद भएको बताउनुभएको थियो। कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै उपाध्यक्ष ओलीले उवासंघ चितवन सदैव व्यवसायीको हितमा रहेको बताउनुहुँदै कार्यक्रमले व्यवसायीलाई करका वर्तमान अवस्थाको वारेमा जानकारी गराएको अपेक्षा व्यक्त गर्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष डा. तिलचन्द्र भट्टराई, मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मी लगाएतले मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्यहरू, संघका कार्यकारी निर्देशक, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत १०० जना भन्दा

बढी व्यवसायीहरूको उपस्थिति रहेको कार्यक्रम संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षतामा सम्पन्न भएको थियो । साथै कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## बजेट सम्बन्धी समीक्षात्मक छलफल एवं अन्तरक्रिया

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा २०८० जेष्ठ २८ गते आर्थिक वर्ष २०८०/०८१ को बजेट सम्बन्धी समीक्षात्मक छलफल एवं अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा सम्पन्न भएको थियो । कार्यक्रम सरकारले ल्याएको आर्थिक नीति तथा बजेटमा के छ, के हुनुपर्ने थियो र त्यसमा व्यवसायीहरूको सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले आर्थिक वर्ष २०८०/०८१ को बजेटमा करका दरहरूलाई हेरफेर गरी कसरी राजश्व बढाउने भन्ने विषयमा मात्रै केन्द्रित रहेको बताउँदै यो बजेटले उत्पादन बृद्धि गरी आर्थिक वृद्धि गर्ने सम्भावना नरहेको बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवं प्रस्तोता डा. तिलचन्द्र भट्टराईले बजेटले व्यवसायिक क्षेत्रमा पार्ने प्रभाव, वर्तमान व्यावसायिक समस्या, बजेटका राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरूका साथै आर्थिक क्षेत्रमा पर्न सक्ने प्रभावहरूका बारेमा जानकारी गराउनुभएका थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको पूर्व विशिष्ट सदस्य एवं प्रस्तोता डा. कपिलदेव सुवेदीले सङ्घीय बजेटको समिक्षा गर्दै नेपालको आर्थिक विकासमा सीमित रोजगारी र यूवा शक्ती पलायनले चुनौती थपेको बताउँदै बजेटका सकरात्मक र नकरात्मक पक्षका बारेमा पनि जानकारी गराउनुभएको थियो । कार्यक्रमका प्रस्तोता वीरेन्द्र बहुमुखी क्याम्पसका सहप्राध्यापक सूर्यनारायण पौडेलले बजेटको परिभाषा र इतिहासका बारेमा जानकारी गराउँदै बजेटमा समावेश भएका मूख्य योजना तथा कार्यान्वयन प्रक्रियाका बारेमा बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका कार्यसमिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत ७० जनाको उपस्थिति रहेको थियो । संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमलाई संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो । छलफल कार्यक्रमबाट प्राप्त सुझावलाई संघले नेपाल उद्योग वाणिज्य महासंघ र अर्थमन्त्रालयलाई पठाएको थियो साथै संघले बजेट आउनु पूर्वनै सुझाव पठाएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनद्वारा स्व. सीता दाहालप्रति श्रद्धाञ्जली अर्पण

मिति २०८० असार ३१ गते प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर संघका अध्यक्ष चुननारायण श्रेष्ठले सम्माननीय प्रधानमन्त्रीज्यूलाई समवेदना पत्र हस्तान्तरण गर्नुभएको थियो । उक्त समवेदना पत्रमा नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूकी धर्मपत्नी एवम् भरतपुर महानगरपालिकाकी नगरप्रमुख रेनु दाहालज्यू तथा गंगा दाहालज्यूकी ममतामयी माता सीता दाहालको ६९ वर्षको उमेरमा भएको निधनले उद्योग वाणिज्य संघ-चितवन परिवारलाई स्तब्ध बनाएको उल्लेख गरिएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूको सहयोद्धाका रुपमा रही हरेक सुख दुःखमा साथ दिँदै आउनुभएकी दिवंगत सीता दाहालको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरिएको थियो । राज्यले एक सामाजिक, शिक्षाप्रेमी, राष्ट्रप्रेमी, विकासप्रेमी, प्रेरणाकी स्रोत, धैर्यताकी प्रतिमूर्ति एवम् मृदुभाषी अभिभावक गुमाएको उद्योग वाणिज्य संघ-चितवनले महशुस गरेको उल्लेख गर्दै शोकको घडीमा दिवङ्गत आत्माको चिरशान्ति र सायुज्य प्राप्तिको लागि कामना गर्दै संघको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो । साथै, शोक सन्तप्त परिवारजन तथा बन्धु बान्धवमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने कामना सहित समवेदना प्रकट गरिएको थियो । प्रधानमन्त्री निवास बालुटारमा गरिएको श्रद्धाञ्जली अर्पण कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी र कार्यसमिति सदस्य राजन पियाको उपस्थिति रहेको थियो ।

## विक्रयकला सम्बन्धी तालिम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा मिति

२०८० असार १८ गते उद्योग वाणिज्य संघ-चितवन र अधिकृत व्यवसायी संघ-चितवनको संयुक्त आयोजनामा एक दिवसीय विक्रयकला सम्बन्धी तालिम सम्पन्न भएको थियो । अधिकृत व्यवसायीहरूका व्यवसायमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी गरिएको यस तालिमले व्यवसाय प्रवर्द्धनका साथसाथै बजारीकरणको अवस्था र वस्तु विक्री गर्ने कला सम्बन्धी जानकारी गराउने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले विक्री बढेमा आम्दानी बढ्ने र विक्री घटेमा आम्दानी घट्ने हुनाले व्यवसायको मेरुदण्ड भनेकै वस्तु तथा सेवा विक्री भएको बताउनुभएको थियो । अध्यक्ष श्रेष्ठले अहिलेको बजारमा विश्वव्यापीकरणले ल्याएको परिर्वतनमा परिवर्तित हुँदै विक्रेताहरूलाई वस्तु विक्री गर्ने कला सम्बन्धी जानकारी दिने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो । अध्यक्ष श्रेष्ठले बजारमा जसको व्यवसायमा नेटवर्क बढी हुन्छ उसको विक्री पनि बढी हुने कुरा बताउँदै उहाँले नेटवर्क बढाउन व्यवसायलाई सूचना प्रविधिसँग जोड्नुपर्ने साथै विक्री बढाउनका लागि क्रेता सन्तुष्ट गराउनुपर्ने बताउनुभएको थियो। कार्यक्रममा नेपाल वितरक महासंघका उपाध्यक्ष दुर्गाप्रसाद गौतमले तालिमबाट सिकेको कुरालाई राम्रोसँग प्रयोगमा ल्याउन सके सेल्स मेनबाट सेल्स अफिसर बन्न सकिने बताउनुभएको थियो । कार्यक्रमका प्रमुख मध्यस्तकर्ता बालकुमारी कलेजका उप-प्राध्यापक पदमराज सापकोटाले कार्यक्रममा प्रस्तुतीकरण दिँदै विक्रयकलाको सिद्धान्त, सेल्समेनले जान्नुपर्ने कुराहरू, सेल्समेनका हुनुपर्ने गुण, व्यापारमा मार्केटिङको आवश्यकता, ग्राहक सन्तुष्टि किन आवश्यक छ भन्ने कुराका साथसाथै विश्वबजारमा विक्रयकला सम्बन्धी विभिन्न उदारणहरू समेत दिनुभएको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै अधिकृत व्यवसायी संघ-चितवनका अध्यक्ष नारायण प्रधानले तालिममा सहभागी व्यवसायी एवं कर्मचारीहरूलाई व्यावसायिक एवं कार्यकुशलता विकासको शुभकाना दिनुभएको थियो । अधिकृत व्यवसायी संघका कार्यक्रम संयोजक निर्मल ढकालको संयोजकत्वमा विक्रयकला तालिम भएको थियो । तालिममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, सिरिष पन्त कार्यकारी निर्देशक निलबहादुर के.सी, कार्यसमिति सदस्य रजनी मास्के, दिपा शाही, विज्ञानलाल श्रेष्ठ, अधिकृत व्यवसायी संघका निवर्तमान अध्यक्ष रवि श्रेष्ठ, अधिकृत व्यवसायी संघका पदाधिकारी, कार्यसमिति लगायत अधिकृत व्यवसायी र व्यवसायीका कर्मचारी सहित १०० जना भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो भने उक्त कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## शेयर सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्मन्न

२०८० असार २१ गते उद्योग वाणिज्य संघ-चितवन र नारायणगढ लेडी जेसीजको आयोजना एवं सनी सेक्यूरिटिज कम्पनी लि.को सह-आयोजनामा संघको सभाहलमा शेयर सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। उद्योगी व्यवसायी एवं गृहिणी महिलारुलाई शेयर बजार सम्बन्धी जानकारी गराउने उद्देश्यले यस कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि उत्तमलाल चुकेले नेपालको शेयर बजार सरकारमा रहेका कुनै व्यक्तीले केही अभिव्यक्ती दिँदैमा बजार उतारचढाव भइरहने भएकाले शेयर बजारमा लागानी गर्दा समयमा नै विचार पुऱ्याएर लगानी गर्न लगानी कर्तालाई सुझाव दिनुभएको थियो । सोही कार्यक्रमा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले शेयर बजारको ज्ञान नलिइकन लागानी गर्दा लगानी डुब्ने खतरा भएकाले आफूले लगानी गर्न चाहेको कम्पनीको बारेमा अध्ययन गरेर मात्र लगानी गर्ने वा नगर्ने निर्णय लिनुपर्ने बताउनुभएको थियो। कार्यक्रमका प्रमुख मध्यस्थकर्ता सुभाषचन्द्र भट्टराईले प्रस्तुतीकरण दिँदै शेयर बजारका तत्वहरू, नेपाल स्टक एक्सचेञ्जको इतिहास, शेयर बजारको पृष्ठभूमी, शेयर बजारमा लगानी गर्ने तरिका लगायत शेयर बजारमा सफलता हुने तरीकाहरूका बारेमा बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान

अध्यक्ष राजु श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली र सिरिष पन्त, उद्योग वाणिरज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, सनी सेक्यूरिटिज कम्पनी लि. नारायणगढ शाखाका प्रमुख उज्ज्वल पौडेल, नारायणगढ लेडी जेसीजका पूर्व अध्यक्ष तथा पदाधिकारीहरू र कार्यसमिति विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, नारायणगढ जेसीजका पदाधिकारी कार्यसमिति लगायत व्यवसायीहरू गरी १५० जना भन्दा बढीको सहभागिता रहेको थियो। नारायणगढ लेडी जेसीजको अध्यक्ष सुस्मीता श्रेष्ठले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको उक्त कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम नारायणगढ लेडी जेसीजका महासचिव गौरी गुरुङले सञ्चालन गर्नुभएको थियो।

## संघको सदस्यलाई पुरानो मेडिकल कलेजमा छुटको व्यवस्था

उद्योग वाणिज्य संघ-चितवनका सदस्य उद्योगी व्यवसायीलाई कलेज अफ मेडिकल साईन्स टिचिङ हस्पिटल भरतपुर (पुरानो मेडिकल कलेज) ले स्वास्थ्य सेवामा सहुलियत दिने भएको छ। उद्योग वाणिज्य संघ-चितवन र हस्पिटल बिच २०८० श्रावण १ गते सोमबार छुट दिने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको थियो। उद्योग वाणिज्य संघ-चितवनले संघको संस्थागत उत्तरदायित्व अर्न्तगत रहेर संघमा आवद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरिएको हो। सम्झौता पत्रमा हस्ताक्षर गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले आफ्ना सदस्यलाई दिने सेवा सुविधा बृद्धि गर्नको लागि संघ प्रयत्नशिल रहेको बताउँदै स्वास्थ्य सेवामा सहुलियत उपलब्ध गराउने कलेज अफ मेडिकल साईन्स टिचिङ हस्पिटल भरतपुरलाई आभार व्यक्त गर्नुभएको थियो। कार्यक्रममा कलेज अफ मेडिकल साईन्स टिचिङ हस्पिटल भरतपुरका निर्देशक मनोहर प्रधानले उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यलाई सेवा सुविधा दिन पाउँदा खुसी लागेको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका छुट उपलब्ध गराउँदै लैजाने बताउनुभएको थियो। सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यहरूले संघबाट उपलब्ध सदस्यता परिचयपत्र देखाउनु पर्नेछ र संघको सदस्यता नवीकरण भएको हुनुपर्ने छ। सदस्यहरूले ओ.पि.डि. सेवामा २५ प्रतिशत, आई.पि.डी. सेवामा १५ प्रतिशत, रेडियोलोजी सेवामा १० प्रतिशत र फार्मेसीमा ५ प्रतिशत छुट पाउने सम्झौतामा उल्लेख गरिएको छ। साथै सदस्य व्यवसायीका परिवारका अन्य सदस्यहरूले समेत सो सुविधा प्राप्त गर्ने कलेज अफ मेडिकल साईन्स टिचिङ हस्पिटल भरतपुरका निर्देशक मनोहर प्रधानले बताउनु भयो। सम्झौता पत्रमा संघका अध्यक्ष चुननारायण श्रेष्ठ र कलेज अफ मेडिकल साईन्स टिचिङ हस्पिटल भरतपुरका निर्देशक मनोहर प्रधानले हस्ताक्षर गर्नुभएको थियो। सम्झौता हस्ताक्षर कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, कार्यसमिति सदस्य नारायण प्रधान, लिलबहादुर क्षेत्री, कार्यकारी निर्देशक निलबहादुर केसी, कलेज अफ मेडिकल साईन्स टिचिङ हस्पिटल भरतपुरका दुर्गाप्रसाद न्यौपानेको उपस्थिति रहेको थियो। साथै यस अघिदेखि नै संघमा आवद्ध सदस्यहरूले नारायणी सामुदायिक हस्पिटल र चितवन मेडिकल कलेजमा पनि छुट सुविधा पाईरहेका छन।

## नाप तौल गर्ने यन्त्रहरूको जाँच पास तथा नवीकरण

